मानवका लागि मानवअधिकार, मानवअधिकारका लागि उपयुक्त संस्कृति

साउन-भदौ, ०५१ वर्ष ३, अंक १, पूर्णाङ्क १५

ग्राफी

संचेतना द्वैमासिक

मानवअधिकार वर्ष
पुस्तकले देखेको नेपाल





फोटोः सन्तोष पोखेल/नरेश श्रेष्ठ

निर्वाचित सरकारको अलोकप्रिय यात्रा

मानवका लागि मानवअधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति



वर्ष ३, अंक १, साउन-भदौ, ०५१/ अगष्ट १९९४

संस्थापक : सुशील-प्रकाश

सम्पादक : कुन्दन अर्याल
कला : रविन साय्मि
टाइप सेटिंग : किरण माली/जगदीश दाहाल
पत्राचार : पो.ब.नं. १९२४ काठमाडौं

अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक) द्वारा प्रकाशित
मुद्रक : इन्द्रेणी अफसेट, बागबजार

यस पटक

सम्पादकीय	:	जननिर्वाचित व्यक्तिको घात	३
राष्ट्रिय परिवेश	:	जननिर्वाचित सरकारको ...	७
आजको मुद्दा	:	प्रतिनिधि सभा विघटन र हाम्रो...	५
सतहमा देखिएको कुरा	:	जुठो पुरो एउटालाई डाडु...	१६
सीमानापारी	:	भूटानी जनआन्दोलनका...	२२
उल्लेख्य	:	मानवअधिकार वर्ष पुस्तकले...	२१
धारणा	:	विद्युतीय युग र मानवता	२४
अभियान	:	प्रकाश काफ्ले : स्मृति सन्दर्भ	२६
प्रतिध्वनी			२
कृपया क्षमा गर्नोस	:	गुलेलीबाट गोली चल्दैन	३२

... र पृष्ठ ४ मा हरिगोविन्द लुइँटेलको कविता तथा पृष्ठ १८ मा खगेन्द्र संग्रौलाको कथा

प्रतिनिधि सभामा मतदान हुँदा पराजित हुनु भएका र अल्पमतमा परिसक्नु भएका कोइरालालाई पदमा बस्ने अधिकार छैन।

नेपाली कांग्रेसका महामन्त्री, महेन्द्रनारायण निधि
कान्तिपुर ०५१ असार ३१ गते

अझै समय वितेको छैन। राजाले स्थिति सम्हाल्न चाहेमा सम्हालिन सक्छ। होइन भने देशमा ठूलो उथलपुथल आउनेछ। त्यस्तो उथलपुथलमा को कहाँ पुग्छ कसैले भन्न सक्तैन।

नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंह
दृष्टि ०५१ असार २९ गते

"यस सम्बन्धमा सर्वोच्च अदालतसंग राय मागिएन। व्यक्तिगत रूपमा मसंग सल्लाह मागिए पनि मेरो सल्लाहले प्रतिनिधि सभा विघटन भएको होइन।"

सम्माननीय प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय
प्रकाश ०५१ साउन ३ गते

हामीले सडकमा गएर सर्वोच्च अदालतले प्रतिनिधि सभाको पुनर्स्थापना गर्नैपर्छ भनेका छैनौ। अदालतलाई दवाव दिने प्रश्न उठ्दैन पनि। यो आन्दोलन मुद्दा दर्ता भएपछि शुरू भएको होइन। अदालतले आफ्नो काम गरिरहन्छ, पार्टीहरू पनि आफ्ना प्रकारले अघि बढिरहन्छन्।

नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल
विमर्श, ०५१ साउन २८ गते

श्रीमान् सम्पादकज्यू,

कुरो उत्पीडित जनजातिको हो। नेपालको ०.०३ प्रतिशत भूभाग ओगटेको सिन्धुपाल्चोकको फुलपिङकोटमा त्यहाँको जनसंख्या ४५०० मा १०.२३ प्रतिशत उत्पीडित जातिको बसोवास छ। जसमा कामी ३.४, दमाई ३.४१, सार्की ३.४१ प्रतिशत छन्। उत्पीडित जातिको दोस्रो स्थानमा माझीहरू पर्न आउँछन्। २.२८ प्रतिशत माझीहरू समेत गरी १२.५ प्रतिशत उत्पीडित जातिको बसोबास रही आएको फुलपिङकोटमा किन हो उनीहरूलाई सौतेनी आमाको व्यवहार गरिन्छ।

फुलपिङकोटका उत्पीडित जनजातिहरू समाजका शुद्ध जाति भनेर चिनाइएका ब्राम्हण, क्षेत्री, तामाङ आदि जातिबाट दलित छन्। यिनीहरूलाई समाजमा पानी नचल्ने भनी तिरस्कार गरिएको छ। दमाई, कामी, सार्कीले ब्राम्हण, क्षेत्री, तामाङ आदिको घरभित्र पस्न नहुने, मेला पर्वमा टाढा बस्नु पर्ने हुन्छ। छुवाछूतको भेदभाव यद्यपि विकराल रूपमै छ। धारा पँधेरामा, भोजभतेरमा उत्पीडित जातिलाई पर सारिन्छ। कामीलाई "ड्याङ्ग्रा", दमाईलाई "डुमे" सार्कीलाई "च्यामे" को शब्दले गाली गरिन्छ।

फुलपिङकोटको उत्पीडित जातिको आ-आफ्नै पेशा छ। दमाईहरू बिहे वा अन्य उत्सव कार्यमा बाजागाजा बजाउँछन्। उनीहरू जीवन निर्वाहका लागि समाजका अरू जातिको घरमा गएर लुगा टाल्ने, सिउने काम गरी वर्ष दिनमा तोकिए बमोजिम ज्याला लिने गर्छन्। कामीहरू भाँडाकुँडा बनाउने, ब्राम्हण जातिको हली लाग्ने आदि काम गर्छन्। यिनीहरू पनि भाँडाकुँडा बनाए बापत बिष्ट (उत्पीडित जातिले ब्राम्हण क्षेत्रीलाई भन्ने सम्मानित शब्द) हरूसित वाली लिने गर्छन्। सार्कीहरू केही अघिसम्म जुत्ता सिउने काम गर्थे। यो चलन अहिले हराएको छ। सार्कीहरूको स्थिति अझ दयनीय छ। यिनीहरू बाहिर गई ज्याला मजदूरी गरी आ-आफ्ना जहान बच्चालाई पाल्ने गर्छन्।

फुलपिङकोटका उत्पीडित जनजातिमा अन्धविश्वास पूर्ण छ। अध्यात्मिक हिन्दू दर्शनले यिनीहरूलाई अगाडि बढ्न दिएको छैन। उनीहरूका लागि अझसम्म प्रजातन्त्र पनि आएको छैन। समाजमा पानी चल्ने जात भए पनि माझी जाति उत्पीडित जातिको दोस्रो स्थानमा पर्दछ। यिनीहरूको आर्थिक स्थिति अति नाजुक छ। माझीहरू निमेक गर्ने, ज्यालामजदूरी गर्ने, माछा मार्ने काम गर्दै आएका छन्।

चन्द्रप्रसाद न्यौपाने
फुलपिङकोट, सिन्धुपाल्चोक।

श्री क्यै गल्ती नभै पक्राउ म परें, झुठ्ठा अभियोगमा
निर्ममतासंग चुट्न आदेश दिए, प्रहरी हाकिमले जाहाँ
लठ्ठी, बुट र घुस्सा बेस्कन दिंदा, थाम्न बहुत गाह्रो भो
मर्ने छाँट भयो, बेहोस् पनि भएँ, झुठ्ठै बयान लेखियो

णीकां शब्द कुनै थिएन उ बस्वत, दस्तखत नै गराइयो
ढुंगामा कुँदेको अक्षर सरी, पक्का मिसिल भैगयो
गेस् गर्छन् सबले मलाई त असल, कस्तो आरोप लाइयो
लङ्कामा सीताको गर्भ रहे झैं, झुठ्ठै आरोप लाइयो

उभो खुट्टा गरी झुण्ड्याई चुट्दा, घाँटी सुकेरै गयो
पानी प्यास हुँदा दिएनन् जल नै, यो प्राण झण्डै गयो
ध्यानी भैकन ध्यान गर्दछन् पिताजीले, सुन्दा कति दर्द भो
यस्तै प्रहरी अनुसन्धानमा घेर फसे, बाँच्नै बहुत गाह्रो भो।

निलमणि ढुंगेल, थुनुवा
हालः चौतारा कारागार
(प्र.अ., श्रीसातकन्यामति प्रा.वि., गुन्सा, सिन्धुपाल्चोक)

मानवअधिकारको रक्षा गर्न जीवनका संघर्षपूर्ण गोरेटाहरूमा हिमाल झैं स्वच्छ हृदय बोकी, पहाड झैं निश्चल र विशाल आँट लिई जन स्पन्दन छाम्दै विश्व मानव समुदायको हित र उन्नतिको लागि कष्टपूर्ण समयहरूसंग संघर्ष गर्दै आउनु भएका श्रद्धेय स्व. प्रकाश काफ्लेले शुरू गर्नु भएको "प्राची" साहित्यिक संकलनलाई पुनः ब्युँझाई जनतामाझ उपलब्ध गराउन सफल हुनु भएकोमा सम्पादक मण्डललाई हार्दिक बधाई दिन चाहन्छु।

मानवहितको लागि संघर्षरत स्व.काफ्ले जस्ता सपूतहरूको योगदान र मानवअधिकार सम्बन्धी विविध जानकारी पाठक वर्गमा उपलब्ध भएमा जनतामा चेतना र मानवअधिकार सम्बन्धी ज्ञान अवश्य बढ्ने छ। "प्राची" नियमित होस्। यही मेरो शुभकामना।

प्रल्हाद गाउँले
गोपेटार-१, पाँचथर

जननिर्वाचित व्यक्तिको घात

धेरै धेरै र धेरैचोटी भनिएको छ - "मानवअधिकार र प्रजातन्त्र एकै सिक्काका दुई पाटा हुन्।" आज पनि भनिंदैछ - "मानवअधिकार र प्रजातन्त्र एउटै रथका दुई पांग्रा हुन्।" यस्तो कुरा पछि पछिसम्म भनिनेछ। र सधैं सधैं भनिनेछ। प्रतिनिधि सभाको विघटन प्रजातन्त्रमाथिको खेलाँची थियो। र त्यसैले आज नेपालमा मानवअधिकारमाथि पनि ठूलो प्रहार भएको छ।

प्रतिनिधि सभाको विघटनसंगै प्रजातन्त्रको स्थायित्वमाथि समेत प्रश्न उठ्यो। जनताको सार्वभौमिकता माथिको आक्रमण थियो प्रतिनिधि सभाको विघटन। सरकार जनताको सार्वभौमसत्ताको केन्द्रमाथिको प्रहारलाई उपयुक्त ठहऱ्याउन खोज्दैछ। तर केवल व्याख्याले सत्यता लुकाउन सकिंदैन। तथ्यहरू आफैं बोलिरहेछन्।- एउटा जननिर्वाचित प्रधानमन्त्रीद्वारा जनताउपर भएको कति ठूलो घात थियो प्रतिनिधि सभाको विघटन।

०५१ साउन १६ गते मानवअधिकार योद्धा प्रकाश काफ्लेको दोश्रो स्मृति दिबस थियो। विघटित प्रतिनिधि सभाका सभामुख दमन ढुंगानाले स्वर्गीय काफ्लेप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै भन्नु भयो - "आजका राष्ट्रिय विषयवस्तु संसदको विघटन, निर्वाचनको निष्पक्षता पनि मानवअधिकारकै क्षेत्रभित्र पर्ने कुरा हुन्।"

सभामुख ढुंगानाले एक अग्रज मानवअधिकार योद्धाप्रति उपयुक्त श्रद्धाञ्जलि अर्पण गर्नु भएको थियो। प्रतिनिधि सभाको दुर्घटनालाई मानवअधिकारबाट पृथक गरेर हेर्नु मानवअधिकारलाई जनताको नैसर्गिक अधिकार बनाउन नचाहनु हुन जान्छ।

नेपाली जनता वर्षौंपछि प्राप्त प्रजातन्त्रलाई दिन पर दिन सुदृढ भएको देख्न चाहन्छन्। तर जनताको प्रत्याशा झन झन निराशामा बदलिन थालेको छ। सन् ९२ को मानवअधिकार दिबसका अवसरमा केही मानवअधिकार पत्रकारहरूले एक पुस्तिका प्रकाशित गरेका थिए। देशको मानवअधिकार स्थितिका बारेमा सोधिएको एक प्रश्नको उत्तरमा एकजना मानवअधिकार कार्यकर्तालि भनेका थिए - "मानवअधिकार उल्लंघन भएको कुरा उठ्दा सरकारले आयोग बनाउनु पर्छ। यदि सरकारको काम निष्पक्ष छ भने आयोगले नै बोल्छ। तर यहाँ त भारतमा भन्दा पनि पेलेर लैजाने प्रवृत्ति बढ्दै छ।"

आज स्थितिले अरू फड्को मारेको छ। हिजो सरकारमा देखिएको पेलाहा प्रवृत्तिलाई कतिले अनुभवको कमी पनि ठानेका थिए। आज त त्यस्तो भन्ने आधार अलिकति पनि छैन। आज सरकारको त्यो प्रवृत्ति उग्र विन्दुमा पुगेको छ। ४४ औं विश्व मानवअधिकार दिबसका अवसरमा देशका पाँचवटा मानवअधिकार संस्थाहरूले प्रधानमन्त्री समक्ष एक ज्ञापनपत्र प्रस्तुत गरेका थिए। जनआन्दोलन पश्चात नेपाली जनताले पाएका मौलिक हक अधिकारलाई अमूल्य निधि ठहऱ्याउँदै ज्ञापनपत्रमा लेखिएको थियो - "प्रजातन्त्र र मानवअधिकारको पुनर्वाहिली पश्चात हाम्रो देशका जनतामा जुन उत्साह र उमंग देखा परेको थियो, गत दुई वर्षको अवधिमा क्रमशः ह्रास हुँदै आएको छ। यस सन्दर्भमा श्री ५ को सरकारले जाहेर गरेका प्रतिवद्धताहरू कतिपय समयमा सरकारद्वारा नै उल्लंघन गरेका घटनाक्रमहरू गंभीर रूपमा जिम्मेवार छन्। एउटा प्रजातान्त्रिक मुलुकमा मृत्युदण्ड सम्बन्धी कानून बनाउने प्रावधान हुनु, मानवअधिकारका उल्लंघनकर्ताहरूलाई कुनै पनि कानूनी कारवाही नहुनु, निरपराध तथा निहत्था जनसमुदायमाथि प्रहरीद्वारा गोली चलाइनु, प्रहरी शिविरहरूमा बन्दीहरूलाई यातना दिने प्रचलन अद्यापि रही रहनु, नागरिकहरूलाई गैरकानूनी रूपमा गिरफ्तार गरिनु र उनीहरूलाई गैरकानूनी ढंगले थुनामा राखिनु, देह व्यापार, दासत्व तथा बलात्कार जस्ता घृणित तथा अमानवीय कार्यहरूमाथि रोकथाम गर्न नसक्नु हाम्रो नवोदित प्रजातन्त्र र मानवअधिकारमाथिको उपहास हो।"

पाँचवटा मानवअधिकार संस्थाहरूले सरकारलाई जनाउ दिएको पनि दुई वर्ष भइसक्यो। वितेका दुई वर्षमा सरकारको रवैया झन झन नकारात्मक दिशामा अग्रसर छ। जतिबेला मानवअधिकार संस्थाहरूले त्यसरी जनाउ दिएका थिए। त्यसबेला सत्ताधारी पार्टीका नेताहरू सरकारको बचाउ गर्न पट्टि लागेका थिए। तर आज स्वयं सत्ताधारी पार्टीका नेताहरू भन्दैछन् - "सरकारले जनआन्दोलनको मर्म भुलेको छ।"

प्रतिनिधि सभाको विघटनलाई त्यही दृष्टिकोणले हेर्नु पर्दछ। त्यो दुर्घटना सरकारद्वारा जनआन्दोलनको मर्म भुलिनुको परिणति नै हो। प्रतिनिधि सभामा पराजित भएपछि प्रधानमन्त्रीले पदबाट राजिनामा दिनु भयो। त्यही दिन बेलुकी ८ बजे प्रमुख प्रतिपक्षी दलका नेताद्वय मनमोहन अधिकारी एवं माधवकुमार नेपाल र राजा बीच भेटघाट पनि भयो। भेटघाटका क्रममा प्रतिपक्षी नेताहरूले राजा समक्ष संवैधानिक प्रकृया एवं परम्परा अनुरूप नयाँ सरकार गठन गर्नु पर्ने कुरा राख्दै प्रतिपक्षी दलले सरकार बनाउन पाउनु पर्ने प्रस्ताव अघि सार्नु भयो। र त्यसको डेढ घण्टापछि राजाद्वारा प्रधानमन्त्री कोइरालाको राजिनामा स्वीकृत भएको घोषणा गरियो। गिरिजाप्रसाद कोइरालालाई राजाबाट काम चलाउ प्रधानमन्त्रीका रूपमा नियुक्त गरियो।

भोलि पल्टै अर्थात असार २७ गते प्रमुख प्रतिपक्षी दलका अध्यक्ष मनमोहन अधिकारीले राष्ट्र प्रमुख-राजा समक्ष लिखित दावी प्रस्तुत गर्नु भयो।- "सदनमा प्रस्तुत श्री ५ को सरकारको नीति र कार्यक्रम सम्बन्धी प्रतिनिधि सभामा पेश गरिएको धन्यवाद प्रस्ताव माथि भएको मतदानमा प्रस्तावको पक्षमा केवल ७४ र विपक्षमा ८६ मत देखिएको छ र नेपाली कांग्रेसले संवैधानिक एवम् नैतिक दुबै रूपमा सरकार चलाउने आधार गुमाएको छ। यस तथ्यलाई स्वीकार गर्दै प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले दिनु भएको राजिनामा स्वीकृत भई अर्को मन्त्री परिषद्को गठन हुने राजदरबारको विज्ञप्ति प्रकाशित भइसकेको छ। अतः नेपाल अधिराज्यको संविधान ०४७ को धारा ४२ (२) को मन्त्रीपरिषद् सम्बन्धी विशेष व्यवस्थाको प्रयोग हुनु पर्ने अवस्था उत्पन्न भएको छ।" श्री अधिकारीले त्यसबेला प्रमुख प्रतिपक्षीको संसदीय दलको नेताका हैसियतले लेख्नु भएको थियो - "यस सन्दर्भमा मन्त्रीपरिषद्को गठन गर्ने मौका पाउन संसदको प्रमुख विपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को संसदीय दलको तर्फबाट यो विन्ति-पत्र चढाएका छौं।"

त्यस अघि अर्थात प्रधानमन्त्रीले राजिनामा दिनु भएकै दिन असार २६ गते नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले एक वक्तव्य प्रकाशित गर्दै भन्नु भएको थियो - "गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री नरहे पनि नेकाको सभापतिको हैसियतले मेरो स्पष्ट माग छ - "सर्वप्रथम सरकार बनाउनका लागि श्री ५ बाट नेकालाई नै आमन्त्रण प्राप्त हुनु पर्छ।"

असार २६ गते राती नै प्रधानमन्त्री कोइरालालाई काम चलाउ प्रधानमन्त्रीका रूपमा नियक्त गरी सकिएको थियो। तर सत्ताधारी पार्टी र प्रमुख प्रतिपक्षको सरकार चलाउने दावी हुँदा हुँदै असार २७ गते राती पूर्णतः अविवेकी घोषणा भयो। त्यस दिन राती काम चलाउ प्रधानमन्त्रीको सिफारिशमा प्रतिनिधि सभाको विघटन भएको घोषणा गरियो। अनि शुरू भयो अनन्त राष्ट्रिय विवाद। आज सारा देश त्यसै दुर्घटनाले जन्माएको संकटबाट पार पाउन संघर्षरत छ।

यतिखेर सबैतिरबाट भनिंदैछ - "कामचलाउ प्रधानमन्त्रीसंग संसदको विघटनका निम्ति सिफारिश गर्ने कुनै अधिकार हुँदैन। जुन संसदले प्रधानमन्त्रीउपर अविश्वास जाहेर गरी सकेको थियो, प्रधानमन्त्रीको कार्यक्रमलाई परास्त गरी सकेको थियो। त्यही संसदलाई तिनै प्रधानमन्त्रीद्वारा विघटित गरिनु घोर अप्रजातान्त्रिक कार्य हो।"

सत्ताधारी पार्टीका नेताहरू केही अघिसम्म प्रधानमन्त्री कोइरालाको कामको ढाकछोप गर्दथे। आज अधिकांश सत्ताधारी नेताहरू प्रधानमन्त्री कोइरालाद्वारा जनताको अधिकारमाथि कुठाराघात भएको बताउँदै छन्। प्रतिनिधि सभा विघटन भएको दोश्रो दिन नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले अस्पतालकै शैय्याबाट भन्नु भयो।- "गिरिजाप्रसाद कोइरालाबाट प्रजातन्त्रलाई दरबारमा पुऱ्याउने काम भयो।" वहाँले भन्नु भयो।- "दरबारले संविधानमाथि बलात्कार गऱ्यो।"

यसरी सम्पूर्ण तथ्यलाई नियाल्दा प्रष्ट हुन्छ - प्रतिनिधि सभाको विघटनद्वारा जनअधिकारमाथि ठूलो खेलाँची भयो, प्रजातन्त्रको उपहास भयो। विवेक प्रयोग गर्ने नाममा राजाबाट पनि पुनः जनताको उपहास भयो। हाम्रा जननिर्वाचित प्रधानमन्त्रीद्वारा राजालाई शक्तिशाली बनाउने काम समेत भयो। छयालीसले संवैधानिक घेरोभित्र पुऱ्याइदिएको राजालाई प्रधानमन्त्रीद्वारा सक्रिय बनाउने भयंकर प्रयास हुँदैछ। र आज जननिर्वाचित प्रधानमन्त्रीको घातको शिकार भएको छ नेपाली प्रजातन्त्र, नेपाली मानवअधिकार। नेपाली प्रजातन्त्र अप्ठ्यारोमा पुगेको छ, त्यसैले नेपालको मानवअधिकार पनि संकटग्रस्त हुन पुगेको छ।

हिसाब-किताबको कविता

- हरिगोबिन्द लुइँटेल -

दान्हीवाल नेता
विगतमा चार वर्ष जेल बसेको ज्याला माग्दैछ
जुंगावाल कार्यकर्ता
विगतमा नौ वर्ष भूमिगत भएको मुआब्जा माग्दैछ।

हिजो मैले "त्याग" गरेको थिएँ
खै आज त्यसको सट्टामा
मैले घडेरी पाएको ?
हिजो मैले "वलिदान" गरेको थिएँ
खै आज त्यसको बदलामा
मेरो दोश्रो घर ठडिएको ?
- मागहरू आइरहेछन्
- दावीहरू आइरहेछन्।

वृद्धहरू भनिरहेछन्
- आगो हामीले जोगाएका हौं
युवाहरू भनिरहेछन्
- आगो हामीले दन्काएका हौं
दुवैथरि भनिरहेछन्
- त्यसैले, अव तातो हामीले ताप्न पाउनु पर्छ !
- त्यसैले, अव उज्यालो हामीले हडप्न पाउनु पर्छ !

विगतमा निर्वासित हुनु परेको
प्रतिवर्षको दरभाऊ कति तोक्ने ?
हिसाव हुँदैछ एक एक मीनेटको पनि,
विगतमा खाई-नखाई झोला बोकेर हिंडेको
प्रति किलोमिटरको दाम कति तोक्ने ?
हिसाव हुँदैछ एक एक पाइलाको पनि।

कोही भन्दैछन्
- म हिजो विक्न मानिंन
त्यसैले, मेरो मोल
हिजोको भन्दा दुईगना वढी हुनुपर्छ,
कोही भन्दैछन्
- म हिजो झुक्न मानिंन
त्यसैले, मेरो भाऊ
चार गुना बढी हुनुपर्छ।
दुवैथरि एकसाथ भनिरहेछन्
- त्यसैले, ओहोदाहरू मैले नै पाउनुपर्छ,
घुम्ने मेचमा घुम्न पाउनुपर्छ,
ऐशको नशाले झुम्न पाउनुपर्छ !
चुनावमा टिकट मैले नै पाउनुपर्छ
चुनिएर जान पाउनुपर्छ
गएर स्वान पाउनुपर्छ !

मागहरू आइरहेछन्
दावीहरू आइरहेछन्
आइरहेछन्
आइरहेछन् !

मानौं, मागको बर्षा भइरहेछ
र दावीको बाढी आइरहेछ !
बाढीले डील र बाँधहरू भत्काउँदैछ
र किनारका सुकुम्बासीका बस्तीहरू बगाउँदैछ
हाहाकार जस्तै भइरहेको छ
र मानिसहरू भाग्दैछन् अग्ला जमीनहरू खोज्दै !

❑

प्रतिनिधि सभा विघटन र हाम्रो दायित्व

- सुशीलप्रकाश -

गत असार २७ गते राती राजाबाट कामचलाउ प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा प्रतिनिधि सभा विघटन गरी मध्यावधि चुनाव गराउने घोषणा भएको समचार रेडियो नेपालबाट प्रसारित भएपछि देशभरिनै ठूलो हलचल मच्चियो। अघिल्लो रेडियो नेपालको समाचारले सत्ताधारी दलका सभापति कृष्णप्रसाद भट्टराईले राजालाई भेट्दा आफ्नो दलले पुनः सरकार बनाउने दावी पेश गर्नु भएको थियो। साथै संसदमा दोश्रो ठूलो दल एमालेका अध्यक्ष एवं महा-सचिवले पनि कोइराला सरकार संसदमा पराजित भएपछि संसदीय परम्परा अनुरूप आफ्नो दलले सरकार बनाउन पाउनु पर्ने माग राख्वेको समाचार प्राप्त भैराख्वेकै बेलामा अनायास भएको संसद विघटनबाट देशभरिनै आक्रेश मच्चियो। कतिपय ठाउँमा त मध्यरातमै जुलुसहरू निस्किए। राजाको यो कदम र प्रधानमन्त्रीको सिफारिसको ठूलो विरोध भयो।

राजाबाट गरिएको सो प्रतिनिधि सभा विघटन पछि देशमा ठूलो संकट आयो। विघटनप्रति पक्ष र विपक्षमा प्रतिकृयाहरू देखा पर्न थाले। नेपाली कांग्रेस, एमाले लगायतका प्रतिपक्षका सवै दलहरूले आधिकारिक रूपमै संसद विघटनको विरोध गर्न थालेपछि देशमा साह्रै ठूलो राजनैतिक विवाद हुन थाल्यो। कोइरालाका पक्षधरहरू संविधानका वुदांहरूका आधारमा विघटनलाई संवैधानिक वनाउन प्रयत्नशील भए भने अरू सो कदम संसदीय परम्पराको विरूद्धमा र संवैधानिक विकासमा अवरोधक भएको वताउदै विघटन प्रकृयालाई गैर संवैधानिक भएको दावी गर्न थाले।

यस्तो स्थितिमा मानवअधिकार क्षेत्रका कार्यकर्ताले यो विघटनलाई कसरी हेर्नु पर्छ र यस प्रति उनीहरूको कस्तो धारणा हुनुपर्छ भन्ने बारेमा पनि एकरूपता रहेन। कोही मानवअधिकार क्षेत्रका नेताले विघटनलाई पूरै समर्थन गरे भने कतिपय संस्थाले यसको स्पष्ट शब्दमा विरोध गर्न थाले।

प्रजातान्त्रिक अभ्यासको क्रममा आएको विशेष परिस्थितिको वेलामा हामी मानवअधिकार कार्यकर्ता कसरी मौन वस्न सक्छौ र ? मानवअधिकारको रक्षा प्रजातन्त्रको विकाससंगै आधारित हुन्छ। प्रजातन्त्र भित्र मानवअधिकारको रक्षा र विकास असम्भव हुन्छ। त्यसैले नै मानवअधिकार कार्यकर्ताहरू प्रजातन्त्रको लागि गरिने संघर्षहरूमा अग्रिम पंक्तिमा उभिएका हुन्छन्। यसैले हामीले पनि यस विषयमा आफ्नो धारणा स्पष्ट राख्दै प्रतिनिधि सभा विघटनको विरोध गर्यौं।

हामीलाई के कुरो थाहा हुनु पर्छ भने कुनै पनि घटना प्रतिको दृष्टिकोण विभिन्न स्वार्थवश विभिन्न कोणबाट विर्धारित गरिएको हुन्छ। यस घटनाप्रति पनि विभिन्न कोण र स्वार्थबाट विरोध वा समर्थन भएको छ। कतिपय व्यक्तिहरू यस घटनालाई संविधान वा कानूनका पाना भित्रबाट मात्र हेर्दैछन्। हामी मानव अधिकारवादीहरूको पनि घटनाहरू प्रतिको दृष्टिकोण खास स्वार्थमा आधारित रहनु पर्छ र त्यो स्वार्थ भनेको जनताको सार्वभौम अधिकारको रक्षा हो। हाम्रो दृष्टिकोणमा जनता भन्दा माथि वा भनौ जनताको स्वार्थ वा अधिकार भन्दा माथि कसैको पनि स्थान रहनु हुँदैन। संविधान-कानून र नियमहरू जनताका अधिकारहरूलाई निर्वाध र सुरक्षित गराउन नै निर्माण गरिएका हुन्छन्। त्यसैले नै हो जनताले आफ्नो अधिकार वाहालीको क्रममा वाधक हुने खालका कानून वा नियमहरू सुधार वा परिवर्तन पनि गर्छन्।

३० वर्षको लगातारको संघर्ष पछिको ०४६ सालको संयुक्त जन आन्दोलनले नेपालमा वहुदलीय व्यवस्थाको पुर्नस्थापना गऱ्यो। ०१७ साल अघिको वहुदलीय संविधान भन्दा ०४७ को वहुदलीय संविधान अझ बढी परिष्कृत र प्रजातान्त्रिक बन्यो नेपाली जनता सार्वभौम भए भने सार्वभौमिक सत्ता प्राप्त गर्ने राजसंस्था संवैधानिक बन्यो। यो नै नेपालको संविधानको प्रमुख गुण हो। तर

Informal Sector Service Centre (INSEC)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

प्रेस विज्ञप्ती

२६ गते असार ०५१ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको सरकारको नीति तथा कार्यक्रमलाई संसदले अस्वीकार गरेपछि प्र.मं.ले राजा समक्ष राजीनामा दिंदै संसद विघटन गर्ने सिफारिश गर्नु भयो। संसद चलिरहेको वेलामा र संसदमा वहुमत प्राप्त दलका अध्यक्ष स्वयम् प्रमुख प्रतिपक्ष दलका अध्यक्षले समेत संसद विघटन नगर्न अनुरोध गर्दा गर्दै राजाबाट संसद विघटन गरिएको तथा भविष्यमा प्राप्त सरकारलाई नै आगामी कार्तिक २७ गते आम चुनाव गर्ने जिम्मा लगाएकोमा हाम्रो ध्यान आकर्षित भएको छ।

हाम्रो विचारमा माथिका तथ्यहरू अनुरूप पनि आहिलेको स्थितिमा मध्यावधि चुनाव उपयुक्त थिएन। ठूलो राजनीतिक पार्टीलाई सरकार बनाउने जिम्मा दिइनु पर्थ्यो र जसप्रति संसदले अविश्वास प्रकट गरिसकेको छ उसलाई नै चुनावको दायित्व सुम्पिनु, उपयुक्त हुँदैनथ्यो। यसले मुलुकलाई आर्थिक क्षति पुऱ्याउने मात्र होइन, संसद र राजनीतिक पार्टीहरूको मर्यादामा समेत आँच पुगेको छ। अब हुने निर्वाचन धाँधली रहित तथा निरपक्ष हुन्छ भन्ने कुरामा यसले प्रश्न खड़ा गरेको छ र मानवअधिकार तथा प्रजातन्त्रको रक्षा र संस्थागत विकासमा यस्ता क्रियाकलापहरूले नकारात्मक प्रभाव पार्ने हुँदा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), एउटा जिम्मेवार मानवअधिकार संस्थाको हैसियतले यस कुराको विरोध गर्दछ।

(सुशील प्याकुरेल)
संयोजक

Postal Address : P.O. Box 2726, Kathmandu, Nepal
Tel: 270770, 271587, Fax: 977-1-226820 (Attn: INSEC)

पनि संविधान भनेको जनताका अधिकारहरूको ग्यारेण्टी गर्ने एउटा दस्तावेज भएकोले यो स्थीर रहन सक्दैन। जनताको चेतना संगसंगै र समयानुकूल विकास यसको निरन्तरता हो। त्यसैले सबै समस्याको समाधान संविधानका पानामा गणितीय रूपमा खोज्न सकिदैन। यो त एउटा भावना र आशय हो। संविधानको आशयलाई पन्छाएर अक्षरमा मात्र संविधानको व्याख्या हुँदैन।

यिनै कसीमा हामीले प्रतिनिधि सभाको विघटनको समस्यालाई संविधानको आशय अनुरूप छ वा छैन भनी हेर्नु पर्छ। सार्वभौम जनताले चुनावको माध्यामद्वारा चुनेर पठाएको प्रतिनिधि सभा देशको सर्वोच्च अङ्ग हो। संविधान संशोधन गर्ने सम्म अधिकार प्राप्त गरेको प्रतिनिधि सभाको विघटनमा प्रतिनिधि सभा स्वयं सन्तुष्ट छ वा छैन हामीले हेर्नु पर्छ।

प्रधानमन्त्रीको कार्यक्रमलाई संसदले अस्वीकृत गरीदिएपछि प्रधानमन्त्रीले राजाकहाँ विन्ती चढाउनु भयो। तर राजाले संसदलाई सोध्नु पर्थ्यो कि पर्दैन थियो ? - प्रश्न ज्वलन्त बनेर खडा भएको छ। राजाबाट स्वविवेकको प्रयोग भएर सत्ताधारी पार्टी र प्रतिपक्षका नेताहरूसंग सोधनी भयो। तर दुवैले सरकार चलाउने दावी गर्दा गर्दै प्रतिनिधि सभाको विघटन गरियो। अविवेकी काम यही नेर भएको छ। राजाबाट छयालीस सालको जनआन्दोलनले दिएको जनादेश तोड्ने काम यही नेर भएको छ।

एकपल्ट छनौट भएको संसद पाँच वर्ष चल्नै नसकेपछि मात्र मध्यवधि हुनुपर्थ्यो। मध्यावधिको घोषणा गर्नु र संसद विघटन गर्नु अघि प्रकृया पूरा गर्नै पर्थ्यो। केवल एक प्रधानमन्त्रीको समस्याले गर्दा पूरै संसद विघटन गर्ने संस्कार बसालियो भने त्यो भन्दा चिन्ताजनक कुरो के होला। संसदको एउटा कार्यकाल भित्र प्रधानमन्त्री त चारवटा फेरिन सक्छन्। तर संसदलाई कार्यकाल पूरा गर्न दिनु पर्छ। जापानमा हेरौ, तीन महिनामा तीनचोटी प्रधानमन्त्री फेरिए। तर संसद विघटन भएन। अहिले त्यहाँ अल्पमतको सरकार रहेको छ।

स्थिति त्यतिमा मात्र सीमित छैन। वहुमत संसद सदस्यले अर्थात १०५ जना संसद सदस्यले राजा समक्ष प्रतिनिधि सभा विघटनको विरोध गर्दै पुर्नस्थापनाको लागि लिखित अनुरोध गरेका छन्। आश्चर्यको कुरो त के भने संसदमा रहेका प्रायः सबै दलले प्रतिनिधिसभा विघटनको प्रकृयालाई स्वीकार नगरेको यस स्थितिमा प्रधानमन्त्रीको एक्लो विचारमा कसरी प्रतिनिधि सभा विघटन भयो ? निश्चय पनि नेपालको संविधानले प्रधानमन्त्रीलाई प्रशस्त अधिकार दिएको छ र राजाले प्रधानमन्त्रीको सल्लाह बेगर राजकीय कृयाकलापमा हस्तक्षेप गर्न पाउँदैनन्। संविधानमा राजाले गर्ने जुनसुकै काम मन्त्री परिषदको सल्लाहबाट गरेको भन्ने हुनु पर्ने प्रावधान राखिएको छ। तर यसको आशय यो होइन कि प्रधानमन्त्री प्रतिनिधि सभा भन्दा माथि छन्। प्रधानमन्त्रीले प्रतिनिधि सभाको विश्वास लिएर चल्नु पर्छ नकि प्रतिनिधि सभाले प्रधानमन्त्रीको विश्वास लिएर चल्ने हो।

मैले यहाँ नेर प्रतिनिधि सभा कुनैपनि हालतमा विघटन हुँदैन भन्न खोजेको हैन, प्रतिनिधि सभा चल्नै नसक्ने स्थितिको विविधकारणबाट श्रृजना हुन सक्छ। तर त्यस्तो स्थिति स्पष्ट देखिनु पर्‍यो। हामीकहाँ प्रतिनिधि सभा चल्नै नसक्ने वा असक्षम भएको थिएन। यहाँ त प्रधानमन्त्री प्रतिनिधि सभाको विश्वास जित्न असमर्थ हुनु भएको थियो तर उल्टो विघटन भने प्रतिनिधि सभाको भयो।

निष्कर्षमा भन्दा यो प्रतिनिधि सभाको विघटन संसदीय प्रजातन्त्रको मर्मको विपरीत मात्र नभएर प्रजातन्त्रको विकासमा एउटा अवरोधको रूपमा आएको छ। मानवअधिकारको रक्षा र विकास प्रजातन्त्रको बलियो संस्थागत आधारमा मात्र सम्भव हुन्छ। यसैले हामी मानवअधिकारको अभियानमा जुटेका कार्यकर्ताहरूले पनि यस स्थितिमा प्रतिनिधि सभा विघटनको यस प्रकृयाको विरोध गर्नु हाम्रो दायित्व हो।

तस्वीरको भाषा

जननिर्वाचित सरकारको अलोकप्रिय यात्रा

- शार्दूल भट्टराई -



प्रधानमन्त्री पदको शपथग्रहण संगसंगै प्रधानमन्त्री कोइरालाले भन्नु भएको थियो -**"म बहुदलीय प्रजातन्त्र र मानवअधिकारप्रति प्रतिबद्ध छु। _ जनतामा सुरक्षाको भावना जागृत गर्ने, महँगीको बढ्दो प्रकोपबाट जनतालाई राहत दिलाउने _ कदम चालिने छन्। _ पञ्चायती कालमा ज्यादती गर्नेहरूमाथि मुलुकको कानून बमोजिम कार्बाही गर्ने कुरा स्वीकार गरिसकेका छौं।"**

तर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका यी शब्दालंकारहरू नेपाली जनताका सामु धोखापूर्ण भाषण सावित हुन पुगे।

नेपालको वर्तमान राजनीतिक अवस्था अन्योल, आशंका र भ्रमले भरिपूर्ण हुन पुगेको महशूस स्वयं राजनीतिज्ञहरूले नै गरिरहेका छन्। गत असार २६ गतेदेखि अनपेक्षित रूपमा अगाडि बढेको अनिश्चयकारी राजनीतिक हलचलबाट कोही पनि अप्रभावित रहन सकेको छैन। नेताहरू मात्र हैन, बुद्धिजीवी र सर्वसाधारण नागरिक समेत राजनीतिक घटनाक्रमहरूलाई गम्भीर रूपमा अध्ययन गर्दैछन् र उनीहरूका टिप्पणी एवं प्रतिक्रियाहरू पनि स्वभाविक रूपमा अभिव्यक्त हुँदै आएका छन्। एक किसिमले मुलुकको ध्यान सम्पूर्ण रूपमा अहिलेको राजनीतिक अन्योलतिर नै केन्द्रित हुन पुगेको छ। नेपालको यो स्थितिबाट अन्तर्राष्ट्रिय क्षेत्र पनि वास्ताहीन भएर टाढा रहन सकेको छैन। भनिदैछ - केही विदेशी शक्तिहरू नै पनि भित्रि रूपमा नेपालको राजनीतिमा हस्तक्षेप गरेर यो अन्योलको सृष्टी गर्ने दवावपूर्ण मन्त्रणामा संलग्न रहेका थिए।

देशमा यस्तो राजनीतिक अन्योलको मौसम शुरू भए पश्चात तत्काल विभिन्न प्रतिक्रियाहरू अभिव्यक्त हुन थाले। सत्तारूढ दल नेपाली कांग्रेस र प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) लगायतका सबै जसो पार्टीहरू प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधि सभा विघटन गरी मध्यावधि निर्वाचन गराउन राजा समक्ष गरेको सिफारिशको विरूद्धमा उभिए। संविधानको भावना विपरीत र संसदीय परम्परा विपरीत प्रधानमन्त्रीले आफ्नो स्वार्थ अनुकूल प्रतिनिधि सभा विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गर्न सिफारिश गरेको र यसले देशको प्रजातान्त्रिक प्रक्रियामै गम्भीर समस्या उत्पन्न गराएको आरोप उनीहरूको रह्यो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र उहाँको गुटले भने प्रतिनिधि सभा विघटन र मध्यावधि निर्वाचनको सिफारिश एवं शाही विज्ञप्तिलाई पूर्णतः संविधान सम्मत मान्दै प्रधानमन्त्रीको सिफारिश र शाही विज्ञप्तिका विरोधीहरूलाई चुनावमा जान डराएको आरोप लगाएको छ।

यतिवेला यिनै दुई धारणा बीच द्वन्द्व चलिरहेको छ। एकातिर प्रतिनिधि सभा पुनर्स्थापनाका लागि सर्वोच्चमा मुद्दा पनि चलिरहेको छ र सडकमा गिरिजा सरकारलाई हटाएर सर्वदलीय सरकारको निर्माण हुनु पर्ने माग पनि जोडदार रूपमा उठिरहेको छ। वामपन्थी दलहरूले चलाएको यो आन्दोलनमा नेपाली कांग्रेकै सर्वोच्च नेता गणेशमान सिंह र महामन्त्री महेन्द्रनारायण लगायत थुप्रै नेता तथा कार्यकर्ताको नैतिक समर्थन रहेको देखिएको छ। अर्कोतिर प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला आफू कुनैपनि हालतमा पदबाट नहट्ने कुरामा दृढ देखिनु भएको छ। असंवैधानिक प्रधानमन्त्रीले राजीनामा गरी सर्वदलीय सरकार गठन हुनैपर्छ भन्ने माग र सर्वदलीय सरकारको माग असंवैधानिक छ म प्रधानमन्त्रीको पद छोड्दिन भन्ने गिरिजाप्रसाद कोइरालाको हठका बीचको यो द्वन्द्व त्यति सजिलै समाप्त हुने पनि देखिदैन।

अन्योल र अस्थिरताको शुरूवात कसरी भयो

प्रजातन्त्रको उदय संगसंगै देशमा क्रमशः शान्ति सुरक्षाको स्थितिमा सुधार हुने, मानवअधिकारको सम्मान गरिने दमन उत्पीडन र यातना सहनु नपर्ने, महँगी नियन्त्रित हुने, दैनिक आवश्यकताका वस्तुहरू सर्वसुलभ हुने, उत्पादनशील क्षेत्रहरूको विस्तार हुने, जनताको

श्री ५ महाराजाधिराज सरकारका जुनाफमा चढाएको विन्तीपत्र

विषय: नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४२ (२) बमोजिम मन्त्रीपरिषद गठन गर्ने मौका पाउं ।

सरकार,

२०५१ साल आषाढ २६ गते श्री गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा रहेको नेपाली कांग्रेसको सरकारद्वारा संसदको सातौं अधिवेशनमा दुवै सदनको संयुक्त बैठक समक्ष शाही संबोधन मार्फत प्रस्तुत नीति र कार्यक्रम अस्वीकृत भएको छ । तत्पश्चात प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालाले मौसुफ सरकारका जुनाफमा चढाउनु भएको राजीनामा मौसुफ सरकारबाट स्वीकृत गरिबक्सेको छ ।

सदनमा प्रस्तुत श्री ५ को सरकारको नीति र कार्यक्रम संबन्धी प्रतिनिधि सभामा पेश गरिएको धन्यवाद प्रस्ताव माथि भएको मतदानमा प्रस्तावको पक्षमा केवल ७४ र विपक्षमा ८६ मत देखिएको छ र नेपाली कांग्रेसले संवैधानिक एवम् नैतिक दुवै रुपमा सरकार चलाउने आधार गुमाएको छ । यस तथ्यलाई स्वीकार गर्दै प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालाले दिनुभएको राजीनामा स्वीकृत गई अर्को मन्त्रीपरिषदको गठन हुने राजदरबारको विज्ञप्ती प्रकाशित भइसकेको छ । अतः नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ४२ (२) को मन्त्रीपरिषद संबन्धी विशेष व्यवस्थाको प्रयोग हुनुपर्ने अवस्था उत्पन्न भएको छ । यस सन्दर्भमा मन्त्रीपरिषदको गठन गर्ने मौका पाउन संसदको प्रमुख विपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को संसदीय दलको तर्फबाट यो विन्तिपत्र चढाएका छौं ।

मन्त्रीपरिषदको गठन गरी संविधान बमोजिम संसदमा विश्वासको मत प्राप्त गर्न नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को संसदीय दल सक्षम रहेको तथ्य जाहेर गर्दछौं ।

विनित,

२०५१।३।२७

मनमोहन अधिकारी
नेता, संसदीय दल
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)

आर्थिक स्तर बढ्दै जाने, राष्ट्रियता र राष्ट्रिय स्वाभिमान सुदृढ बन्ने जस्ता आशा आम जनताले राखेका थिए। अन्तरिम शासन कालको एक वर्ष संविधान निर्माण गर्न र आम निर्वाचन सम्पन्न गर्न मै सीमित रह्यो। त्यस अवधिमा जनताका दैनिक समस्याहरू तर्फ सोच्नेसम्म काम भए पनि समाधानतर्फ अग्रसर हुने कामहरू भने भएनन्। जनता पनि आफ्ना आशाहरू बोकेर निर्वाचित सरकारको प्रतीक्षामा बसे।

२०४८ सालमा आम निर्वाचन भयो। जनताका तिनै इच्छा आकांक्षा पूरा गर्ने र अन्य राष्ट्रिय समस्याहरू समाधन गर्ने अठोटको घोषणापत्र लिएर चुनावमा उत्रिएको नेपाली कांग्रेस सत्तारूढ हुनुपुग्यो। जुन सरकारको प्रधानमन्त्री रहनुभयो - गिरिजाप्रसाद कोइराला। प्रधानमन्त्री पदको शपथग्रहण संगसंगै प्रधानमन्त्री कोइरालाले भन्नु भएको थियो -**"म बहुदलीय प्रजातन्त्र र मानवअधिकारप्रति प्रतिबद्ध छु। _ जनतामा सुरक्षाको भावना जागृत गर्ने, महँगीको बढ्दो प्रकोपबाट जनतालाई राहत दिलाउने _ कदम चालिने छन्। _ पञ्चायती कालमा ज्यादती गर्नेहरूमाथि मुलुकको कानून बमोजिम कार्बाही गर्ने कुरा स्वीकार गरिसकेका छौं।"** (जनमञ्च, १६ जेठ २०४८)

तर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका यी शब्दालंकारहरू नेपाली जनताका सामु धोस्वापूर्ण भाषण सावित हुन पुगे। उहाँ प्रधानमन्त्री भएको ७ दिनका दिनमा नै गोली चलाएर बसीर मियाँ जस्ता सामान्य नागरिकको हत्या गर्ने क्रम शुरू भयो। प्रधानमन्त्री भएको ६ महीनाभित्र आफ्ना न्यायिक मागहरू राख्वेर शान्तिपूर्ण आन्दोलनमा लागेका करीव ५ सय निजामती कर्मचारीहरूको जागीर मात्र खोसिएन, कर्मचारी आन्दोलनलाई बन्दुकले दबाउन मनोज जोशी जस्ता युवाहरूको हत्या समेत गरियो। समझदारीको नाममा राष्ट्रियतामै आघात पार्ने टनकपुर सन्धि गरेर राष्ट्रघाती कहलिनु भएका प्रधानमन्त्री कोइरालाले पञ्चायती कालमा ज्यादती गर्नेहरूमाथि कार्वाही गर्नुको सट्टा जेलमा सजाय भोगिरहेका अपराधीहरूलाई समेत रिहा गर्नु भयो। उहाँको पहिलो वर्षको शासन कालमै महँगी उत्कर्षमा पुग्यो, कालो बजार र भ्रष्टाचार झनै प्रोत्साहित बन्यो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सत्तासीन भएको एक वर्ष पनि नवित्दै यस्ता यावत् विकृतिहरू व्याप्त हुन थालेपछि र प्रजातन्त्रका नाममा प्रजातन्त्रलाई नै क्रमशः कमजोर बनाउने कारबाहीहरू भएपछि प्रमुख प्रतिपक्षी लगायतका दलहरूले उहाँको राजीनामा माग्न थाले। राजीनामाको मागलाई नेपाली कांग्रेस पार्टीले शुरूदेखि नै अस्वीकार गर्दै आए पनि नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले भने टनकपुर प्रकरणदेखि नै उहाँको राजीनामा माग गर्नु भएको थियो। तर उहाँको मागलाई पनि वास्ता गरिएन। प्रधानमन्त्रीको राजीनामा लगायतका मागहरू राख्वेर विपक्षी दलहरू आन्दोलनमा उत्रिए। जनताको आवाज र राजनीतिक दलहरूको मागलाई प्रधानमन्त्री कोइरालाले पूर्णतः दमन गर्ने कारबाहीहरू चलाउनु भयो। उहाँको ३ वर्षे शासनकालमा ७० जनाभन्दा बढी नागरिकको हत्या भयो। जसमध्ये उहाँको राजीनामाको माग गरी चलाइएका आन्दोलनहरूमा मात्रै ३ दर्जन नागरिकको हत्या भयो। त्यतिमात्र नभएर टनकपुर सन्धि, श्रम ऐन, कर्मचारी पुनर्बहाली, उप निर्वाचनको मतदाता नामावली, मुलुकी ऐन (अदलको महल), नागरिकता नियमावलीमा अदालतबाट पराजित हुँदा र खानी तथा खनिज पदार्थ सम्बन्धी विधेयकमा संसदबाटै पराजित हुँदा समेत नैतिक रूपले राजीनामा नगर्दा उहाँको नाम अनैतिक व्यक्तिको उदाहरणको रूपमा पनि लिन थालियो।

सत्तासीन भएदेखि नै निरन्तर रूपमा चल्दै आएको प्रधानमन्त्री कोइरालाको राष्ट्रघाती कदम, जनविरोधी क्रियाकलाप, अप्रजातान्त्रिक काम कारबाहीहरू एवं व्यक्तिगत हठ धर्मिताले गर्दा देशमा प्रजातान्त्रिक मूल्य र मान्यता विपरीत सधैं अन्योल र अस्तव्यस्तता स्थापित हुन पुगेको कुरा विगत स्थितिले बताइरहेकै छ। अशान्त स्थितिलाई शान्त पार्न र राजनीतिक स्थिरता कायम गर्न सत्तारूढ पार्टी वा सरकार र प्रमुख प्रतिपक्षी लगायतका पार्टीहरू बीच भएको समझदारी र सम्झौतालाई लत्याई असमझदारी र अशान्तिलाई बढाउने घटनाबाट पनि प्रधानमन्त्री कोइराला देशमा भ्रम, अस्थिरता, अस्तव्यस्तता र अन्योलपूर्ण स्थितिको अन्त्य गर्न चाहनु हुन्न भन्ने कुरा स्पष्ट हुन्छ।

नेपाली कांग्रेसः उपनिर्वाचन र अन्तर्घातको कथा

विपक्षी दलहरूद्वारा प्रधानमन्त्री कोइरालाको राजीनामा माग गरिंदा त्यसलाई "अनावश्यक र असान्दर्भिक" मान्ने नेपाली कांग्रेसका बहुसंख्यक केन्द्रीय सदस्यहरू पार्टी सभापति कृष्णप्रसाद भट्टराईलाई काठमाण्डौ -१ को उप चुनावमा विजयी गराई प्रधानमन्त्रीको विकल्प तयार गर्ने योजनामा लागे। सभापति भट्टराई उम्मेदवार हुनु भयो र पार्टीले उम्मेदवार घोषणा गरेकै दिन सार्वजनिक रूपमा प्रधानमन्त्री कोइरालाले भट्टराईलाई "तन मन र धन" ले सहयोग गरेर जिताउनु पर्ने कुरा बताउनु भयो।

उप निर्वाचन प्रचार-प्रसार शुरू भएपछि भट्टराईका प्रचारकहरूले उहाँलाई प्रधानमन्त्री बनाउनका लागि चुनावमा जिताउनु पर्ने कुरा सार्वजनिक गराउन थाले। भट्टराई आफैं पनि गिरिजा सरकारमा भ्रस्टाचार, नातावाद, महँगी आदि विकृतिहरू बढेको कुरा बताउन थाल्नु

भयो। सभापति भट्टरूराईको चुनावी प्रचारमा "आफ्नै पार्टीको सरकारलाई बद्नाम गर्ने र गिराउने षड्यन्त्र भैरहेको ठानी" प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०५० माघ १८ गते एउटा वक्तव्य प्रकाशित गर्नु भयो। उहाँको वक्तव्यमा भनिएको थियो -**"काठमाडौंको यो उप निर्वाचनले पार्टीको भित्रमित्रै पिल्सिरास्वेको पीडा र घाउलाई उजागर गरेको छ। यो घाउको निदान र पार्टी भित्रको शुद्धिकरणको प्रयास नलिने हो भने हाम्रो पार्टी ऐतिहासिक दायित्व निर्वाह गर्ने चुनौतीबाट चुक्ने छ।"** यो वक्तव्य मार्फत उहाँले "घाउको निदान" र "पार्टी भित्रको शुद्धिकरण" गर्ने कुरा उठाएर नेपाली कांग्रेस विभाजनको मुखमा उभिएको र आफू त्यसका लागि तयार भएको संकेत दिनु भएको पुष्टी मिल्छ।

०५० माघ २५ गते उपनिर्वाचन सम्पन्न भयो। नेकपा (एमाले) ले आफ्नो पूर्व वर्चश्व कायम राख्यो भने नेपाली कांग्रेसका सभापति भट्टराई पुनः पराजित हुनु भयो। उहाँको पराजयको कारण पार्टी भित्रकै अन्तरघात भएको "ठहर" भट्टराई पक्षका केन्द्रीय सदस्यदेखि सामान्य कार्यकर्तासम्मको रह्यो। उनीहरूले यो पनि ठहर गरे कि "अन्तर्घातका मूल नाइके प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नै हुन्।"

कांग्रेस विरूद्ध कांग्रेस नै सडकमा

उप निर्वाचनको परिणाम पश्चात नेपाली कांग्रेसका नेता तथा कार्यकर्ता स्पष्टतः दुई खेमामा विभाजित भएर दुवैथरी सडकमा देखा परे। भट्टराई पक्षकाहरूले तुरून्तै प्रधानमन्त्रीले पदत्याग गर्नु पर्ने कुरा उठाए। उनीहरूले प्रधानमन्त्री कोइरालाको फोटोमा जुत्ताको माला लगाएर जुलुस निकाल्ने, अनसन बस्ने, प्रधानमन्त्री निवासलाई घेर्ने जस्ता कार्यक्रमहरू संचालन गरेका थिए। उनीहरूको मूल नारा थियो - अन्तर्घाती गिरिजा राजीनामा दे !

प्रधानमन्त्री विरोधी गतिविधिका विरूद्ध प्रधानमन्त्री पक्षका कार्यकर्ताहरू पनि सडकमा ओर्लिए। उनीहरूको नारा थियो - प्रधानमन्त्री कोइराला - जिन्दावाद ! सभापति भट्टराई - राजीनामा देऊ !

कांग्रेस विरूद्ध कांग्रेसहरूकै सडक आन्दोलनको यो सिलसिला ०५० माघ २७ गतेदेखि शुरू भई ०५० चैत्र १९ गतेसम्म जारी रह्यो। यस बीचमा दुई थरीबीच कुटाकुटका घटनाहरू पनि देखा परे। गिरिजा विरोधी सडक आन्दोलन एन्.पी. साउद, विमलेन्द्र निधि, ज्ञानेन्द्रबहादुर कार्की र यज्ञ अधिकारीको ४ सदस्यीय कमिटी गठन गरी शुरू भएको थियो भने प्रधानमन्त्री पक्षका मार्शल जुलुम शाक्य, चन्द्र भण्डारी आदिको नेतृत्वमा आन्दोलन विरोधी आन्दोलन चलाइएको थियो।

अविश्वासको प्रस्तावः विद्रोही सांसदहरूको स्वाभिमान गिय्यो

नेपाली कांग्रेसको आन्तरिक खिचलोबाट देशमा अन्योल र अस्तव्यस्तता बढ्दै गएको तथा सरकार असक्षम सावित भैरहेको अवस्थामा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का सांसदहरूले ०५० फागुनको पहिलो साता विशेष अधिवेशन बोलाउन राजामा जाहेर गरे। दोश्रो साता विशेष अधिवेशन प्रारम्भ भयो। त्यसै अधिवेशनमा सरकार विरूद्ध प्रमुख प्रतिपक्षको अगुवाइमा अविस्वासको प्रस्ताव पनि प्रस्तुत गरियो। उक्त प्रस्तावमा फागुन २४ गते मतदान हुँदा विपक्षमा ११३ र पक्षमा ८१ जनाले मतदान गरे। जसमा नेकाका सम्पूर्ण सांसदले प्रधानमन्त्री कोइरालालाई नै समर्थन जनाए।

यो अविश्वासको प्रस्तावको पक्षमा मत जाहेर गरेर संवैधानिक ढंगले कोइराला सरकारलाई हटाउने अत्यन्तै अनुकूल समयमा कांग्रेसका विद्रोही सांसदहरू चुक्नुले उनीहरूले आफ्नो स्वाभिमान मात्र गुमाउनु परेन, उनीहरूप्रतिको जनविश्वास पनि धराशायी बन्न पुग्यो। यो घटनामा प्रधानमन्त्री कोइराला ३६ जना विद्रोही सांसदहरूलाई निकै पछाडि धकेली दिएर आफ्नो स्थितिलाई सुदृढ बनाउन सफल हुनु भयो।

नेपाली कांग्रेसको निरीह कार्यसमितिः

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई अन्तर्घात विरूद्ध कारबाही गर्नुपर्छ र प्रधानमन्त्रीबाट हटाउनु पर्छ भन्ने पार्टीभित्र र सडकबाट उठेको आवाज अनुरूप समस्या समाधानका लागि ०५० फागुन ४ गतेदेखि नेपाली कांग्रेस, केन्द्रीय कार्य समितिको बैठक बस्यो। कार्य समितिको ७ वटा वैठक बस्दा पनि यस सम्बन्धमा कुनै निर्णय गर्न नसकेपछि चैत्र १९ गतेको आठौं पटकको वैठकले पार्टी सभापति भट्टराईलाई "पार्टी एकता कायम राख्दै समस्याहरूको समाधान गर्न" सर्वाधिकार सम्पन्न बनायो। कार्य समितिको आठ-आठवटा वैठकले गर्न नसकेको समस्याको समाधान गर्ने अधिकार एक्लो भट्टरूराईलाई जिम्मा दिइनुले नेपाली कांग्रेस एउटा असक्षम नेतृत्वमा झुण्डिएको महशूस हुन्छ।

भट्टराईको क्षमादान

केन्द्रीय कार्यसमितिबाट "सर्वाधिकार सम्पन्न अधिकार" प्राप्त गर्नु हुने सभापति भट्टराईले आफैलाई "अन्तर्घात गरेर हराउने" प्रधानमन्त्रीलाई अवश्य नै बाँकी राख्नु हुने छैन भन्ने धारणा उहाँको पक्षका नेता कार्यकर्ताहरूमा



संयुक्त प्रेस वक्तव्य

प्रजातन्त्रका लागि नागरिक समाजसँग जनेकी प्रतिकूल परिस्थितिमाथि पनि बिचलित रही संघर्ष गर्दै आएका र विगत ०४५ सालमा संयुक्त जन आन्दोलनका प्रमुख शक्ति तथा २०४८ को आम निर्वाचनबाट सत्तामा र प्रमुख प्रतिपक्षमा रहेका लोकप्रिय नेपाली कांग्रेस र नेकपा (एमाले) तथा अन्य बामपन्थी पार्टीहरू देशमा आज घटिरहेका घटनाक्रम प्रति गंभिर सरोकार र चिन्ता प्रकट गर्दछौं।

गत मतदान २५ मते आफ्नो सरकारको नीति तथा कार्यक्रम प्रतिनिधि सभामा अस्वीकृत भएपछि प्रधानमन्त्रीमा पदबाट गिरिजा प्रसाद कोइरालाले राजीनामा दिएको र सो स्वीकृत सगैत मैत्रीकेको अवस्थामा निजको सिफारिसमा प्रतिनिधि सभाको सातौं अधिवेशन बोलिरहेको नेता, चाल् राखेर संसदबाट समाधान खोजी र सत्तासीन पार्टीको निर्णय र सहमती लगेत गरेको अवस्थामा र सत्तासीन दल र प्रमुख प्रतिपक्षी दल दुवैले संविधान अनुसार सरकार बनाउने दावी गरिरहेको कुरालाई लगेत बेवास्ता गरी संविधानको धारा ५३ (४) आकर्षित हुने नलने अवस्थामा असंवैधानिक निर्णयलाई प्रतिनिधि सभा विघटन गरी मध्यावधि चुनावको घोषणा गर्ने काम भएको छ। यो सर्वथा नेपालको संविधान, बहुदलीय व्यवस्थाको गर्न तथा प्रजातान्त्रिक र संसदीय पद्धतीको उपलब्धि गुम्न र मानवताको बेवास्ता र अवमान भएको छ। यस कारणबाट देशको राजनीतिक क्षेत्रमा विरलक मण्डल र प्रजातन्त्र माथिसंकट बढा गरेको लागेको गम्भिर छैन। त्यसकारण आमेलेको मन्डलको स्थितिलाई मध्यनजर गर्न र सर्वोपरितः जनीन अवस्थामा बलात्कको भुगिरहनलाई प्रजातन्त्र बलियो बनाउन र जनताले नडेर त्यसको बहुदलीय व्यवस्थाको रक्षा गर्न तथा प्रजातन्त्र माथिको खतरामा विरुद्धमा नहुन लागी फेरि एकै ठाउँमा उभिनु पर्ने आवश्यकता र महिमलाई महसुस गरेका छौं। यस सन्दर्भमा लागी आज संपूर्ण राजनैतिक पार्टीहरु र संबन्धित पक्षहरु तथा संपूर्ण जनसमुदायलाई पनि देश र जनताको कल्याणको लागि यसो यी संयुक्त प्रयत्नमा साथ दिन हार्दिक अनुरोध गर्दछौं।

लागी असंवैधानिक ढंगले विघटन गरिएको प्रतिनिधि सभाको पुनर्स्थापना औचित्यपूर्ण छ भन्ने कुरामा सहमत छौं। राजीनामा स्वीकृत नैबकेको र संसदीय समितिले पदको दुरुपयोग गरेको जस्तो गंभिर विषयमा आरोपित व्यक्तिको नेतृत्वमा यो बाम गठान सरकारलाई निर्वाचन जस्तो महत्वपूर्ण काम संपन्न गराउने अधिकार त छैन नै, बल्कि संविधानसम्म पनि कायमबाट प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालालाई फाटाइएकोमा दुःख लाग्नु भई तुरुन्तै हटाउने काम पनि गर्दछौं। यस उद्देश्यलाई अघि बढाउन लागी निम्न पार्टीहरू आगामी १५ गते काठमाण्डौ शहीद मंच (खुला मंच) मा संयुक्त आमसभा गर्ने लगी कार्यक्रम गरेको पनि सबैमा जानकारीगराउन चाहन्छौं।

मोहन नारायण निधि
महामन्त्री
नेपाली कांग्रेस

निर्मल लामा
केन्द्रीय नेता
नेकपा (एकता केन्द्र)

विश्वमणि पंजियार
महासचिव
संजयी नेपाल

महेश मणि दीक्षित
महेशमणि दीक्षित
सचिवालय सदस्य
नेकपा (संयुक्त)

माधव कुमार नेपाल
महासचिव
नेकपा (एमाले)

दीनानाथ शर्मा
केशव प्रसाद
नेकपा (मसाल)

संग्राम चैधरी
महासचिव
नेकपा

2049/8/8

थियो। तर कार्यकर्ताहरूको त्यो आशा विपरीत उहाँले कथित ब्रम्हाले सेवकहरूलाई क्षमादान दिने भनिए झैं "अन्तर्घाती र उपर्घाती" सबैलाई क्षमादान दिनु भयो। राजनीतिक पार्टीहरूमा हुनै नसक्ने अत्यन्तै निजी पाराको टालटुले निर्णयले उहाँकै पक्षधरहरू रूष्ट हुन पुगे। भट्टराई पक्षका कार्यकर्ताहरू भट्टराईबाट टाढा हुन पुगे भने गिरिजा र उहाँको बीचमा निकटता बढ्न गयो। सभापति भट्टराईले गल्ती गर्नै जति सबैलाई क्षमादान दिंदै घोषणा गर्नु भयो -"अब पार्टी एक ढिक्का भएको छ, सम्पूर्ण विवाद र समस्याहरू आजका मितिदेखि समाप्त भएका छन्।"

तर विवाद झनै चर्कियो

केन्द्रीय कार्य समितिले गिरिजालाई प्रधानमन्त्रीबाट हटाउने ठोस निर्णय गर्न नसकेपछि र सर्वाधिकार प्राप्त भट्टराईले पनि गिरिजालाई हटाउने निर्णय गर्ने सम्भावना नदेखेपछि सर्वोच्च नेता गणेशमान सिंह ०५१ वैशाख महीनादेखि आफ्नो जनमत तयार गर्न विभिन्न जिल्लाको भ्रमणमा हिड्नु भयो। उहाँले हरेक ठाउँमा भाषण गर्दा सरकार परिवर्तनको कुरा जनतासामु राख्नु भयो। यता सभापति भट्टराईबाट रूष्ट भएका नेता, कार्यकर्ता तथा प्रतिनिधि सभाका ३६ जना सांसदसमेत सर्वोच्च नेता सिंहलाई नै साथ दिएर अगाडि बढ्न थाले।

गणेशमान सिंह र ३६ विद्रोही सांसदलाई पाखा लगाउने प्रधानमन्त्रीको उद्देश्य र आग्रह अनुरूप सभापति भट्टराईले आषाढको दोश्रो साताको प्रारम्भमै पोखरामा महासमितिको वैठक डाक्नु भयो। तर सर्वोच्च नेता सिंह, वहुसंख्यक केन्द्रीय सदस्य र ३६ जना सांसदबाट उक्त वैठक असान्दर्भिक भएको धारणा व्यक्त गरियो। सर्वोच्च नेता कै अस्वस्थताका कारण स्थगित हुन पुगेको महासमितिको वैठकबारे अन्तिम प्रतिक्रिया दिंदै गणेशमान सिंहले महासमितिको वैठक वहिस्कार गर्ने कुरा मात्र गर्नु भएन, गिरिजालाई जसरी पनि हटाउने उद्देश्यले उहाँले भन्नु भयो -"गिरिजा सरकारले साउन देख्न पाउने छैन।"

साउन देख्न नदिने रणनीति

०५० फागुन २४ गतेको अविश्वासको प्रस्तावमा मतदात हुँदा प्रधानमन्त्री कोइरालाकै समर्थनमा मतदान गरेर जनविश्वास गुमाउन पुगेका नेकाका ३६ विद्रोही सांसदहरू प्रतिनिधि सभामै गिरिजालाई अल्पमतमा पारेर असफल बनाउने योजनामा लागे। जसअनुसार श्री ५ को सरकारको नीति र कार्यक्रमका सम्बन्धमा धन्यवाद प्रस्ताव प्रस्तुत हुने दिन विहान विद्रोहीहरूका नेता चीरञ्जीवी वाग्लेको घरमा वैठक गरी प्रतिनिधि सभामा प्रस्ताव पेश हुने समयमा अनुपस्थित रहने निर्णय गरे।

भनिन्छ यो रणनीति तय गर्न र त्यसलाई प्रतिनिधि सभामा सफल बनाउन नेकाका ३६ जना विद्रोही सांसद र एमाले बीच छलफल पनि भएको थियो।

कोइराला सरकार यसरी ढल्यो

०५१ असार २६ गते प्रतिनिधि सभामा श्री ५ को सरकारको नीति तथा कार्यक्रम सम्बन्धमा धन्यवाद प्रस्तुत पास गर्ने कार्यक्रम थियो। तर धन्यवाद प्रस्ताव पास हुने सम्भावना थिएन। दिउँसो १.३० बजे उक्त प्रस्तावमा मतदान हुँदा विपक्षमा ८६ र पक्षमा ७४ मत परी प्रस्ताव अस्वीकृत हुन पुग्यो। तत्काल प्रधानमन्त्रीको राजीनामा माग गरियो। तर प्रधानमन्त्रीले सरकार असफल भएकोमा नैतिक रूपले राजीनामा गर्ने जानकारी तत्काल प्रतिनिधि सभामा दिनु भएन। साँझ ७ बजेको रेडियो नेपालको समाचारमा प्रधानमन्त्रीले राजा समक्ष राजीनामा पेश गरेको कुरा बताइयो।

प्रमुख प्रतिपक्षी दलद्वारा सरकार बनाउने माग

सरकार असफल भएपछि र प्रधानमन्त्रीले राजीनामा गरेपछि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारी र महासचिव माधवकुमार नेपालले २६ गते राती ८ बजे राजासंग भेट गर्नु भयो। सो भेटमा उहाँहरूले संवैधानिक प्रक्रिया र संसदीय परम्परा अनुरूप प्रतिपक्षी दलले सरकार बनाउन पाउनु पर्ने कुरा राख्नु भयो।

आषाढ २७ गते दिउँसो ३ बजे नेकपा (एमाले) द्वारा सरकार गठन गर्ने दावी गरी प्रचार विभाग प्रमुख प्रदीप नेपालको नामबाट प्रेस वक्तव्य प्रसारित गरियो भने प्रतिपक्षी नेता मनमोहन अधिकारीले २७ गतेकै दिन साँझ ७ बजे औपचारिक रूपमा राजा समक्ष नेपाल अधिराज्यको संविधान ०४७ को धारा ४२(२) को मन्त्रीपरिषद सम्बन्धी विशेष व्यवस्थाको प्रयोग हुनु पर्ने अवस्था जनाई मन्त्री परिषद गठन गर्ने दावी प्रस्तुत गर्नु भयो।

नेपाली कांग्रेसद्वारा अर्को सरकार बनाउने माग

असार २६ गते नै एक वक्तव्य प्रकाशित गरी नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री नरहे पनि नेकाको संसदमा वहुमत रहने भएकाले सर्वप्रथम सरकार बनाउनका लागि राजाबाट नेपाली कांग्रेसलाई आमन्त्रण हुनु पर्ने माग गर्नु भएको थियो।

असार २६ गते राती प्रकाशित उक्त वक्तव्यमा भनिएको थियो -"आज साँझ प्रधानमन्त्री निवास वालुवाटारमा भएको वैठकबाट म फर्केको हुँ। त्यहाँ प्रधानमन्त्रीले "मैले राजीनामा दिन्छु र मध्यावधि चुनावको माग गर्छु" भन्दा मैले त्यसको विरोध गरेको थिएँ। गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री नरहे पनि नेकाको बहुमत रहनेछ। यस अवस्थामा नेकाको सभापतिको

साउन ५ गते घाँटीमा गोली लागेर घाइते भएका राजकुमार खड्का

हैसियतले मेरो स्पष्ट माग छ - सर्वप्रथम सरकार बनाउनका लागि श्री ५ बाट नेकालाई नै आमन्त्रण प्राप्त हुनु पर्दछ। नेका असमर्थ भए मात्र एमालेको पालो आएउँनेछ।"

कोइराला सरकारको पुनर्स्थापना

२६ गते साँझ राजा समक्ष राजीनामा पेश गरेपछि काम चलाउ प्रधानमन्त्रीको रूपमा गिरिजाप्रसाद कोइरालालाई जिम्मा दिइएको कुरा राती ९.३० बजेको रेडियो समाचारबाट बताइयो। कोइराला सरकार अर्को मन्त्री परिषद नबनुञ्जेलका लागि मात्र रहेको हुँदा १/२ दिनमा नै नयाँ सरकार गठन हुने विश्वास राजनीतिज्ञ, बुद्धिजीवी र सर्वसाधरण जनताले समेत गरेका थिए। तर आम नेपालीको चाहना, संविधानको मर्म र संसदीय परम्परा प्रतिकूल असार २७ गते राती ९.३० बजेको रेडियो नेपालको समाचारबाट अपत्यारिलो खालको शाही विज्ञप्ति प्रसारित गरियो। जसमा कमचलाउ प्रधानमन्त्री कोइरालाकै सिफारिशमा प्रतिनिधि सभा विघटन गरी कार्तिक २७ गते मध्यावधि निर्वाचन गराउने घोषणा गरिएको थियो। उक्त विज्ञप्तिले सबैलाई सशंकित मात्र बनाएन, आक्रोशित पनि बनायो। देशभक्त र प्रजातन्त्रवादी सर्वसाधरण जनता समेत भन्न थाले -"अब नेपालमा यो प्रजातन्त्र पनि रहेन।"

स्वतस्फूर्त आक्रोशः रातभर नारा जुलुस

असार २७ गते राती ९.३० बजेको रेडियो समाचार मार्फत् प्रस्तुत शाही विज्ञप्तिले प्रजातन्त्रप्रति चिन्तित नेपाली जनतालाई राती १० बजे स्वतस्फूर्त रूपमा सडकमा उत्रिन बाध्य तुल्यायो। राजा र प्रम कोइरालाको विरूद्ध रातभर नाराहरू लागे। यस किसिमका स्वतस्फूर्त जुलुसहरू खासगरी देशका काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, विराटनगर आदि जस्ता प्रमुख शहरहरूमा देखा परे। कतिपय ठाउँमा नेकपा (एमाले) का स्थानीय कमिटीहरूको आव्हानमा पनि रातभर नारा जुलुस गर्ने कामहरू भएका थिए।

एमालेद्वारा आन्दोलनको आव्हान

असार २८ गते नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारीले एक वक्तव्य प्रकाशित गर्नु भयो। उक्त वक्तव्यमा "गैर संवैधानिक गिरिजा सरकार भंग गर, सर्वदलीय सरकार गठन गर" भन्ने नारा सहित देशभक्त तथा प्रजातान्त्रिक राजनैतिक शक्तिहरू एवं सम्पूर्ण न्यायप्रेमी जनसमुदायलाई एकजुट भएर शाही घोषणा विरूद्ध संघर्षमा उठ्न आव्हान गरिएको थियो।

भदौ ३ गते सिंहदरबार घेराउ कार्यक्रममा भएको आम गिरफ्तारी

उक्त वक्तव्य प्रकाशित-प्रसारित भएपछि उक्त दिन विहानैदेखि वेलुकासम्म वागमती, जनकपुर, गण्डकी, मेची, कोशी, सगरमाथा, नारायणी, राप्ती, मेरी लगायतका अञ्चलहरूमा जुलुस र आमसभाका कार्यक्रमहरू सम्पन्न भए।

असार २८ गते कै दिन बसेको नेकपा (एमाले) संसदीय दलको वैठकले संसदमा पराजित मैसकेका र संसदीय समितिबाट भ्रष्टाचारको गम्भीर आरोप समेत लागेका प्रधानमन्त्री कोइरालाको गलत सिफारिशमा प्रतिनिधि सभा विघटन गरी उही नै प्रधानमन्त्रीलाई मध्यावधि निर्वाचन सम्पन्न गराउने जिम्मा दिइनुबाट संविधान र संसदीय परम्पराको गम्भीर उल्लंघन भएको निर्णय गरेको थियो। उक्त वैठकले सर्वदलीय सरकारको मागलाई समेत जोडदार रूपमा उठाएको थियो।

असार २९ गते नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारीले असंवैधानिक गिरिजा सरकार भंग गरी सर्वदलीय सरकार गठन गर्ने ज्ञापन पत्र राजा समक्ष प्रस्तुत गर्नु भयो।

असार २९ गते नै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा मध्यावधि निर्वाचन बारे छलफल गर्न आयोजित वार्तालाई नेकपा (एमाले) लगायतका वामपन्थी दलहरूले बहिष्कार गरेका थिए।

सबैको स्वर एउटै

प्रतिनिधि सभा विघटन गरी मध्यावधि निर्वाचन गर्न गिरिजा सरकारलाई नै पुनर्स्थापित गरिएको शाही घोषणा जारी गरिएपछि देशका सबै नै राष्ट्रिय दलहरू त्यस विरूद्ध उभिए। जसमा नेपाली कांग्रेस पार्टी समेत देखा पऱ्यो। धेरैले संसदीय परम्परा अनुरूप प्रमुख प्रतिपक्षलाई सरकार बनाउने मौका दिनु पर्ने कुरा उठाए। त्यस्तो मौका नदिएपछि गिरिजा सरकारको नेतृत्वमा मध्यावधि निर्वाचन निष्पक्ष, धाँधली रहित र स्वतन्त्र ढंगले हुन नसक्ने भएकाले सर्वदलीय सरकार गठन हुनुपर्छ भन्ने मागमा भने सबैको सहमति रह्यो।

शाही विज्ञप्तिको तत्काल स्वागत गर्नेमा पूर्व पञ्चहरूको राष्ट्रिय प्रजातन्त्र पार्टी मात्र देखा पऱ्यो। शाही विज्ञप्तिप्रति नेपाल मजदुर किसान पार्टीको पनि असहमति नरहेको कुरा उक्त पार्टीका नेता नारायणमान विजुक्छेले बताउनु भएको थियो।

विदेशबाट शाही विज्ञप्तिको विरोध

विदेशमा रहेका नेपालीहरूका तर्फबाट पनि शाही विज्ञप्तिको विरोध गर्दै वक्तव्यहरू पठाइएका थिए। "नेपाल मानवअधिकार समिति - यू.एस.ए." ९ल्ज्च्ऋ(ग्क्ब० ले अगष्ट -२ का दिन एक वक्तव्य प्रकाशित गरी संसदमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूसंग कुनै उचित परामर्श नगरी हालै भएको संसद विघटनको कामप्रति आपत्ति जनाउँदै गम्भीर चिन्ता व्यक्त गऱ्यो। अमेरिकामा रहेका नेपालीहरूको संस्था "अलाइन्स फर डेमोक्र्यासी एण्ड ह्यूमन राइट्स इन नेपाल" ले राजीनामा गरिसकेका प्रधानमन्त्री कोइरालाको सिफारिशमा राजाबाट अप्रजातान्त्रिक ढंगले

प्रतिनिधि सभा भंग गरिएको बताउँदै त्यसप्रति विरोध जनाएको थियो।

उक्त संस्थाका उपसभापति हरिराज अधिकारीले हस्ताक्षर गर्नु भएको एक पत्रमा भनिएको थियो -"विभिन्न प्रतिक्रियावादी शक्तिहरूद्वारा प्रजातन्त्रलाई कमजोर पार्न षडयन्त्र र ग्राण्ड डिजाइन गरिंदै आएको कुरा स्पष्ट हुँदाहुँदै यस्तो कार्य गर्नु जन आन्दोलनको भावना र लक्ष्यमाथि कुठाराघात हो।"

उहाँले पत्रको अन्त्यमा उल्लेख गर्नु भएको थियो -"यो सरकार सत्तामा छउञ्जेल निष्पक्ष र स्वतन्त्र चुनाव हुन सक्दैन। त्यसैले स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्न सबै दलको सहमतिमा एक काम चलाउ सरकार गठन हुनुपर्दछ।"

त्यसैगरी प्रवासी नेपाली संघ भारत र फार इस्टर्न ओभरसिज नेपालीज एशोसियशन हङ्गकङ्गको तर्फबाट पनि शाही विज्ञप्तिको विरोध गर्दै सर्वदलीय सरकारको माग गरिएको थियो।

वामपन्थी दलहरू एकीकृत आन्दोलनमा

असार २९ र ३० गते पनि देशका विभिन्न ठाउँहरूमा शाही विज्ञप्तिका विरूद्ध जनता सडकमा उत्रिने क्रम जारी नै रह्यो।

असार ३१ गते गिरिजा सरकारलाई सत्ताच्युत गर्न देशभक्त जनतान्त्रिक र वामपन्थी शक्तिहरूलाई संयुक्त आन्दोलनमा उत्रिन आग्रह गर्दै नेकपा (एमाले), संजमो (डाक्टर), संजमो (वैद्य) नेकपा (मसाल), नेकपा (संयुक्त) र नेपाल कम्युनिस्ट लीगद्वारा संयुक्त विज्ञप्ति जारी भयो। सोही विज्ञप्ति अनुरूप साउन १ गते नेकपा (एमाले), नेकपा (एकता केन्द्र), नेकपा (मसाल), नेकपा (संयुक्त), संजमो (वैद्य) र नेपाल कम्युनिष्ट लीगद्वारा संयुक्त आन्दोलनको घोषणा गरियो।

सो दिन सर्वदलीय सरकारको मागप्रति विरोध जनाउँदै संजमो (डाक्टर) ले संयुक्त वाम आन्दोलनबाट अलग रहने जानकारी दियो भने नेमकिपा (रोहित) ले शाही घोषणा संवैधानिक नै भएको बताउँदै आन्दोलनमा सामेल नहुने जानकारी गराएको थियो।

साउन २ गते आन्दोलनका लागि एक भएका ६ वामपन्थी दलहरूले साउन ५ गते १ दिन र साउन ९,१०,११ गते ३ दिन नेपाल बन्द लगायतका विरोध कार्यक्रमहरूको घोषणा गरे।

साउन ४ गते देशका प्रमुख ठाउँहरूमा प्रभावशाली मसाल जुलुसहरू निकालिएका थिए।

साउन ५ को नेपाल बन्द

साउन ५ को नेपाल बन्द पूर्ण रूपमा सफल रह्यो। सो दिन प्रहरको शैली आक्रामक रहे पनि गोली चलाएर हत्या नै गर्ने जस्ता घटनाहरू भएनन्। अश्रुग्याँसको प्रयोग र लाठी चार्जका घटनाहरू प्रशस्तै भए।

उक्त दिन काठमाण्डौको वीर अस्पताल वरपरको क्षेत्र निकै नै तनावग्रस्त रह्यो। त्यहाँ ३/४ घण्टासम्म प्रहरी र आन्दोलनकारी बीच मुठभेड हुने स्थिति कायम रह्यो। साँझपख प्रहरीले गोली चलाउँदा थानकोटका राजकुमार खड्काको घाँटीमा लाग्न गई उनी बेहोश भएर ढले। उनको अवस्था चिन्ताजनक थियो। त्यस्तै बद्रीबहादुर कार्की र रामप्रसाद श्रेष्ठ खुट्टामा गोली लागी घाइते भएका थिए। प्रहरीको लाठीबाट रामचन्द्र बराल, हरिभक्त, तारा उप्रेती (मानवअधिकार पर्यवेक्षण टोलीमा संलग्न), महालक्ष्मी थापा, निश्चय अधिकारी लगायतका थुप्रै व्यक्तिहरू घाइते भएका थिए। विद्युत प्राधिकरण नजिकको क्रसिङ्ग पुलमा बसिरहेका एकजना युवकलाई प्रहरीले लाठीले पिट्दै सडकमा खसाल्दा ती युवक नाक कानबाट रगत आई वेहोश भएका थिए। उनलाई तत्काल अस्पताल लगिएको थियो।

त्यस दिन नेपाल अधिराज्यभरबाट २८० जना मात्र समातिएको जानकारी सरकारी पक्षबाट दिइए पनि पक्राउ पर्नेहरूमा काठमाडौंमा मात्र २ सयभन्दा बढी रहेको सम्बद्ध राजनीतिक पार्टीहरूले बताए। काठमाडौंको महेन्द्र पुलीस क्लवमा थुनिएका त्रिशुलीका १२ वर्षीय श्याम तामाङ्ग, धोवीचौरका १२ वर्षीय नमे गुरूङ्ग, नुवाकोट घर भै बालाजु बस्ने १४ वर्षीय रामकृष्ण भट्टराई डाँको छोडेर रोइरहेका थिए। उनीहरूलाई भात खाने होटल खोज्दै हिंडेको अवस्थामा गिरफ्तार गरिएको थियो।

साँझपक्ष गिरफ्तार गरिएकाहरूलाई निर्ममतापूर्वक कुटपिट गरिएको थियो। रात परिसकेपछि पनि २०/२५ जनाको एक समूहलाई रत्नपार्कमा प्रहरीले घेराउ गरेर रास्वेको थियो। सोही समयमा त्यहाँ मानवअधिकार पर्यवेक्षण टोली पुगेपछि केहीलाई छोडिएको थियो भने बाँकीलाई प्रहरी भ्यानमा रास्वेर लगिएको थियो।

प्रहरीको लाठीबाट घाइते हुनेहरू मध्ये केही पैसा नभएर उपचार गर्न सकिरहेका थिएनन्। उनीहरूलाई मानवअधिकार पर्यवेक्षण टोलीका तर्फबाट उपचारको व्यवस्था गरिएको थियो।

सो दिन बन्द कार्यक्रमलाई सफल बनाउन देशका सबैजसो शहर बजारहरूमा विहानैदेखि जुलुसहरू निस्किएका थिए। काठमाडौंमा पटक पटक गरेर विशाल जुलुसहरू निस्किए। जसको नेतृत्व एमालेका वामदेव गौतम, राधाकृष्ण मैनाली, अमृत बोहरा, राजेन्द्र श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, संजमोका घनश्याम शर्मा पौडेल, मसालका चित्रबहदुर के.सी. लगायतका नेताहरूले गरेका थिए।

साउन ९ को नेपाल बन्दः

पूर्वघोषित ३ दिने नेपाल बन्दलाई घटाएर एक दिन मात्र नेपाल बन्द गर्ने निर्णय ८ गते राती भएको थियो।

साउन ९ गतेको नेपाल बन्दलाई असफल

सर्वदलीय सरकारको माग गर्दै निस्किएको जुलुस

गराउन सरकारी पक्षबाट धेरै प्रयासहरू भए। २/३ दिन अगाडिदेखिनै विभिन्न पार्टीका कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने क्रम जारी रह्यो। यस सिलसिलामा पत्रकारहरू शक्ति लम्साल, कर्णबहादुर के.सी., विनोद पहाडीलाई पनि गिरफ्तार गरियो भने नेकपा (मसाल) का नेता चित्रबहादुर के.सी. लगायत थुप्रै राजनीतिक कार्यकर्ताहरूलाई बाटोमा हिडिरहेको अवस्थामा गिरफ्तार गरिएको थियो।

साउन ८ गते साँझ देशभर बृहद् खालका मसाल जलुसहरू निस्किएका थिए।

साउन ९ गते विहानैदेखि देशका सबै शहर बजारहरूमा अधिराज्यभरबाट करीब ५ सय मानिसलाई गिरफ्तार गरिएको थियो। नेकपा (मसाल) का नेता चित्रबहादुर के.सी. सहित केही व्यक्तिलाई राज्य विरूद्ध अपराध अन्तर्गत मुद्दा चलाइने प्रयत्न सरकारी पक्षबाट गरिए पनि विना आधार मुद्दा दर्ता हुन नसकेपछि रिहा गरिएको थियो।

९ गतेको नेपाल बन्द कार्यक्रम तुलनात्मक रूपमा शान्तिपूर्ण ढंगले सम्पन्न भयो। उक्त दिन लाठीचार्ज गर्ने काम भने प्रशस्तै भएको थियो।

वाम-कांग्रेसको नयाँ समीकरण

असार २९ गते नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले गिरिजाले प्रजातन्त्र दरवारमा पुऱ्याएको र शाही घोषणाबाट संविधानको बलात्कार भएको बताउँदै वामपन्थीहरूद्वारा आव्हान गरिएको आन्दोलनमा आफ्नो पूर्ण समर्थन जनाउनु भयो। राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीले पनि मध्यावधिको घोषणा षड्यन्त्रको उपज भएको ठहर गर्नु भयो।

त्यसैगरी नेपाली कांग्रेसका महामन्त्री महेन्द्रनारायण निधिले पनि गिरिजाले संसद विघटन गरी मध्यावधि निर्वाचन गर्न गरेको सिफारिशलाई षड्यन्त्रपूर्ण भनी तत्कालै विरोध गर्नु भएको थियो।

नेपाली कांग्रेसको एउटा पक्षले "प्रजातन्त्रको रक्षार्थ" गिरिजा प्रसाद कोइरालाको सिफारिशमा भएको शाही घोषणका विरूद्ध संयुक्त आन्दोलनकै आवश्यकता भएको कुरा पनि अभिव्यक्त गर्न थाले। त्यसबाट देशमा चलिरहेको आन्दोलनमा नयाँ समीकरणको सम्भाव्यता देखा पऱ्यो।

साउन ७ गते नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल र नेपाली कांग्रेसका महामन्त्री महेन्द्रनारायण निधिका बीच संयुक्त संघर्षमा सामेल हुने सम्बन्धमा वार्ता भयो। सोही वार्ताको परिणाम स्वरूप साउन ८ गते नेपाली कांग्रेस र वामपन्थीदलहरूको संयुक्त वक्तव्य जारी गर्ने निर्णय भयो। साउन ८ गते दिउँसो एमालेका अध्यक्ष मनमोहन अधिकारी, राधाकृष्ण मैनाली, के.पी. ओली, भरतमोहन अधिकारी र नेकाका सभापति कृष्णप्रसाद भट्टराई, बेनीबहादुर कार्की र विदुर पौडेलको उपस्थितिमा संयुक्त व्यक्तव्य दिने निर्णय गरी दुवै पार्टीका महासचिव तथा महामन्त्रीद्वारा संयुक्त प्रेस वक्तव्यमा हस्ताक्षर गरियो। जसमा अन्य वामपन्थी दलहरूले पनि सहमति जनाएर हस्ताक्षर गरे। उक्त वक्तव्य साउन १५ गते शहीदमंचमा संयुक्त आमसभा गर्ने निर्णयका साथ प्रकाशित गरियो।

संयुक्त वक्तव्य जारी हुनु अघि अघि नेका महामन्त्री निधिले राजा समक्ष पार्टीको केन्द्रीय कार्य समितिको तर्फबाट "तुरून्त प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई खारेज गरी देशमा संवैधानिक प्रक्रिया प्रारम्भ गरिबक्सियोस्" भन्ने माग प्रस्तुत गर्नु भएको थियो।

साउन ९ गते गिरिजालाई हटाउन र प्रतिनिधि सभा पुनर्बहाली गर्न नेपाली कांग्रेसको तर्फबाट राजा समक्ष विन्तिपत्र प्रस्तुत गरियो भने सोही दिन कांग्रेसका ३६ जना सांसदद्वारा प्रकाशित पार्टी एकताका लागि प्रधानमन्त्रीले तुरून्तै राजीनामा गर्नुपर्छ भन्ने पत्र सार्वजनिक जानकारीमा आएको थियो।

यसै सन्दर्भमा साउन १० गते राजाबाट प्रधानमन्त्री कोइरालालाई विद्यमान राजनीतिक परिस्थिति बारे लिखित जानकारी दिन भनिएको कुरा प्रचारमा आयो। १० गते नै राजाबाट राजपरिषदलाई परामर्श दिन पनि भनिएको थियो।

प्रतिनिधिसभा पुनर्स्थापनाका लागि मुद्दा

साउन ११ गते प्रतिनिधिसभा विघटन असंवैधानिक छ भनी सर्वोच्च अदालतमा मुद्दा दायर भयो। उक्त मुद्दा दायर गर्नेहरूमा नेपाली कांग्रेसका पूर्व सांसद हरिप्रसाद नेपाल र दुर्गा सुवेदी तथा एमालेका पूर्व सांसद गणेश पण्डित र लोककृष्ण भट्टराई हुनुहुन्छ।

त्यसरी नै बजेट अध्यादेश बदर गरी पाउँ भनी सर्वोच्चमै अर्को मुद्दा पनि दायर हुन पुगको छ।

साउन ११ गते नै विघटित प्रतिनिधि सभाका बहुमत सदस्यहरूद्वारा हस्ताक्षर गरी प्रतिनिधि सभाको पुनर्स्थापना गर्ने अभियान प्रारम्भ भयो। साउन १२ गते मनमोहन अधिकारी र वेनीबहादुर कार्कीको नेतृत्वमा गएको पूर्व

विदेशी संचार माध्यमहरूले के भने ?

➡ नेपालमा राजनीतिक उथलपुथल प्रारम्भ भएको छ। प्रतिनिधि सभा विघटन र मध्यावधि निर्वाचनको विपक्षमा रहेको प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले विरोध स्वरूप आज मसाल जुलुसको आयोजना गऱ्यो। भोलि एमालेको आव्हानमा एकीकृत आन्दोलनका लागि अन्य वामपन्थी दलहरू बीच परामर्श भेला हुने भएको छ। नेकपा (एमाले) ३ दिन नेपाल बन्द गर्ने बारेमा सोचिरहेको छ।
(०५१ असार ३० गते बीवीसी रेडियोको हिन्दी दोश्रो सभामा प्रसारित समाचार संक्षेप)

➡ हिजो बेजुकी काठमाडौंमा एमालेको आयोजनामा नौ हजार मानिसको मसाल जुलुस निस्कियो। कम्युनिष्टहरू आगामी मध्यावधि चुनावका लागि अन्तरिम सरकारको माग गर्दैछन्। नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंह पनि कोइरालाको कदमप्रति रूष्ट हुनुहुन्छ।
(०५१ असार ३१ गते वीवीसी रेडियोको विहान ७.१५ बजे प्रसारित अंग्रेजी समाचारको संक्षेप)

➡ "घुम्ता आइना" शीर्षकको कार्यक्रममा नेपालको विद्यमान राजनीतिक स्थितिबारे संक्षिप्त चर्चा। नेपाली कांग्रेसका ३६ सांसदले १० जुलाईका दिन गरेको विद्रोहदेखि १२ जुलाईमा प्रतिनिधि सभा विघटन हुँदासम्मको घटनाक्रमको उल्लेख गर्दै एमालेद्वारा भइरहेको विरोध कार्यक्रमको चर्चा/विरोध प्रदर्शनको दृष्य पनि प्रस्तुत गरिएको थियो।
(०५१ साउन १ गते, जीटीभीको "घुम्ता आइना" कार्यक्रम, राती १०.१५ बजे)

➡ "प्रतिनिधि सभा भङ्ग गर्दा संवैधानिक प्रक्रियाहरू पूरा गरिएन। संसदमा प्रतिनिधित्व गर्ने दोश्रो दललाई संसदीय परम्परा अनुरूप सरकार बनाउन दिनु पर्नेमा त्यो पनि गरिएन। कांग्रेस पार्टीसंग नै पनि सल्लाह गरिनु पर्थ्यो। राजालाई कोइराला सरकार भंग गर्न दिइएको ५ दिनको अल्टिमेटम अनुसार कोइराला सरकार भंग नगरिएमा हामी आन्दोलनलाई जारी राख्ने छौं। प्रत्येक जिल्ला र प्रत्येक शहरमा आन्दोलन पुऱ्याउने छौ। हामी मुख्यतः गिरिजा विरोधी आन्दोलनमा छौ। तर त्यसमा राजा पनि

मुछिने हो भने, हामीलाई थाहा छैन। हामीलाई विश्वास छैन, गिरिजाले विषपक्ष र धाँधलीरहित चुनाव गराउने छन्। हामी संवैधानिक कू का विरोधी छौं। राजाले अधैर्य हुनु हुदैन।

- मनमोहन अधिकारी, अध्यक्ष नेकपा (एमाले)
(०५१ साउन १ गते, वीवीसी रेडियो, साउथ एशिया रिपोर्ट अन्तर्गतको टेलिफोन वार्ताको संक्षेप)

➡ नेपाल बन्दको समाचार दिएपछि गृहमन्त्री शेरबहादुर देउवासंग वार्ता। नेपाल बन्द त सफल भयो नि त भनी प्रश्न गर्दा गृहमन्त्रीको उत्तर थियो -"डरका कारण कोही बाहिर निस्कदैनन्। _ तर राजनीतिक परिवर्तन सडकको हिंसाद्वारा हुन सक्दैन। _ तेश्रो विश्वको चुनावमा हुलदङ्गा त हुन्छ नै। तर चुनाव हुन्छ। ___ हामी कांग्रेसभित्र एकता कायम गर्न प्रयत्नरत छौं।"

(०५१ साउन ५ गते, वीवीसी, हिन्दी तेश्रो सभामा प्रस्तुत टेलिफोन वार्ताको संक्षेप)

➡ नेपाल सम्बन्धी मुख्य समाचार प्रसारित गरियो। गृह मन्त्रालयको सूचना सम्बन्धी केदारमान सिंहको रिपोर्टसंगसंगै नयाँ घटनाहरूबारे खगेन्द्र नेपालीको रिपोर्ट प्रस्तुत भयो। खगेन्द्र नेपालीको कथन थियो -"नेपालको राजनीतिक क्षितिजमा परिवर्तन हुनसक्छ।" नेपाली कांग्रेस पनि आन्दोलनमा संलग्न भएको जानकारी प्रस्तुत।

(०५१ साउन ८ गते, वीवीसी, साउथ एशिया रिपोर्ट)

➡ नेपालको प्रजातन्त्रमा संकट देखा परेको छ। ३ वर्षको प्रजातन्त्रकालमा गिरिजा सरकारद्वारा राम्रो काम भएको छ। उदार अर्थनीतिको राम्रो बाटो सरकारले अपनाएको थियो। तर आफ्नै पार्टीका केही सांसद मन्त्री नपाएकाले सरकारको विपक्षमा लागे। राजा, गिरिजा र राप्रपा मिलेर प्रतिनिधिसभा विघटन गरियो भन्ने अफवाह हो। (यस्तै व्यहोराको गिरिजा र पशुपति सम्शेरको अन्तर्वार्ता दिइएको थियो भने विरोधमा एमालेका महासचिव माधवकुमार नेपालको अन्तर्वार्ता पनि प्रस्तुत गरिएको थियो।) टिप्पणीकर्ताको कथन थियो -"नेपालमा गिरिजा र राप्रपा मिलेर सरकार बनाई प्रजातान्त्रिक प्रक्रिया अघि बढाउनु सबभन्दा राम्रो देखिन्छ।"

(दूरदर्शन, द वर्ल्ड दिस वीक,

सांसदहरूको मौन जुलुसले दस्तखत सहितको निवेदन राजदरवारको निजी सचिवालयमा दर्ता गऱ्यो। निवेदनमा दस्तखत गर्नेमा एमालेका ६७, नेपाली कांग्रेसका ३४ र जनमोर्चाका ४ गरी १०५ जना पूर्व सांसदहरू रहेका छन्।

नेपाली कांग्रेस भित्रको अर्को विकास

साउन १२ गते नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराई र एमालेका मनमोहन अधिकारीद्वारा साउन ८ गतेको "साउन १५ गते वाम-कांग्रेसको संयुक्त आमसभा गरी आन्दोलनमा अगाडि बढ्ने" भन्ने संयुक्त वक्तव्यको समर्थन गर्दै संयुक्त वक्तव्य प्रकाशित भयो। तर साउन १२ गते कै नेका केन्द्रीय कार्य समितिको वैठकले तीन जना नेता कृष्णप्रसाद भट्टराई, महेन्द्रनारायण निधि र गिरिजाप्रसाद कोइराला चुनावमा नउठ्ने निर्णय गरी सम्पूर्ण मतभेद र विवाद समाप्त भएको घोषणा गरियो। वामपन्थीहरूको आन्दोलनलाई असफल गराउन महामन्त्री निधि मार्फत षडयन्त्रपूर्ण वक्तव्यवाजी गरिएको कुरा पनि प्रवक्ता तारानाथ रानाभाटले पार्टीका निर्णयहरू सुनाउने क्रममा बताएका थिए।

एकातिर प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचन गराउन सिफारिश गर्ने प्रधानमन्त्री कोइरालालाई प्रजातन्त्रलाई नै दरवारमा सुम्पेको आरोप लगाउने कांग्रेसका नेताहरू अर्कातिर गिरिजासंग नै हामी एक छौ भनेर घाँटी जोड्न पुग्नुले नेपाली कांग्रेस र त्यसका नेताहरूप्रति नै जनतामा तीव्र वितृष्णा पैदा हुन पुग्यो। त्यसपछि घैरैले सोध्न पनि थाले - यदि ३ जना नेताले चुनाव नलड्दैमा समस्या सुल्झिन्थ्यो भने देशमा यत्रोविधि अन्योल र अस्थीरता बढाउनुमा नेपाली कांग्रेसको उद्देश्य के हो ?

कांग्रेस पार्टी सती गयो

नेका केन्द्रीय कार्यसमितिको निर्णय पश्चात साउन १२ गते नै आफ्नो प्रतिक्रिया व्यक्त गर्दै नेकाका सर्वोच्च नेता गणेशमान सिंहले भन्नु भयो - **"बदमासी गर्नेलाई कारबाही गरेर पार्टी जोगाउने काम होइन, बदमासी गर्नेसगै पार्टी सती गयो।"** प्रतिक्रियाकै सिलसिलामा उहाँले यो पनि भन्नु भयो -**"गिरिजाबाबु सत्तामा आएपछि**

मानवअधिकारवादीहरुको चुनौती

प्रतिनिधि सभाको विघटन प्रजातन्त्रमाथिको धक्का थियो। मानवअधिकार प्रजातन्त्रकै एउटा अंग हो। प्रजातन्त्रमाथिको धक्का मानवअधिकारमाथिको प्रहार पनि हो। चारवर्ष अघि गिरिजाप्रसाद कोइराला निर्वाचनकै माध्यमद्वारा प्रधानमन्त्रीको कुर्सीमा पुग्नु भएको थियो। तर केवल तीन वर्षकै अवधिमा कोइरालाले प्रजातन्त्रको सम्पूर्ण शैली भुल्नु भयो।

प्रतिनिधि सभाको विघटनद्वारा प्रजातन्त्रमाथि प्रहार गर्न कोइराला सफल हुनु भयो। तीन वर्षको अवधिमा जननिर्वाचित सरकार कति अलोकप्रिय भयो, यो कुरो स्वयं सरकारले बाहेक अरू जो सुकैले देखेको छ।

शासनको शुरूवातमै कोइरालाको दमनको बुल्डोजर कर्मचारीहरूमाथि चल्यो। त्यसपछि टनकपुरको मामिलामा सरकार नराम्रोसंग फस्यो। प्रजातन्त्रको वहाली पश्चात आम जनसमूदायमा नौलो उमंग छायो। उनीहरूमा प्रत्यशा पनि जाग्यो। कर्मचारीहरू माझ पनि प्रजातन्त्रसंगै नयाँ आशा जाग्यो। उनीहरू पनि सरकारलाई घच्घच्याउन थाले। तर कोइराला सरकारमा कुनै सदाशयता पलाएन। कर्मचारीहरूले वीचको बाटो पनि खोजे। तर सरकारको हठ सेलाएन। ०४८ असार १६ देखि भदौ ९ गतेसम्मको आन्दोलनका क्रममा ३ सय ८५ जना कर्मचारीहरू खोसुवामा परे। त्यही क्रममा एकजना युवकको मृत्यु पनि भयो। तर सरकार आफ्नो दमनकारी हठमा अझै दृढ बन्न थाल्यो ।

कोइराला सरकारको प्रचण्ड हठको पहिलो नमूना त्यसैक्रममा देखिएको थियो। त्यस पछिका दिनमा पनि सरकारले कहिल्यै वीचको बाटो अपनाउन चाहेन। साहै अप्ठ्यारो पर्दा नेपाली कांग्रेस अग्रसर भएर प्रतिपक्षीहरूसंग सहमति कामय गऱ्यो। तर सरकारले प्रतिपक्षीहरूसंगका यावत सहमतिहरूलाई बारबार तोड्दै गयो। प्रधानमन्त्री कोइरालाले टनकपुरका सम्बन्धमा भारतसंग सन्धि नै गरेर आउनु भयो। तर वहाँले संसदलाई समेत बारबार भ्रममा राख्न खोज्नु भयो। अन्ततः ०४९ पुष ३० गते सर्वोच्च अदालतले नै वहाँको भारतसंगको "समझदारी" लाई सप्रमाण "सन्धि" भन्ने पुष्टी गरिदियो। तर सरकारले त्यति ठूलो फैसलालाई पनि आफ्नो नैतिक पराजय ठानेन।

कोइराला सरकारको अति प्रचण्ड हठको नमूना त्यसबेला देखियो। टनकपुरका मामिलामा ०४९ फागुन २५ गते नेपाली कांग्रेसका सर्वोच्च

नैतिकता र सिद्धान्तलाई तिलाञ्जली दिएर निष्प्रभाव बनाइएको पार्टीलाई आजको निर्णयले आगो लगाउने काम गरेको छ।" वामपन्थीहरूले चलाएको आन्दोलन सम्बन्धमा उहाँको भनाई थियो -"विपक्षीहरूले चलाएको आन्दोलन एकदम सही छ।"

सर्वोच्च नेता सिंहको यस्तो विचारबाट नेपाली कांग्रेसभित्रको विवाद समाप्त भएको पुष्टी हुँदैन। कार्य समितिको वैठकमा "मन मिले पनि" वैठक वाहिर आएपछि सबैले आ-आफ्नो खालको "मन नमिलेका" प्रतिक्रियाहरू व्यक्त गरिरहेको पाइन्छ। प्रधानमन्त्री कोइरालाले आफूखुसी साउन १३ र १४ गते डाक्नु भएको भेला र प्रधानमन्त्री विरोधीहरूले साउन २६ र २७ गते आयोजना गरेको भेलामा ती कुराहरू अभिव्यक्त भएका थिए।

वाम आन्दोलनको तेश्रो चरण

वामपन्थी दलहरू र नेपाली कांग्रेसका वीच देखिएको राजनीतिक समीकरण भत्किएपछि नेपाली कांग्रेसका नेताहरूको बोली र व्यवहारमा जनताले नै विश्वास नगर्ने अवस्था देखापरेको बताउँदै आन्दोलनरत वाम दलहरू आफ्ना कार्यक्रमहरूलाई लगातार अगाडि बढाउन मै व्यस्त रहे। साउन २२ गते आन्दोलनको दोश्रो चरण समाप्त भयो। सोही दिन उनीहरूले तेश्रो चरणको कार्यक्रमको घोषणा गरे।

सभा, कोणसभा, जुलुस, मसाल जुलुस जस्ता कार्यक्रमहरू सम्पन्न भएपछि साउन ३० गते आन्दोलनरत वाम दलहरूले नेपाल बन्दको आयोजना गरे। सो दिनको बन्द कार्यक्रम पूर्ण सफल रहयो। करीब ५ सय जनालाई उक्त दिन गिरफ्तार गरिएको थियो।

संयुक्त आन्दोलनबाट पृथक रहेर आन्दोलनरत संयुक्त जनमोर्चा (वावुराम) द्वारा आयोजित भाद्र १ को नेपालबन्द पनि शान्तिपूर्ण रूपमा पूर्ण सफल रहयो। त्यस दिन संजमोका केन्द्रीय सचिव पम्फा भुसाल सहित १ हजार कार्यकर्तालाई गिरफ्तार गरेको कुरा मोर्चाले जनाएको थियो।

नेता पनि सबै गिरफ्तार

वाम आन्दोलनको तेश्रो चरण अन्तरगत भदौ ३ गतेको सिंहदरवार घेराउ कार्यक्रममा व्यापक गिरफ्तारी चलाइयो। सो दिन एमालेका अध्यक्ष मनमोहन अधिकारी, महासचिव तथा राष्ट्रिय सभामा प्रतिपक्षी नेता माधवकुमार नेपाल, वामदेव गौतम, सी.पी. मैनाली, झलनाथ खनाल, भरतमोहन अधिकारी, अमृत बोहरा, राधाकृष्ण मैनाली, सहाना प्रधान, ईश्वर पोखरेल, राजेन्द्र श्रेष्ठ, के.पी.ओली, प्रेमबहादुर सिंह, सानु श्रेष्ठ आदि, नेकपा (एकताकेन्द्र) का नेता निर्मल लामा, संजमोका निरञ्जनगोविन्द वैद्य, लीलामणि पोखरेल, नेकपा (मसाल) का नेता चित्रबहादुर के.सी., नेकपा (संयुक्त) का महासचिव विष्णुबहादुर मानन्धर लगायत सबैजसो वाम नेताहरूलाई शान्तिपूर्ण धर्ना कार्यक्रमबाट गिरफ्तार गरिएको थियो। त्यस दिनको आम गिरफ्तारीमा राजनीतिक नेता र कार्यकर्ता मात्र हैन सर्वसाधारण व्यक्तिहरू समेत गिरफ्तार गरिए। गिरफ्तार गरिएकाहरूको संख्या २ हजारभन्दा बढी नै थियो। प्रहरीको निर्मम लाठी प्रहारबाट १५ जना जति गम्भीर घाइते हुन पुगे। भदौ ३ गतेको यो घटनालाई वामपन्थी र अन्य प्रजातान्त्रिक दलहरूले असंवैधानिक सरकारको तानाशाही कारवाहीको रूपमा लिएका छन्।

वामपन्थी दलहरूको निष्कर्ष

नेपाली कांग्रेसको अहिलेसम्मको गतिविधिको अध्ययन-विश्लेषण गरेपछि वामपन्थी दलहरूले अब कांग्रेस फुट्नु र नफुट्नुको कुनै अर्थ नरहेको निष्कर्ष निकालेको छन्। उनीहरूको धारणा छ - नेपाली कांग्रेस देशमा सरकार चलाउन असक्षम पार्टी हो। अव पनि नेपाली कांग्रेस सत्तामा रहने वा फेरि पनि सत्तामा जाने स्थिति आउनु भनेको देशको लागि अत्यन्तै दुर्भाग्यपूर्ण कुरा हुनेछ।

तीनवर्ष अघिदेखि देशमा व्याप्त अन्योल, अस्तव्यस्तता, राष्ट्रघात, जनघात र भ्रष्टाचारलाई समाप्त गर्नका लागि वामपन्थी शक्ति नै देशको सही राजनीतिक शक्ति हुन् भन्ने निष्कर्ष पनि उनीहरूको रहेको छ।

यस्तै यस्तै निष्कर्षसाथ वामपन्थी दलहरू आन्दोलनमा लागिरहेका छन् र यतिवेला गिरिजा सरकारलाई सत्ताच्यूत गरेर सर्वदलीय सरकार गठन गर्नु पर्ने मागलाई प्रमुख मुद्दा बनाएर आन्दोलनको कार्यक्रम अगाडि बढाएका छन्। त्यसवाहेक प्रतिनिधि सभा पुनर्स्थापना निम्ति सर्वोच्च अदालतमा रहेको मुद्दा पनि उनीहरूका लागि महत्वपूर्ण प्रतीक्षाको विषय बनेको छ।

नेताले समेत भन्नु भयो -"टनकपुर प्रकरणमा प्रतिनिधि सभाको साधारण बहुमतमा जानु भनेको मृत्युपत्रमा सहीछाप गर्नु हो। मलाई त्यसमा सही गर्न मेरो अन्तरात्माले रोकेको छ, कृपया मलाई आफ्नो अन्तरात्मका विरूद्ध जान विवश नतुल्याउनोस्।" तर प्रधानमन्त्रीलाई आफ्नै पार्टीका नेताहरूका तीखा टिप्पणीहरूले पनि छोएन।

सरकारले सधैं हठ मात्र प्रदर्शन गऱ्यो। ०४९ फागुन २२ गते सरकारले राष्ट्रिय सभामा मानवअधिकार सम्वन्धी प्रस्तावलाई समेत पराजित तुल्यायो। काठमाण्डौंमा गत वर्ष माघमा सम्पन्न उपनिर्वाचनमा पनि सरकारले अर्को हठ दर्शायो। नयाँ मतदाता नामावली प्रकाशित नगर्ने सरकारी हठलाई पुनः सर्वोच्च अदालतले परास्त गरी दियो। तर सरकारले आफूलाई सच्याएन।

०५० जेठ ३ गते दाँसढुंगामा देशका दुई प्रमुख नेताहरूको रहस्यमय दुर्घटनामा परी निधन भयो। सरकारले भोलिपल्टै उक्त दुर्घटनाको छानवीनका लागि एक सदस्यीय आयोग बनायो। उक्त आयोगले प्रस्तुत गरेको प्रतिवेदन एमालेलाई मान्य भएन। तर कोइरालाले अर्को सर्वपक्षीय आयोग वनाउने मागको ठाडै अस्वीकार गर्नु भयो। अन्ततः भदौ १ गते कांग्रेस र एमालेबीच सम्झौता सम्पन्न भयो। र त्यसपछि दासढुंगा दुर्घटनाको छानवीनका लागि अर्को आयोग वनाउन सरकार सहमत भयो।

कोइराला सरकार आफ्नो हठको पछिल्लो नमूना प्रतिनिधि सभाको विघटन गरी देखायो। प्रतिनिधि सभामा आफ्नो पराजय भए पश्चात प्रधानमन्त्रीले प्रतिनिधि सभा नै विघटन गरी दिनु भयो। र यस्ता हठी सरकारका कार्यकालमा जनअधिकारहरूको पहरेदार हुनु नै नेपाल मानवअधिकारवादीहरूको कठीन चुनौती हुन पुगेको छ।

सरकार मानवअधिकारको दिशामा आमजनतालाई निराश तुल्याइरहेको छ। प्रहरी ज्यादती देखि अन्तर्राष्ट्रिय अनुबन्ध र संविदाहरूको पालनासम्मको कुरोमा सरकारको रवैया ठीक देखिंदैन। सरकारले अन्तर्राष्ट्रिय अनुबन्धहरू अनुरूप संयुक्त राष्ट्र संघमा बुझाउनु पर्ने प्रतिवेदन समेत बुझाउन सकेको छैन। यातना सम्बन्धी सरकारी प्रतिवेदन संयुक्त राष्ट्र संघीय समितिमा अपर्याप्त ठहरिन पुग्यो।

राजाबाट यस्तो सरकारलाई नै संसदीय चुनाव सम्पन्न गराउने दायित्व प्राप्त भएको छ। र चुनाव भयो भने स्वतन्त्र र निष्पक्ष हुन सक्छ ? यस्तो प्रश्नले मानवअधिकारवादीहरू बीच ठूलो चर्चा पाएको छ। गएको आमनिर्वाचनमा प्रधानमन्त्री स्वयंको पराजय भएको थियो। र त्यतिबेला मानवअधिकारवादीहरू सामु एउटा हठी व्यक्ति निर्वाचित प्रधानमन्त्रीका रूपमा चुनौतीका साथ खडा थिएन।

बझाङ : जुठो पुरो एउटालाई, डाडु पन्युँ अर्कोलाई

- लोकबहादुर बराल -

सेती अञ्चलको बझाङ्ग जिल्लाको उत्तरी सीमाले तिब्बतलाई छोएको छ। जिल्लालाई हवाई सेवाले जोडेको छ। तर स्थल यातायातले जोडेको छैन। भट्टेखोला, पातल लेक, आप्रेगड लेक, धामीलेक र सिमखेत माथिको डाँडाको अग्लो पर्खालभित्र रहेको यस जिल्लाको सदरमुकाम चैनपुरमा विजुली बत्ती पुगेको छ, तर अँध्यारो छ।

अन्धविश्वासको भुँगोमा धकेलिएर आमा राजमतिनाथ र नवजात शिशु मृत्युको शिकार भए। घटना यस्तो छ - खीरातडी-९, बोगटी गाउँमा गंगाराम नाथले पूजा लगाइएको बेला राजमतिलाई प्रसव व्यथा लाग्यो र ससुरा नाता पर्ने गंगारामनाथको मिलोमतोमा सामान्य वैद्य जस्तो काम जानेका लोकराज जोशीले बच्चा ढिला जन्मने सुई लगाई दिएछन्। तर आशा गरेभन्दा भिन्दै परिणाम स्वरूप बच्चा २ घण्टामै जन्मेछ र उक्त सुईको प्रभावद्वारा नै बच्चाको ९ घण्टापछि र आमाको ६ दिनपछि मृत्यु भयो। यसरी पूजा लगाइरहेको समयमा सुत्केरी भए अशुद्ध हुन्छ भन्ने अन्धविश्वासमा विचरा नवजात शिशु र निर्दोष आमाको ज्यान गयो।

यस जिल्लामा गाई भैंसी पालन कम्ती छ र बढी भएकाले पनि दुध बेचेमा गाई भैंसी भीरबाट पल्टिने वा त्यस्तै केही अशुभ आइपर्छ भन्ने अन्धविश्वासले गर्दा दुध बेचिन्न। सदरमुकाममै पनि दही अलिअलि पाइन्छ। त्यस बाहेक चिया बनाउन पनि पाउडर दुध नै प्रयोगमा ल्याइन्छ।

दिउँसोमा तल्लो र मल्लो, रातमा एक जात

उक्त कुरा छावाछूत (छुवाछूत) ले ग्रसित बझाङ्ग जिल्ला चैनपुर-१ निवासी गोरखबहादुर दमाईले भनेका हुन्। हुन पनि सदरमुकाममै पनि सार्वजनिक होटलमा समेत बाहिर बसेर चिया खानु पर्ने, खाएको भाँडा पखाल्नु पर्ने चलन वास्तवमै अनौठो छ। तल्लो जात यस समस्याले पिरोलिए पनि मल्लो भनिने माथिल्लो जातले वा कुनै त्यस्तो समाज सेवी संगठन भनौं वा प्रमुख पार्टीहरूले पनि चासो नदेखाएको कुरा दुःख लाग्दो छ। त्यसैले पनि यो समस्या जस्ताको तस्तै छ। चैनपुर-१ निवासी एमाले कार्यकर्ता एल.वि.रावल भन्छन् "मैले यो समस्या बुझेर पनि आफ्नै होटलमा लागू गर्न सकेको छैन।" सदरमुकामको होटलको एमाले कार्यकर्ताको यस्तो भन्नु पर्ने वाध्यता भएको परिप्रेक्ष्यमा व्यक्तिगत घरमा त छुवाछूतको भेदभाव पराकाष्टा मै छ र अभियानकै रूपमा कदम चाल्ने चासो नदेखिएकोले यस जिल्लाका अछूतहरूले परिवर्तनको लागि अझ कति वर्ष पर्खनु पर्ने हो थाहा छैन। वाध्यताले भनौं वा मल्लो जातको आफ्नै असुविधाका कारणले आउने परिवर्तनको पर्खाइ सिवाय यहाँका अछूतलाई अर्को विकल्प छैन।

"दिउँसोमा तल्लो मल्लो र रातमा एक जात" किन भनियो त ? यहाँका वादीहरूको घरबार छैन र उनीहरू खाली मागेर हिंड्ने, नाच्ने, गाउने गर्छन्। साँझमा यी वदेनीहरू (हुनत दिउँसो मै पनि चल्छ) राम्रा राम्रा पोशाकमा आकर्षक भएर हिंड्छन् र वेश्यावृत्ति गरेर पैसा कमाई आफ्नो गुजारा गर्दछन्। कतिलाई छोडेर "आफ्नो जग्गा भएको भए त हामी खेतीपाती गरेर सुखी जीवन गुजार्ने थियौं" भन्ने कल्पना गर्दछन्। यिनीहरू जाडोको समयमा न्यानो भू-भागतर्फ लाग्छन्। रातमा हुने वेश्यावृत्तिमा मल्लो जातहरू नै विशेष गरेर यी जीवन गुजाराको लागि वाध्य वदेनीसंग सम्पर्कमा जाने गर्दछन्।

> *यो प्रजातन्त्र पश्चात पनि कानूनका ठेलीमा लेखिएको एक जात भन्ने नारा भन्दा त "बझाङ्गको रातमा एकजात" भन्ने कुरा नै असल हो कि भन्ने भान पर्छ र वर्तमान कानूनलाई यहाँको छुवाछूतको प्रथाले खुला चुनौती दिएको छ।*

बझाङ्गको रातमा एक जात

छुवाछूतको दृष्टिले नहेरिने र आफ्नो स्वार्थ प्रतिकूल हुने वा आफ्नो मल्लोपनामा अलिकति पनि आँच आयो भने वास उठाउन पनि पछि नपर्ने मल्लो जातको क्रियाकलापदेखि चैनपुर निवासी गोरखनाथ सुनार, गजेन्द्र रसाइली लगायत सम्पूर्ण अछूत चिन्तित छन्, दुःखित छन् र आक्रोसित पनि। कानूनमा छुवाछूतको भेदभाव नभए पनि यससंग सम्बन्धित मर्काहरू सि.डि.ओ. वा डि.एस.पी. वा न्यायालयमा लैजाँदासम्म पनि न्याय दिनुको सट्टा निवेदन नै दर्ता नगराउने र उल्टै मल्लो जातको समर्थन गर्ने गरेकाले अछूत भएर बझाङ्गमा बस्नु अत्यन्त कष्टकर र अभिशाप भएको छ। यो प्रजातन्त्र पश्चात पनि कानूनका ठेलीमा लेखिएको एक जात भन्ने नारा भन्दा त "बझाङ्गको रातमा एकजात" भन्ने कुरा नै असल हो कि भन्ने भान पर्छ र वर्तमान कानूनलाई यहाँको छुवाछूतको प्रथाले खुला चुनौती दिएको छ। तत्कालको लागि सार्वजनिक स्थलको समान उपभोग गर्न सम्पूर्ण पार्टीहरूको र समाजसेवीको ठूलो भूमिका हुने हुनाले र सरकारको प्रमुख दायित्व हुनाले यी सबै पक्षले तल्लो जातलाई अँगाल्ने हिम्मतिलो साझा थलो बनाउनु पर्ने आवश्यकता टड्कारो देखिन्छ। यहाँ खोलिएको क्लबलाई सकारात्मक कदमको रूपमा लिन सकिन्छ भने यसको क्रियाशीलताको प्रश्न भने सोचनीय अवस्थामा छ।

अछूत हुनु नै भूमिहीन हुनु हो

सरसर्ती हेरेर सजिलै भन्न सकिन्छ कि अछूत हुनु नै भूमिहीन हुनु हो। किन कि पूरा जनसंख्याको ४० प्रतिशत भूमिहीनमध्ये यहाँका जम्मा अछूत मध्ये ९० प्रतिशत अछूत नै भूमिहीन छन्। शिक्षित गन्ने हो भने हातका पूरा औंला गन्न पनि आवश्यक पर्दैन। आई.ए. पास गरेका शिक्षक गजेन्द्र रसाइलीले धनगढीमा भर्ना भई बि.ए. प्रथम वर्षको जाँच दिएका छन्। उनी एक क्रियाशील युवक हुन् र उनैको आर्थिक स्थिति वा भूमि सम्बन्धी कुरा गर्दै उनी भन्छन् -"दुई बोरा धान भित्र्याउँछु, बुवाको पैत्रिक पेशा र मेरो प्रा.वि. स्तरको तलबले ९ जनाको जहान येनकेन गुजारा गर्छौं।" दुई बोरा धान आउने चैनपुरको खेत पनि उनको आफ्नै नाममा छैन र उनी बझाङ्ग राजाको सन्तानको रैती मात्र हुन्। यस्तै एकजना वृद्ध अछूतले (गजेन्द्रका सम्बन्धित) ३० सौं वर्षदेखि भोग गरी आएको जग्गा पूर्व पञ्च (हाल राप्रपा) गगन जंग बहादुर सिंहले नै हडपेका छन्। किनकि

उक्त जग्गा सिंहकै नाममा रहेछ। स्मरणीय कुरा के छ भने उक्त जग्गा सिंहका पूर्खाले ती वृद्धलाई दिएको तर हाल गगन जंगले सो जग्गा मेरो भनेका र कमाएर खान मात्र दिएका छन्। भूमि सम्बन्धी सवाल जसको जोत उसको पोतको ०१८ साले नाराले केही लछारेको छैन तर हालको मोहीयानी हकको सुरक्षा र सुकुम्वासी समस्याको समाधानको नारा साकार पार्न यस्ता समस्याको खोजी गर्दै दैलोदैलो जानु सम्बन्धित निकायले यथाशीघ्र चाल्नु पर्ने कदम हो। कति नापी त भूमिपतिकै नाउँमा भैसके। हुन त हाल आएर भूमिपति नै गरिबी हालतमा छन् त्यसैले यहाँ भूमिहीन समस्या नै छैन भनेर कतिपय मानिस भन्छन् तर त्यो तर्क सही होइन। किनकि भएको जग्गाको समान हकभोगको कुरा वास्तविक हो र सोही समान हकभोग अनुसार नै उक्त जग्गा सम्बन्धी समस्या सुल्झाउन सही मोहीलाई नियमानुसारको उचित नापको जग्गा दिलाउनु सही मानेमा भूमिहीन समस्याको समाधान हुनेछ।

न्याय प्रशासन अत्यन्त गए गुज्रेको अवस्थामा छ। न्याय प्रशासन सम्बन्धमा नेपाली कांग्रेस कै जिल्ला सभापति चेतराज बजाल अत्यन्तै असन्तुष्ट हुनुहुन्छ। न्यायालयमा तल्लो स्तरका कर्मचारी बझाङ्गे नै छन्। लयटा गा.वि.स. अध्यक्ष पृथ्वीबहादुर सिंहको इसारा अनुसार ने.का.को लाइसेन्स लिनेले न्याय पाउँछन् नत्र सामान्य जनताले अन्याय सहनु बाहेक उपाय छैन। यहाँसम्म कि विरोधी कांग्रेसले पनि न्याय पाउन्नन् र अझ अचम्म लाग्दो कुरा त अदालतको मान हानीको प्रश्न बनाई जनताले नचाहिंदो मुद्दा खेप्नु पर्ला भन्ने डरले अन्यायमा परेकाले नाम पनि दिन चाह"दैनन्। जनताका कतिपय मुद्दा न्यायालयमा सत्तासीनहरूको दबावमा दर्ता नगरिएको गुनासो पनि सुन्न पाइन्छ। यस जिल्लामा चरेस उत्पादन गरिन्छ। भारतमा बेचबिखन गरिने चरेस सहित एकपटक लेक-६ बुडखोरीका आइते धामीलाई प्रहरीले रंगे हात फेला पारेको प्रमाणलाई यातना दिई साबित गराएको भन्ने खालको डक्टरी प्रमाण बनाई उसलाई सफाई दिन न्यायालय उद्दत देखिन्छ। स्मरण रहोस् प्रहरीद्वारा हाल यातना दिएका कुराहरू सुन्नमा आएनन्। निमुखा जनताको प्रमाण कसरी जमिनमा गाडिन्छ र प्रमाण हराएपछि कसरी जनतालाई फसाइन्छ भन्ने कुरा ०५० असोज २० गते बाबुको ठेगान नभएको २

बझाङको वादी समाज नाचगानमा

मृतक बालिका जन्माउने मेलबिसौना-९, पानीमूल गाउँकी १७ वर्षीया विश्वकुमारी सिंहका बाउले अनुसन्धानको लागि प्रहरीमा

> *यहाँ सम्मकि यस जिल्लाका ठूलावडा सचेत व्यक्तिहरूका पनि दुईवटी वा त्यो भन्दा बढी स्वास्नी छन्। खाना पकाउने काम महिलाको हो तर पस्केर परिवारलाई दिने र आफूले खाने अधिकार छैन। उनका श्रीमानले नै पस्केर भात खान दिने चलन छ।*

उजुरी गरेपछि विश्वकुमारीलाई जिल्ला प्रशासन कार्यालयमा ल्याइएको र मृतक बालक जन्मिनु भन्दा केही अघि वा जन्मनासाथ आघातका कारण मरेको हुनसक्ने डक्टरी रिपोर्ट बन्यो। तर ती शिशुहरूको बाबुको पत्ता लगाउन बच्चाहरूको रक्त परीक्षण गरिन वास्ता नगरिनु अनभिज्ञ जनताका बलिया प्रमाण लुकाई दिनु र अर्को कमजोर पक्षका प्रमाणले जनतालाई अन्यायमा पारिरहने काम भएको उदाहरणको रूपमा लिन सकिन्छ। यसरी सही न्याय दिन कुनै पनि पक्षलाई चासो छैन र जिम्मेवारी बहन गर्ने सही नैतिकता पनि छैन। अन्यायमा परेका बझाङ्गेहरू भारत पलायन हुन विवश छन्।

कुसंस्कारको नमूनाः ठूलाबडाहरू नै

यस जिल्लामा बहुविवाह, जारी विवाह, मल्लोले तल्लो जातसंग अनुचित यौन सम्बन्ध गरी गर्भधारण भएमा पैसा खुवाएर सम्बन्धित जातलाई हिल्ला लगाई दिने, वादी प्रथा, देउकी प्रथाका अवशेष जस्ता कुराहरू संस्कार कै रूपमा छन्। यहाँ सम्मकि यस जिल्लाका ठूलावडा सचेत व्यक्तिहरूका पनि दुईवटी वा त्यो भन्दा बढी स्वास्नी छन्। खाना पकाउने काम महिलाको हो तर पस्केर परिवारलाई दिने र आफूले खाने अधिकार छैन। उनका श्रीमानले नै पस्केर भात खान दिने चलन छ। त्यहाँका महिला अचेत भएको फाइदा पुरूष वर्गले लिएको छ। अचेतताको कारण नै हालसम्म पनि कुनै पनि पार्टीको महिला संगठन छैन। महिला अत्यन्तै अपहेलित छन् र उनीहरूलाई पुरूष वर्गको दासीको रूपमा त्यहाँको समाजले लिएको छ। पुरूष वर्ग तास, जुवा, रण्डीबाजी, रक्सी जस्ता कुरामा निर्लिप्त छन् तर महिलाहरूलाई सास फेर्ने फूर्सद हुन्न। कुटान पिसान, पेलान गर्नको लागि मील छैनन् र सदरमुकाम नजिकै मील राख्ने मील मालिक दिलबहादुर सिंह भन्छन् "कनिका बढी आयो भनेर धान आफ्नै ढुङ्गाको ओखलमा कुट्छन्, तोरी कोला र पीठो घट्टमा पिस्छन्।" यसरी आधुनिक कलबाट कसरी फाइदा लिने भन्ने कुरामा महिलालाई दासी जस्तो गराएर खान पल्केका पुरूषले ध्यान नदिएको प्रष्ट हुन्छ। छोरी पढाएर अर्काको घरमा, जान्छन्, पोइल जान्छन्, अनैतिक कार्यमा लाग्छन्, छोरी स्कूलमा गएपछि घरमा कसले काम गर्ने भन्ने जस्ता धारणाले गर्दा केटीलाई स्कूलमा पठाइन्न।

मान्छे र सर्प

- स्वगेन्द्र संग्रौला -

सोनाम सिक्री तान्दै ट्याक्सीबाट ओर्ल्यो। उसका पछिपछि करूण आवाजमा कुइँकिंदै उसका मालिकको कुकुर निस्क्यो। कुकुर जङ्गी थियो, पुलुक्क हेर्दैमा सातो खाला जस्तो, नाउँ पनि उस्तै गजवको थियो - ब्रान्ट ! फुटपाथमा उभिएर सोनामले चारैतिरको वातावरणमाथि आँखा कुदायो। उसको जिउ त्यसै-त्यसै चङ्गा भएर आयो, मन भयो आनन्दले फुरूङ्ग। कुकुरको गोठालो भएरै भए पनि महिनौपछि आज मालिकको निसासलाग्दो दरबारबाट बाहिर निस्केर उसले खुला हावामा चैनको सास फेर्न पायो। आनन्दसाथ आँखा फारेर उसले हेर्‍यो। फराकिलो, चिल्लो सडकमा अनगिन्ती गाडीहरू बेरोकटोक दोहोरो कुदिरहेका छन्। पेटीमा मानिसहरूको आई-जाई एकनासले चलिरहेछ। आँखा उठाएर उसले पर हुत्यायो। पर गोलो फन्को परेको डाँडो छ। डाँडामा मनमोहक हरियाली छ। उसले मुन्टो उठाएर उचाइतिर आँखा हुर्‍यायो। माथि अनन्त, अपार नीलो आकास छ। सोनाम आनन्दले विभोर भयो। उसलाई कतैं उडूँ कि, कतै गुडूँ कि लाग्यो। दरबारका चार पर्खालभित्रको भ्र्यालखान्वाट बाहिर निस्कन पाउँदा उसलाई फुक्कापनको असीम, अनौठो, अकथनीय आनन्द अनुभव भयो। सोनाम ब्रान्टलाई डोर्‍याउँदै पशु डाक्टरको क्लिनिकभित्र पस्यो। सबैका आँखा चुम्वकले तानेझैं ब्रान्टतिर तानिए। त्यहाँ भएका कुकुरहरूका पनि, ती कुकुरहरूका गोठाला वा मालिकका पनि। क्लिनिक कुलीन तहको थियो। त्यहाँ दवाइमूलो गर्न ल्याइएका कुकुरहरू पनि कुलीन घरानाका थिए। ब्रान्टको अजङ्गको जिउडाल र विराट् व्यक्तित्व देखेर अरू कुकुरहरू मानौं डाहले खुम्चिदै आफ्नो फुच्चेपनालाई सम्झेर विरक्तिंदै पुच्छर टाँगामुनि लुकाएर काँत्रिएको आवाजमा यता, उता र जता पनि काइँकाइँ र कुइँकुइँ गर्न थाले। ब्रान्टले शानसंग जगर फुलायो र तिनलाई आलोपालो गरी त्यसरी हेर्‍यो जसरी अत्याचारी राजाले आफ्नो बढाइँ गर्न फूटपाथमा लस्करै उभ्याइएका रैतीहरूलाई हेर्दछ।

विपिन बाबु ब्रान्टको बिरलाकोटी व्यक्तित्व देखेर मुग्ध भयो। विपिन बाबु ठूलो मानिस थियो - पहिलेको पञ्च नेता, अहिलेको चैते प्रजातन्त्रवादी। उसले घरि ब्रान्टलाई र घरि आफ्नी लुसीलाई आलोपालो गरी हेर्‍यो। नियाली-नियालीकन हेर्‍यो र तिनका व्यक्तित्वको ओजन आँखै-आँखाले तौल्यो। ब्रान्टका मुखेन्जी आफ्नी लुसी उसलाई हात्तीका मुखेन्जी मुसो जस्तो लाग्यो। मूसो पनि कस्तो भने पेटभरि खान नपाएको, भिजेको र दुनियाँका थुकमा लुट्पुटिएको।

"कस्को कुकुर हो यो ?" डर-डर मान्दै सोनामको एक छेउमा अलग उभिएर उसले असीम

कौतुक भरिएको स्वरमा सोध्यो।

"हाम्रा मालिकको," यन्त्रवत् रूपले सोनामले उत्तर घुरायो।

"नाउँ त होला नि मालिकको ?"

"नाउँ के जाती गगन जङ्गबहादुर ..."

"हँ ?" आश्चर्यचकित आनन्दसाथ विपिन बाबु बोल्यो, "गगन जङ्गबहादुरको कुकुर यो ?" उसले हात मल्दै, छिनछिनमा नाक मुसार्दै, कुकुरबाट कुनै अनुपम वास्ना सुँगेको अनुभूति गर्दै क्लिनिकमा यताउति पाइला साऱ्यो। "गगन जङ्गबहादुरको कुकुर यो !" आफ्नै बोलीबाट अमृतको रस लिएझैं हर्षले ऊ त्यसै-त्यसै पुलकित भयो। ऊ एक कुनाको बेतको मेचमा बस्यो। उसले चुरोट सल्कायो र उपर्खुट्टी लाउँदै बडो खुशीको तालमा दाहिने खुट्टो हल्लायो। चुम्बकको ढिकोमा फलामको कण टाँसिएझैं उसका आँखा ब्रान्टको धकलाग्दो जिउमा टाँसिएका थिए। बाफ रे ! जिउडाल पनि कत्रो ? सस्याना राँगाको जत्रो। टाउको क्या खाइलाग्दो ! अनि कान ? जिउको भुवा कस्तो नि ! खरायोको जस्तो - मुलायम, सफाचट्, दागरहित कञ्चन ! मेरी बास्सै - ब्रान्टका आँखा कति हिंस्रक ! तब न गगन जङ्गबहादुरको कुकुर ! यति कल्पना गरेर विपिन बाबुले लोभी जिभ्राले लपक्क ओठ चाट्यो।

विपिन बाबुले लामो, गहिरो सुस्केरा हाल्यो। ब्रान्टका मुखेन्जी उसकी लुसी मुसो जस्तै छ। मुसो पनि कस्तो भने पेटभरि खान नपाएको, भिजेको र दुनियाँका थुकमा लुट्पुटिएको। विपिन बाबुलाई लाग्यो, गगन जङ्गबहादुर भनेको ब्रान्ट हो। ऊ आफूचाहिं त्यै लुसी हो ! पहिले गगन जङबहादुर फुल मन्त्री हुँदा ऊ आफू उसमुनिको सहायक मन्त्री थियो। ऊ सवार जस्तो थियो र ऊ चाहिं उसको घोडा जस्तो।

"के नाउँ रे तिम्रो ?" अनायस सोनामका कुममा धाप मार्दै विपिन बाबुले सोध्यो। "हँ ! सोनाम।" नाक मुसार्दै उसले भन्यो, "मालिक भन्दैमा हुन्छ ? तिम्रो मालिक भनेको मान्छे हैन, हिराको टुकुरो हुन् ! हँ ! बडो भाग्यमानी रहेछौ, सोनाम ! त्यस्ता मालिकको यस्तो कुकुर डोर्‍याउन पाउनु..." त्यसपछि मन फुकाएर विपिन बाबुले गगन जङ्गबहादुरका अनेकन् गुणहरूको बखान गऱ्यो। आफ्नो मालिक ठूलो मान्छे हो भन्ने कुरा त सोनामलाई थाहा थियो तर ऊ ज्ञानी मान्छे हो भन्ने कुरा उसलाई थाहा थिएन।

"दयाको सागर हुन् तिम्रा मालिक", लम्बेतान बखानको पुछारमा विपिन बाबुले परिपाठ लगायो, "दुनियाँका अभागीहरूको भाग्यको ढोका खोल्न उनी मरिमेटेर लागेका छन्। हँ ! माल पाएर मान्छेले चाल पाउनु पर्छ, बुझ्यौ ?"

त्यो सुनेर सोनाम वाल्ल पऱ्यो। बोरामा भूस खाँदैझैं सोनामका मथिंगलमा उसका मालिकको गुणबखान खाँदन विपिन बाबुले कुनै कसर बाँकी राखेन। भन्दै जाँदा उसले भन्यो -"गगन जङ्गबहादुर अचेल मानवअधिकारको अभियानमा डटेका छन्। यस फाँटका उनी जस्तातस्ता मानिस हैन, राज्जा हुन्। जहाँ उनी पुग्छन् त्यहाँ उनका वरिपरि रानो वरिपरि मौरीझैं मनिसहरू झुम्मिन्छन्। त्यस्तो हुनु पो मान्छे हुनु !....."

सोनामले चाल पायो - आज त्यहीं नजिकै कतै गगन जङ्गबहादुरको भाषण छ। उसलाई गएर भाषण सुनँ-सुनुँ लाग्यो। ब्रान्टलाई सुई दिने पालो आएको थिएन। लाममा उभिएका कुकुरको लामबन्दी निकै लामो थियो। सास रोकेर अधीरतासाथ उसले पालो पर्खो। डाक्टरले सुई लगायो, सोनामले दस्तुर बुझायो र ब्रान्टलाई ट्याक्सीमा हालेर ऊ मालिकको

दरबारमा पुग्यो। दरबारमा भयावह शान्ति व्याप्त थियो। मालिक्नी सुकला भइसेको थियो। माली बगैंचामा थिएन। बाहिरी संसारको चहलपहलको चेत पाएर आएको सोनामलाई त्यो विशाल, जर्जर र कुरूप दरबार भूतहरूको परेड खेल्ने मैदान जस्तो लाग्यो। ब्रान्टलाई तताउँदै नतताइकन बासी भात र चिसो मासु टक्याएर सोनाम हत्तपत्त मालिकको भाषण सुन्न ट्याक्सीमा हुइँकिएर गयो। विपिन बाबुले भने बमोजिमको ठाउँ ठम्याउन उसलाई क्यै गाह्रो परेन।

धुकचुक मान्दै विरानो वातावरणमा विरानोपनको धक अनुभव गर्दै, भित्रभित्रै मालिकको डरले काँप्दै सोनामले ढोकाबाट चोरी चालले सभाकक्षभित्र चियायो। उसको मालिक अग्लो ठाउँमा लाए-खाएका मानिसका बीचमा विचारमग्न भई बसेको थियो। कतै देखिहाल्यो भने ! सोनामको आङ सिरिङ्ग भयो। ऊ दच्केर पछिल्लो ढोकामा पुग्यो। ढोकाबाट चोरी चालले चियाउँदा उसले चाल पायो - मालिक च्यूँडामा हात राखेर गम खाइरहेको छ। उसको भारी मन तैंविसेक हलुङ्गो भयो। एउटा अजीवको दारीवाल भाँती पारीपारीकन, स्वर तल झार्दै र स्वर माथि उचाल्दै ढ्वाङमा बोलिरहेको थियो। भगुवा विद्यार्थी झैं सोनाम लुसुक्क भित्र पस्यो र पछिल्लो सिटमा थ्याच्च बस्यो।

संजोगको कुरा हो, त्यसपछि बोल्ने पालो आयो सोनामका मालिक गगन जंगबहादुरको। ऊ बोल्न उठेको के थियो बोल्नै नथाली उसले एक छिमल ताली पाइहाल्यो। सोनामले पनि अताल्लिदै ताली बजायो। उसले सास रोकेर, चनाखा कान तिखारेर, एकाग्र चित्तले मालिकको भाषण सुन्यो। मालिकले विषयका चार किल्ला बाँधेर मानवअधिकारका कुरा गऱ्यो - घरी अंग्रेजीमा, घरि हिन्दीमा, घरि नेपालीमा। पहिले त सोनाम कुहिराको काग भयो। तर उसले जब बुझ्यो, गजवसंग कुरा बुझ्यो। मालिक भन्दै गयो -"मान्छेले आफ्नै घरको मालिक बन्न पाउनु पर्छ, मान्छे सुहाउँदो इज्जत पाउनु पर्छ, लोग्ने स्वास्नी रोजेर घरजाम गर्न पाउनु पर्छ।" आखिरमा उसले निकै दरोसँग टेबुल ठोकेर भन्यो -"मान्छेले मान्छेलाई नोकर बनाएर कजाउने दिन अब गए !"

मालिकका महसरीका मीठा वचन सुनेर सोनामको लाटो मनले भन्यो - स्याबास् ! उसको चाउरिएको चित्तका सहस्र द्वारबाट हर्षका फोहरा फुटे। उसलाई लाग्यो, उसको मालिक उसको चित्तका पत्रपत्र केलाउँदै, त्यहाँ भएका सहस्र घाउहरू सुम्सुम्याउँदै, चहऱ्याइँदा घाउमा शीतल मलम लगाउँदै बोलिरहेछ। दुःखीका मनको दुःख बुझ्ने कस्तो अन्तर्यामी ! स्वास्नी रोजेर घरजाम गर्न पाउनु पर्छ ! सोनामले लख काट्यो - त्यो बोल्ने उसको मालिक गगन जङ्गबहादुर हैन, त्यो त ऊ आफै हो। सोनामको चोला फेरेर गगन जङ्गबहादुर बोलिरहेछ - मान्छेले आफ्नै घरको मालिक बन्न पाउनु पर्छ, मान्छेले मान्छे सुहाउँदो इज्जत पाउनु पर्छ, मान्छेले स्वास्नी रोजेर घरजाम गर्न पाउनु पर्छ !

नजिकमा बसेको मानिसलाई घुँडानिर यसो कोट्याएर गर्वसाथ सोनामले भन्यो, "हाम्रा मालिक ! बुझ्नु भो ?" त्यो मानिस डायरीमा भाषण टिप्दै थियो। उसले झर्केर सोनामको हात ऊतिरै हुत्याइदियो। सोनाम त्यसको एकरत्ति पर्वाह नगरी उठ्यो र आफ्नै सुरले बाटो लाग्यो।

मालिकका भान्सा कोठाको लुते धन्दा गर्दै आज निकै दिनपछि सोनामले आफ्नो गए-बितेका दिनको दुःखको कथा सम्झ्यो। ऊ आजभन्दा पैंतीस वर्ष अघि पश्चिम पहाडी भेगमा जन्मेको थियो। काकीका मुखबाट उसले सुनेको हो -ऊ वर्षीको हुँदा उँधै-उँभैको कथाले उसको बाबु मऱ्यो। बाबु मरेको वर्ष दिन नबित्दै उसकी आमा पोइल गई। अनाथ सोनामलाई उसका काका काकीले पाले। बाह्र बर्षको उमेरमा यता शहरमा जागीर खाने एक जना गाउँलेले उसलाई ललाई-फकाई गरी ल्यायो र यस दरबारमा हुलेर सधैको कैदी बनायो। उसबेला गगन जङ्गबहादुर मन्त्री थियो। उसबेला उसको चक्चकी, उसको रोब-रबाफ, उसको शान-सौकात अर्कै थियो। सोनामले शुरूमा जुठा भाँडा माझ्यो, दरबारमा कुचो लगायो र मालिकको कुकुरलाई पटाङ्गिनीमा शैर गरायो। ऊ बेला पकाई तुल्याई गर्ने एक-से-एक तरूनीहरू दरबारमा थिए। सोनामलाई थाहा भएन किन हो, मालिक्नी कहिले काहीं दरबारका भित्ता थर्किने गरी चिच्याएर मालिकको सातो खान्थी। र, त्यसपछि पुराना तरूनी हराउँथे र तिनका सट्टामा नयाँ तरूनी देखापर्थे। पछिपछि सबै तरूनी एक एक गर्दै लखेटिए र पकाई-तुल्याई गर्ने काम सोनामका काँधमा खनियो। अहिले ऊ सम्झन्छ, भान्सेमा भर्ती भएपछि मालिक्नीले उसलाई पाक विद्या सिकाउने कक्षामा भर्ती गरिथी। त्यहाँ सिकाउने गुरूमा एउटी मिमसाप् थिई, अनपढहरूलाई उसको अह्रन-खटन सिकाउने कपाल छोट्याएकी एउटी नेपाली आइमाई थिई। अलि मन्दबुद्धिको भए पनि सोनाम उल्लू थिएन। ऊ कामकारी थियो, जो सिकाएको कुरा उसले मिलिक्कै टिपिहाल्यो। थरिथरिका पाक-परिवार बनाई-तुल्याई गर्ने उसको सीप रहँदा-बस्दा त्यस्तो डोरी बन्न गयो जसले यस दरबारका किला-किलामा पशुलाई झैं उसलाई चौखुऱ्याएर बाँधिदियो।

उसबेला गगन जङ्गबहादुर शहरको हिरो थियो। उसको पटाङ्गिनीमा फूलको खोजीमा मस्त रहेका भोका मौरीहरूको झैं आसेपासेहरूको गोलो जम्जमाइरहन्थ्यो। उसको विशाल बैठकमा बडाबडा मानिसहरूका एकपछि अर्को बैठक चल्थे। अनि दिनदिनैजसो हुने साना-ठूला भोजभतेरको त के कुरा गर्नु ! दरबार आजको जस्तो जर्जर थिएन। भित्तामा प्लास्टर थियो, प्लास्टरमाथि रङ्गरोगनको हेर्नसम्म हुने भए पनि सजावट थियो। पटाङ्गिनीमा बाग-बगैंचा, चौतारी-फलैंचा, रहस्यमय झ्यास-झाडी, सानातिना फोहरा र पोखरी मर्दो रूपमा भए पनि जिउँदै थिए। मालिक्नी कच्कचे थिई, नाक्निक् नगरी उसको घाँटीबाट गाँस छिर्दैनथ्यो। मालिकका तीन भाइ छोरा थिए - थामिनसक्नुका उदण्ड। तर सोनाम देख्छ - आज त्यो दरबार नाङ्गो छ, छोराहरूले छोडेको, रङ्गरोगन खुइलिएको, मकाएर प्लास्टर झरेको। त्यहाँ विशेष शोभा छैन, कुनै शान छैन, ज्यानदार चहलपहल त्यहाँ छैन। सोनाम अहिले सम्झन्छ - उसले पकाई-तुल्याई गरेको मीठो, पोषिलो र फालाफाल पाकपरिकारले पुष्टिएर मालिकका छोराले पखेटा हाले। एउटा छोरो कुइरेका देशमा पढ्न गएको, कुइरिनी पट्याएर उतै हरायो। एउटा छोरो सोखले पात्तिएर छाडा भयो र मनलाग्दी रक्सी खाएर मऱ्यो। र, एउटा छोरो अंशबण्डामा बाबुसंग तँ तँ म म गरेर दरबारबाट हिंडेको, त्यो फर्केर आएन। अब दरबारमा मालिक्नी बाँकी छ, उसको अटुट कच्कच् बाँकी छ, उसको नाक्निक् बाँकी छ, उसको थल्थले जिउको रोयाआत्थो बाँकी छ। र, बाँकी छ उसको अनौठो मालिक गगन जङ्गबहादुर र, विशाल दरबारका पहराजस्ता पर्खालभित्र कैद भएको सोनामका मूक सपानाहरू छन्, चिच्याउन नपाएका उसका चीत्कारहरू छन्, उसको हृदयका पत्रपत्रमा लुकेका अनगिन्ती घाउहरू छन्, सुस्केराहरू छन्, औडाहाहरू छन्।

मकाएका भित्ता, थाम र सिलिङ्हरू हेर्दा सोनामलाई लाग्छ - ऊ पनि भित्रभित्रै त्यस्तै जर्जर, निरस र भग्न भएको छ। उसका रहरहरू त्यसरी नै चर्केर घुलिदै छिन्नभिन्न भएका छन् जसरी भित्ताको प्लास्टर धूजाधूजा भएको छ - विरूप, विकृत र वैराग लाग्दो। सोनाम आफ्नो उजाड रूपको कल्पना गर्दै चूलोको लुतेधन्दामा तल्लीन छ। मालिकले अलिछिन अघि भनेका मीठा वचनले उसको हृदयका ओइलाइसकेका, टाक्सिएका सपनाहरूमा आशाका तरङ्गहरू संचार गरिदिएको छ। कुनै दिन आफ्ना पनि रहर लाग्दा सपना थिए, अदम्य तिर्सना थिए भन्ने सम्झाउँदा उसलाई आफ्नै अतित बिरानो जस्तो लाग्छ। ऊ गम्छ - गगन जङ्गबहादुर ज्ञानी मानिस हो कि गोमन सर्प ? दिउँसो मीठा वचन सुनेपछि मालिकबारे उसलाई ठूलो अलमल भएको छ। दरबारभित्रको मालिक गगन जङ्गबहादुर को हो ? अनपढ, सोझो र जीवनभर झ्याल्खानामा थुनिएको

सोनाम भन्न सक्दैन को को हो र जीवन किन यति निठुरी हो। अहिले लुतेधन्दामा लीन भएको सोनाम गगन जङ्गबहादुरकै कुरा मनमा ओर्काई-फर्काई खेलाइरहेको छ। पाकपरिकार तुल्याउनमा पारङ्गत भएपछि एक दिन गगन जङ्गबहादुरले सोनामलाई मायालु स्वरमा भनेथ्यो -"सुन् सोनाम ! आइन्दा म तँलाई काम अनुसारको तलब छुट्याइदिन्छु। बंकमा तेरो खाता हुन्छ, खातामा तेरो तलब महिनैपिच्छे जम्मा हुन्छ।" अनि अलि महिनापछि उसले सस्याना कापीजस्ता दुइटा जिनिस टेबुलमा राख्दै भनेथ्यो -"बुझिस् सोनाम, यो तेरो तलब जोडिने पासबुक हो, र यो चाहिं मन लागेका बेला मन लागे जति रकम किटेर पैसा झिक्ने चेकबुक हो।" पत्याऊँ कि नपत्याऊँ गर्दै सोनामले वाल्ल परेर चुपचाप मालिकका कुरा सुनेथ्यो। ऊ केही नबोलेपछि मालिकले फेरि भनेथ्यो -"तर मेरा कुरा सुन्, सोनाम ! पैसाको जात चञ्चल हुन्छ, हातमा पऱ्यो कि त्यो सकियो। मेरो के थिएन ? जिजुवाजेका पालामा सिङ्गो नेपाल हाम्रो थियो, सारा हालहुकुम हाम्रो थियो। आज खाली हात बाहेक मसँग के छ ? मेरै खूनबाट जन्मेका मेरा छोरा आज मसंग छैनन् !" सोनाम सम्झन्छ, यसो भन्दा गगन जङ्गबहादुरको स्वर नजानिदो गरी काँपेको थियो, उसका आँखाका कोस रसाएका थिए। "त्यसैले बाबु !" उसले आखिरमा भनेथ्यो, "मेरो आज्ञा बेगर तैले यो पैसा छुन पाउने छैनस्। यो त तेरो बूढेसकाललाई तातो पानीको जोहो हो, तैंले बुझिस् ?" मौन मूर्तिले झैं सोनामले "बुझें" भन्ने भाखाले मुन्टो हल्लाएथ्यो।

सोनाम चूलोको लुते धन्दामा जोतिंदै अहिले सोचिरहेछ - मालिकको त्यो चाला दयाको निशानी हुँदो हो कि उसलाई सिक्रीले बाँधेर दरबारभित्रै सढाउने दाउ हुँदो हो ? ऊ यसै हो भन्न सक्दैन। बालककालमा यस दरबारभित्र पस्दा डरले उसको ब्रम्हाण्ड काँपेको थियो। पसिसकेपछि दरबार वरिपरिका विशाल पहराको चेपमा ऊ यसरी अड्कियो, त्यहाँबाट छुटेर बाहिर निस्कने मनका अन्तरको कल्पना घरी उसका लागि डरलाग्दो भयो। काकाको घरबाट ऊ सुइत्त भागेर हिडेको थियो। पहरा बाहिरको खुला संसारमा उसले न चिने- जानेको कोही थियो, न कसैको ठरठेगानको मेसो उसलाई थियो। उसको जीवनका रहर मेट्ने दिनहरू यसरी ओइलाएर गए। उसका बैंशालु सपनाहरू यसरी पहराका चेपमा परेर टाक्सिए।

बाबु भने पनि, आमा भने पनि, साथी भने पनि, अरू जे भने पनि उसँग कोही थियो भने उसको मालिक थियो - उही गगन जङ्गबहादुर। उहिलेदेखि अहिलेसम्म गगन जङ्गबहादुरका आफ्नै खालका सस्याना सिद्धान्त र सोखहरू छन्। उसको मूल सिद्धान्त छ - बाबुबाजेको बिडो थाम्नु पर्छ। नभन्दै विंडो थाम्नलाई उसले बाबु बाजेका एकाध सोखलाई बडो निष्ठासाथ पालन गरेको पनि छ। जाडो हिउँदको पहारिलो घाममा छतमा लमतन्न सुतेर आङमा मालिस गराउने उसको सोख चलेको चलेई छ। मालिसको आनन्दबाट उत्तेजित हुँदै ऊ अझै भन्छ, "सोनाम ! तेरा औंला भर्खरकी भनेजस्ती तरूनीका जस्तै मुलायम छन्।" पुर्खाले छाडी गएको एउटा प्यारो नासो गगन जङ्गबहादुरसँग छ। त्यो हो, तान्ने टुटीमा सुनको काँजो जडेको हुक्काको नली। राती सुत्नुअघि त्यस नलीबाट ऊ घुर्घुर्र तमाखु तान्छ। सोनामलाई थाहा छ, तमाखु तानेको बखतमा ऊ औंघी खुशी देखिन्छ। यस्तो बखतमा ऊ सोनामसित यति नरम भएर कुरा गर्छ मानौं उनीहरू एकै तहका मिल्दारू साथी हुन्। उसले पितापुर्खाले सारा दुनियाँलाई आफ्ना पैतालामुनि कजाएर गरेका चक्चकीका अनौठा कुरा गर्छ। उसले दिन दशाले गर्दा खाली भएका आफ्ना अभागी हातको बडो बैरागलाग्दो कथा हाल्छ। तमाखु खाइसकेपछि एक लोटा पानी खाएर उसले पितृहरूको सम्झना गर्छ। पुर्खाहरूले छाडी गएको एउटा चाँदीको करूवा लोटा उसले अझै जोगाएर राखेको छ। ऊ भन्छ - करूवाको टुटीबाट घट्घट् पानी खाएर सुत्दा उसले कहिले काहीं जवानीको हरियाली फर्केको सपना देख्छ।

गगन जङ्गबहादुरले तमाखु खाइसक्यो। सोनामलाई डाकेर उसले भन्यो - "अब मेरो पानी ले।" सोनाम अदपसाथ दुई हातले करूवा लोटा बोकेर मालिकको बैठकमा पस्यो। आज ऊ बडो भावुक भएको थियो। मालिकका मीठा वचनले आज उसको उदास चित्तको चट्टानलाई उठाइदियो। चट्टानमुनि थिचिएका उसका सपनाहरू, उसका रहरहरूले चट्टानमुनिको दूबोझैं पानी र प्रकाश खोज्दै, भारी शीर उठाउँदै आशाको अजम्मरी संसारतिर लस्किन खोजे।

"पानी राखेर सुत्न जा !" टेबुलउता मूर्तिवत् उभिएको सोनामलाई गगन जङ्गबहादुरले थाकेको, सुस्त स्वरमा अह्रायो।

"हिं ! हिं !" डिच्च हाँस्दै सोनामले भन्यो -"आज मैले नि मालिकको भासन सुने।" मालिक चकित भयो मानौं नीलो आकासको बीचबाट उसको थाप्लोमा चट्याङ पऱ्यो। "तैले?" उत्तेजित स्वरमा उसले अगाडि भन्यो, "ब्रान्टलाई क्लिनिकमा छाडेर? हुँ ! कस्ले निम्ता गऱ्यो तँलाई मेरो भाषण सुन्न ?" गगन जङ्गबहादुरको क्रुद्ध स्वरले जर्जर भित्ताका एकएक कण थर्के।

सोनाम आफ्नै भावुक तरङ्गमा झुलिरहेको थियो। ऊ भावुकताको वायुपङ्खी घोडा चढेर भुवा सरीको कुहिरो हुँदै परीहरूको सुदूर संसारतिर बेत्तोडले उडिरहेको थियो। मालिकको सोधाइ उसले सुनेन। आफ्नै सुरमा ऊ बर्बरायो, "सुनें ! मालिकको भासन मैले पनि सुने।"

"तँ बौलाइस् !" कौचमा ढल्केको ढाड सोझो पार्दै गगन जङ्गबहादुर गर्ज्यो, "लोटा राख्नेर तँ यौं, ट गइहाल्, गोरू !"

"मालिक! मैले साँच्ची सुनें हिं ! हिं ! हिं!"

"थपक्क लोटा राख् र यौं, ट हट् !"

सोनाम हटेन। उसका हातसंगै हातको चाँदीको करूवा लोटा काँप्यो। उसले सोध्यो, "सुनिस् रे लौ। अब के गर्नु पऱ्यो त ?"

"मालिक ! मेरो पनि आफ्नो घर, आफ्नै घरजाम, रोज्जा स्वास्नी.... मालिक!"

"हुँ !" गगन जङ्गबहादुरको नाकबाट उहिलेका जङ्गबहादुरको जस्तो स्वर थर्क्यो, "अब तेरो घरजाम ?"

"हो मालिक ! दिउँसो मालिकले भनिस्या -नोकरको पनि आफ्नै घर, आफ्नै घरजाम, आफ्नै स्वास्नी, अनि केटाकेटी .... अनि ...."

"तेरा ती दिन गए बाबु!" शान्त तर रबाफिलो स्वरमा मालिकले भन्यो, "तँ बुढो भइसकिस्!"

दिउँसो उसका टाक्सिएका सपनालाई कुत्कुत्याएर उसले उठायो। अहिले उही भन्दैछ - तँ बूढो भइसकिस्! मालिकको नरम स्वरमा बोलिएको यो वचन आगाको ज्वाला भएर सोनामका प्यारा सपनाको फूलबारीमा दन्दनी बल्न थाल्यो। सोनाम छट्पटायो, उसलाई आफ्नो सर्वाङ्ग जलेर खाक हुन लागेझैं औडाहा भयो। औडाहाको कष्टकर घडीमा उसले अत्तालिंदै देख्यो-उसको मालिक सर्पमा फेरिंदै छ। हेदहिर्दै, उसकै मुखेन्जी गगन जङ्गबहादुर एक अँगालाको निरूस्वर कालो सर्पमा फेरियो। टाउको उठाउँदै, जिब्रा नचाउँदै सर्प सोनामतिर घस्रिन थाल्यो। काँत्रिंदै थर्थरी काँपेका आँखाले ऊ हेर्दैछ - सर्प आयो, आयो ! त्यसले उसलाई कम्परमा बेऱ्यो र बेर्दै बेर्दै छाती भएर त्यो उसको घाँटीमा बेरिन पुग्यो। घाँटीमा त्यो कस्सियो, अझ कस्सियो र झन्झन् बेस्सरी कस्सियो। सोनामलाई निसास-निसास लाग्यो। ज्यानको मायाले अचाक्लि अत्तालिंदै ऊ चिच्याउन खोज्यो तर निसासिएको गलोबाट उसको स्वर फुटेन। आतेसको घडीमा उसका हातका करूवा लोटा मोहरीबाट छुटेको गोलीको चालमा गगनजङ्गबहादुरको निधारमा बज्रिन पुग्यो। मालिक ढल्यो र नोकरले त्यहाँ"बाट तत्कालै टाप कस्यो। हा.. गगन जङ्गबहादुर दरबारका जर्जर भित्ता थर्किंने गरी चिच्यायो। कहाँ पुग्नलाई हो थाहा छैन, त्यतिखेरसम्ममा झ्यालखान् बाहिरको पहरा सरीको पर्खाल छिचोलेर सोनाम बाहिर निस्किसकेको थियो ।

२४ साउन २०५१

काठमाडौं।

मानवअधिकार वर्ष पुस्तकले देखेको नेपाल

मानवअधिकार वर्ष पुस्तक - १९९३ लाई एउटा कालखण्डको महत्वपूर्ण दस्तावेजका रूपमा स्वीकार गरिएको छ। वर्ष पुस्तकले प्रामाणिक रूपमा देखाएको छ - नेपालको मानवअधिकार स्थिति वास्तवमा कस्तो छ।

"हाम्रो विचारमा मानवअधिकारलाई खण्डित पारेर हेरिनु हुँदैन। संयुक्त राष्ट्र संघवाट प्रतिपादित सबै अधिकारहरू सार्वभौम र अविभाज्य हुन्। ती सबैको निर्वाध उपयोग जनताको नैसर्गिक अधिकार हो। एउटा अधिकारको मूल्यमा अर्को अधिकारलाई हेरिनु मानवअधिकारको दृष्टिमा स्वीकार्य हुँदैन। त्यसैले हामीले मानवअधिकारको व्यापक क्षेत्र समेट्ने गरी हननको अभिलेख तयार पार्ने प्रयत्न गरेका छौं।" - वर्ष पुस्तकले भूमिकामै आफ्नो उद्देश्य यसरी पुनः अघि सारेको छ।

सवा पाँचसय पृष्ठको वर्ष पुस्तकले रेखाचित्र नै प्रस्तुत गरेको छ। यस्तो रेखा चित्र जसमा नेपाली समाजको वर्तमान प्रवृत्ति स्पष्ट देख्न पाइन्छ।

पुस्तकमा "सन् १९९३ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन" परिच्छेदमा बाँच्न पाउने अधिकार, यातनाद्वारा मृत्यु, सम्भावित गैरकानूनी हत्या, वेपत्ता पारिने क्रम, संभावित राजनीतिक हत्या आदि उपशीर्षकमा नेपाली जनताको जीवनको अधिकारको स्थितिलाई व्याख्या गरिएको छ। त्यस्तै सम्भावित राजनीतिक हत्या, गाँसको अधिकार, स्वास्थ रक्षा वा उपचारको अधिकार, बालअधिकार, समानताको अधिकार उपशीर्षक अन्तरगत घेरै कुराहरू अटाएका छन्। उक्त परिच्छेदले वर्ष पुस्तकले समेटेका सवै क्षेत्रलाई छोटकरीमा प्रस्तुत गरेको छ। परिच्छेदमा बालअधिकार, समानताको अधिकार, महिला अधिकार, बचाउको कानूनी अधिकार, यातना, स्वेच्छाचारी गिरफ्तारी आदि पनि समेटिएका छन्।



परिच्छेद :

- नेपालमा मानवअधिकार आन्दोलन (२०१७ सम्मको)
- सन् १९९३ मा राजनैतिक तथा संवैधानिक विकास
क) सन् १९९३ र राजनैतिक विकास
ख) सन् १९९३ र संवैधानिक विकास
ग) मानवअधिकारको धारणासंग बाझ्ने नेपाल कानूनका केही प्रावधानहरू
- न्यायपालिका र मानवअधिकार - १९९३
- संसद र मानवअधिकार - १९९३
- श्री ५ को सरकार र मानवअधिकार - १९९३
- आम-संचार र मानवअधिकार - १९९३
- तथ्यांकमा नेपाल - आर्थिक योजना लक्ष र उपलब्धी
- सन् १९९३ र मानवअधिकार उल्लंघनका तथ्यहरू
- सन् १९९३ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन

अनुसूची :

- यस वर्षको उल्लेख्य - नेपालमा जातीय छुवाछूत
- यस वर्षको प्रमुख घटना - दासढुङ्गा दुर्घटना
- नेपालका विद्यालय शिक्षकहरू र मानवअधिकार
- नेपालमा ट्रेड यूनियन आन्दोलन र मानवअधिकार
- नेपालमा विस्थापनको समस्या : केही उदाहरणहरू
- बालबालिकाको अधिकार
- प्रहरी यातना र रोकथामक उपायहरू
- नेपालमा शरणार्थी समस्या
- नेपाली महिला र मानवअधिकार
- आदिवासी र मानवअधिकार
- सन् १९९३ मा मानवअधिकारको स्थिति बारे विभिन्न राजनैतिक पार्टीहरूको धारणा
- मानवअधिकार उल्लंघन पात्रो - १९९३

"नेपालका जेलहरूमा बन्दी जीवन बिताई रहेका कतिपय मानिस आफूलाई राजनीतिक बन्दी दावी गर्दछन्। जेल सम्बन्धी काम गर्ने गैर सरकारी संस्था बन्दी सूचना केन्द्रका अनुसार नेपालमा हाल २५ जना राजनीतिक बन्दीहरू रहेका छन्।" - राजनीतिक बन्दीहरू उपशीर्षकमा लेखिएको छ।

वर्ष पुस्तकमा स्वतन्त्र न्याय सम्पादन प्रक्रिया, शिक्षा, अभिव्यक्ति स्वतन्त्रता आदिका विषयमा पनि उल्लेख गरिएको छ।

"सरकारले विगत वर्षमा झैं यस वर्ष पनि बारम्बार मानवअधिकारप्रति आफ्नो वचनवद्धता दोहोऱ्यायो। तापनि सरकारको शैली र व्यवहार वचन अनुसारको भएको पाइएन। कतिपय मामिलामा प्रशासनलाई राजनीतिकरण गरिएको देखियो। अपराधीहरू समेत राजनीतिक पार्टीहरूसंग सम्बन्धित भएका कारणले अदालतको आदेश भएर पनि पक्राउ परेनन्। अपराधीहरूलाई अदालतले तोकेको सजायबाट मुक्त गर्ने र हत्याराहरूको मुद्दा फिर्ता लिने काम समेत भएको पाइयो। जनआन्दोलनको मर्म र उद्देश्य अनुरूप काम भएको देखिएन। बरू गत वर्ष भन्दा यो वर्ष मानवअधिकारको दिशामा सरकारी चासो घटेको पाइयो।" - वर्ष पुस्तकको निष्कर्षमा लेखिएको छ।

वर्ष भरिमा १,०३२ वटा मानवअधिकार उल्लंघनका घटनाहरू घटे।

भूटानी आन्दोलनका नेता

-नरनाथ लुईटेल-

'भूटान - हाम्रो मानवअधिकार खोई ?" भूटानमा मानवअधिकारको खोजी गर्दै यो पुस्तक लेख्ने एकजना मानवअधिकार - योद्धा टेकनाथ रिजाललाई अहिले भूटानको निरंकुश जिग्मे शासनले आजीवन कारावासको सजाय सुनाएको छ। भूटान जहाँ मानवअधिकारका नेता नै अमानवीय अत्याचार वेहोरेर नेल र हत्कडी सहित जेलमा बन्द हुनु परेको छ। प्रजातन्त्र र मानवअधिकार बारे विश्वव्यापी चासो राख्नेहरूका लागि यो आफैंमा एउटा नौलो घटना हो। भूटानी प्रजातान्त्रिक आन्दोलनका पिता मानिने टेकनाथ रिजाल १९७५ मा भूटानी राज परिषदका सदस्य समेत थिए। जव जव उनी जनतामाथिको निरंकुश र वर्वर यातनाको विरूद्ध उभिन थाले तव तव भूटानी सरकारले उनलाई राज्यको शत्रु सम्झन थाल्यो। संवैधानिक राजतन्त्र र प्रजातन्त्रको पक्षमा मानवीय उद्घोष गर्ने रिजाल नै पहिलो व्यक्ति हुन् र भूटानवासी नेपाली मूलका जनतामाथि भैरहेको सामाजिक सांस्कृतिक अत्याचार मानव हित विपरीत कृयाकलाप हो भन्ने धारणा राख्ने व्यक्ति पनि उनै हुन्।

निरंकुश राजा जिग्मेको शासनले नागरिकता अधिनियम बनाई दक्षिणी प्रान्तमा रहेको नेपाली मूलको घना वस्ती वेपर्वाहसंग उजाड्ने प्रयत्नको थालनी गर्ने वित्तिकै टेकनाथ रिजालले राजकीय परिषद सदस्यको हैसियतले स्वयम् राजा समक्ष एक अपील प्रस्तुत गरेका थिए। त्यो अपीलको प्रस्तुति नै भूटानी मन्त्रीमण्डलका निम्ति "देशद्रोह" ठहऱ्यो र राज परिषद सदस्यवाट खारेज गरी उनीमाथि दर्जनौ कपोलकल्पित मुद्दा लगाइयो। यी सवै कुराबाट अलिकति पनि नदच्की रिजाल भूटानमा साँच्चो प्रजातन्त्र र मानवअधिकार वहाली गराउने काममा ज्यूज्यान फालेर लागे। भूटानमा मानवअधिकार वहाली गराउने उद्देश्य राखेर "पिपुल्स फोरम फर हयुमन राइट्स अफ भूटान" तथा "सार्वजनिक मानवअधिकार मञ्च" जस्ता संगठनहरूको स्थापना भयो। यी संस्थाहरूको गतिविधि सञ्चालन गर्न पनि टेकनाथ रिजालले भूटानको भूमि छोड्नु पऱ्यो। उनी नेपालको पूर्वी जिल्ला झापामा आइ राजनीतिक शरण लिएर बस्न थाले। यसरी मानवअधिकारको क्षेत्रमा भूटानीहरूको आवाजलाई केही हदसम्म बढाउन नपाउँदै नेपालको तात्कालीन पञ्चायती सरकारले उनीमाथि शरणको मरण गऱ्यो।

झापा अनारमनि विर्ता स्थित रिजालको अस्थाई निवासस्थानमा अचानक नेपाली प्रहरीहरूद्वारा घेरा हाली ०४६ मंसीर १ गते विना पूर्जी गिरफ्तार गरियो। आफ्ना सहयोगी जोगेन गजमेर र सुशील पोखरेल सहित गैर कानूनी गिरफ्तारीमा परेका रिजाललाई विर्तामोड प्रहरी थाना, र विराटनगर प्रहरी कार्यालय हुँदै भोलिपल्ट महेन्द्र पुलिस क्लव काठमाण्डौ ल्याइयो। "म शरणार्थी हूँ र मानवअधिकारवादी व्यक्ति हुँ, कमसेकम पनि यो देशको प्रधानमन्त्री संग भेट गर्न पाउँ।" रिजालको यो आग्रहलाई सुन्दै नसुनी विमानस्थलमा डुक एअर विमान लिएर तैनाथ भुटानी प्रशासनका अधिकारी, भुटानका प्रमुख अंग रक्षक कर्णेल भी. र नाम्गे लगायतका मानिसहरूको हातमा सुपुर्दगी गरियो। रिजाललाई त्यसरी झापामा गिरफ्तार गरी भूटानी अधिकारीलाई जिम्मा लगाउने काममा जुटेका प्रमुख व्यक्ति वर्तमान प्रहरी महानिरीक्षक मोतिलाल वोहरा जो पूर्वाञ्चलका तात्कालिन प्रहरी नायव महानिरीक्षक हुनुहुन्थ्यो।

त्यसरी टेकनाथ रिजाललाई आफ्नो पञ्जामा पारेपछि निरंकुश जिग्मेको सरकारले उनलाई कस्तो यातना दियो भन्ने वारेमा "एसोशियसन अफ हयुमन राइट्स एक्टिभिस्ट, भुटानले एक रिपोर्टमा यसरी लेखेको छ " ..... उनलाई थिम्पू स्थित क्यौङ छोलिङमा लगियो र पुछताछ शुरू भयो। एक महिनापछि रिजाललाई खुट्टामा साङ्लो लगाइयो। राती राती थिम्पू भित्रै ३/४ ठाउँमा सारियो। करीव अढाइ महिना पछि ०४६ माघ २३ गते राती हातमा हत्कडी लगाइ जीउमा वेतको डोरीले टनक्क कसेर सशस्त्र प्रहरीको घेरा भित्र राखी वाङ्दी फोक्ड्राङको रबुना जेल लगियो। त्यसै दिन देखि रिजालको खुट्टाको साङलो खोली ५.७ के.जी. वजनको, डेढ फुट लामो फलामको नेल लगाइयो।"

वन्दी भए पनि उनले स्थापना गरेका संगठनहरूमा हजारौ भुटानीहरू संगठित भएर प्रजातन्त्र र मानवअधिकार स्थापनाको निम्ति आवाज उठाइ नै रहे। यस क्रममा हजारौको संख्यामा नागरिकहरू जेल परे कैयौ मारिए लुटिए र कैयौ महिला तथा बालिकाहरू जिग्मेका सेनाहरूद्वारा पाशविक ढंगले वलात्कार गरिए। त्यो वर्वर अत्याचार खप्न नसकेर हजारौको संख्यामा आफ्नो जायजेथा छोडी भाग्न विवश भए। हाल टेकनाथ रिजालले शरणार्थीको पहिलो पाइला टेकेको नेपालको झापा जिल्लामै मात्र ५० हजार भन्दा बढी भुटानीहरू शरणार्थी शिविरमा आँसु पिएर वसिरहेका छन्। हाल नेपालमा ८० हजार भन्दा बढी भूटानी शरणार्थीहरूरहेका छन्।

अहिले टेकनाथ रिजालको वन्दी जीवनले ५ वर्ष टेक्यो। यस अवधिमा विश्वकै मानवअधिकारवादी संघ संस्थाहरूले रिजालको रिहाइ र भुटानमा मानवअधिकारको वहालीका निम्ति आवाज वुलन्द गरेका कारण जिग्मेको सरकारले नैतिक दवावको महशूस गरिरहेछ। तर पनि उ अझै टसको मस भने भैरहेके छैन। ४ वर्ष सम्मको गैरकानूनी थुनापछि भर्खरै आएर रिजाललाई अदालत पेश गर्ने काम भयो। दुनिया भरी कै तानाशाहीहरूले गर्ने गरेको हरकत भुटानी सरकारले पनि गऱ्यो अर्थात ०४६ मा गिरफ्तार टेकनाथ रिजाललाई जिग्मेको छाया अदालतले ०४९ को उत्तरार्द्धतिर निर्मित राष्ट्रिय सुरक्षा ऐन अन्तरगत मुद्दा चलाई ०५० मंसिर १ गतेका दिन आजीवन कारावासको फैसला गरेको छ।

प्रजातान्त्रिक आन्दोलनमा ओर्लिएका भुटानी जनतामाथि वर्वर दमन थोपर्दै आएको वर्तमान भुटानी सरकार टेकनाथ रिजालको गिरफ्तारी र उनीमाथि लगाइएका अनेकन जाली मुद्दाका कारण पनि झन वढी नांगिएको छ। भुटानी सरकारको नृशंस दमन र उत्पीडन चिरेर साँचो अर्थमा मानवअधिकार स्थापना गर्न प्रजातन्त्र र मानवअधिकारप्रति प्रतिवद्ध भुटानी जनता र उनीहरूको आन्दोलन कै सर्वमान्य नेता टेकनाथ रिजाललाई अविलम्व रिहाई गरिनु पर्छ। यो भुटानी जनताको मात्र नभएर दुनियाभरी कै मानवअधिकारवादी संघ संस्था र व्यक्तिहरूको पनि आवाज हो।

भारतीय अतिक्रमण

नेपालीको राष्ट्रिय सम्मान र गौरवमा भारतीय शासक वर्गद्वारा बारबारको आक्रमणको आघात पारी रहेको छ। गत वर्ष चैत १४ गते राजधानीको मुटुमै भारतीय प्रहरीहरूको हस्तक्षेप भएको थियो। उक्त घटनापश्चात भारतीय पक्षले आइन्दा त्यसो नहुने जनाए। तर फेरी उक्त दुर्घटनाको मानसिक पीडा ताजा रहेकै बेला गएको साउन ५ गते नेपाली भूमिमा भारतीय प्रहरीहरूको अर्को प्रवेश भयो। त्यसपछि त नेपाली भूमि भारतीय शासक वर्गको क्रिडास्थल नै बन्न पुगेको प्रतीत हुन्छ।

साउन २१ गते समाचारमा आयो - "भारतको बम्बई वमकाण्डका अभियुक्त मेमनलाई काठमाडौंमा पक्राउ गरी भारतीय प्रहरीहरूलाई बुझाइएको थियो।" तर नेपाल सरकारले केही प्रतिक्रिया जनाएन। नेपाल प्रहरीलाई भारतीय प्रहरीको अंगका रूपमा संचालन गरियो। नेपालको राजनीतिक सम्प्रभुता र सार्वभौम एकतामाथि हाँक दिइयो।

साउन २३ गते फेरि बम्बईका प्रहरीहरू हातहतियार सहित नेपालको पहाडी जिल्ला दैलेख पुग्ने आँटले नेपालगंज आए। एक साता नबित्दै साउन २८ गते दिल्ली प्रहरीको अर्को टोली नेपालगंज आई पुग्यो। सोही दिन अर्को भारतीय प्रहरी जत्था राजधानीमै हातहतियार सहित आई पुग्यो। साउन महिनाको अन्तिम दिन फेरि शंकास्पद भारतीयहरू राजधानीमै देखा परे। प्रहरीले गोंगवुका स्थानीय जनताउपर लाठीचार्ज गरेर ती भारतीयहरूलाई आफ्नो कब्जामा लिए।

यसरी भारतीय शासक वर्गद्वारा अन्तर्राष्ट्रिय व्यवहार र कानूनका साथै नेपाल-भारत बीचको विद्यमान सुपुर्दगी वा प्रत्यार्पण सन्धि सम्झौताको समेत घोर उल्लंघन भएको छ। भारतद्वारा नेपाली जनताको मानवअधिकारको घोर अपमान भएको छ।

यसै सन्दर्भमा नेपालका ६ वटा मानवअधिकारवादी संस्थाहरू इन्सेक, इन्हुरेड, वाच, सिविन, मासम र सिभिक्टले एक विज्ञप्ति जारी गरी भारतीय प्रहरीहरूको हस्तक्षेपबाट नेपाली जनताको सार्वभौम अधिकारको हनन भएको जनाएका छन्। त्यस विज्ञप्तिमा भनिएको छ - "भारत सरकारको सेवामा रहेका सशस्त्र प्रहरीको नेपाल प्रवेश संयुक्त राष्ट्र संघको वडापत्रको भावना विपरीत छ। यसले संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लेख भएको राष्ट्रहरू बीचको समानतामा आधारित नेपाली जनताको आत्म निर्णयको अधिकारमाथि कुठाराघात गरेको छ। यस्ता कार्यवाहीले परम्परागत रूपमा मधुर सम्बन्ध रहेको नेपाली र भारतीय जनताबीच दुर्भावना फैलाउन सक्ने अवस्थाको सुजना गरेको छ।"

तस्वीरको भाषा

विद्युतीय युग र मानवताको संकट

- विष्णु प्रभात -

विद्युतीय सञ्चार साधनहरूले परम्परागत मान्यताको विश्व संस्कृतिलाई चपाउँदै छ। मानव जातिको भूमण्डललाई एउटा सानो गाउँ बनाउँदो छ। प्रत्येक कुनाका दैनिक घटनाहरू साँझ-विहान छरिन्छन्। एक ठाउँको आर्थिक मन्दीले अर्को ठाउँमा प्रभाव पार्छ। रातदिनको अँधेरी उजेली फरक फरक भएर के भो र मानिसहरू अहोरात्र कार्यशील भइरहेका छन्। कोही सुत्दा कोही उठ्छन्, कोही उठ्दा कोही सुत्छन् शायद यो प्राकृतिक श्रम विभाजन हो अथवा जिम्मेवारी बाँडफाँडको आलोपालो।

पुरुर्यौली घुम्टो भित्र गुम्सिएको चेतनालाई आधुनिकताको बगैंचा मन पर्दैन। प्रगति परमगतिको माध्यम लाग्छ र विकास विनासकारी वस्तु। यद्यपि यस्तो लाग्नुमा मान्छेको समाजभित्रै रहेका विसंगति, विभेद र विब्ल्याँटो चेतना जिम्मेवार छ। प्रारम्भमा प्रकृतिको ताडना विरूद्ध अस्तित्वको संघर्ष चलाउँदै मान्छेहरू हुर्किन्छन्। एक्लो दुक्लो बाँच्ने भावनालाई त्यागेर सद्भाव, परोपकार र सामुहिकतामा रमाउँदै फुर्कन्छन्। माता-महामाताको पुराणकथामा पनि जीवनको त्यो संगति पाइन्छ। खेतिपाती तर्फ लम्केपछि अन्न पूजा, उद्योग व्यवसायमा बढेपछि पूँजी पूजा, पशुपालन युगमा गोवर्धन पूजा, जनसंख्याको न्यूनता रहेको युगमा लिंग पूजा र राज्यसत्ताको प्रभुत्वकालमा सत्ता भक्तिलाई मान्छेले रूचाएर वा नरूचाएर पूजा गऱ्यो, गर्दैछ। एक अर्थको श्रद्धा अर्को अर्थमा घृणा बनेर हाम्रो पूजाकर्मको संस्कृति हुर्कियो।

कल्प-कल्पमा विकल्प खोज्दै प्रत्येक संकल्पद्वारा विकल्प रोज्दै मानिसको सभ्यता हुर्किएको छ। पूर्वका कणाद मात्र हैन, ज्ञानपुञ्जका ज्योति बनेका पाणीनि, कौटिल्य, पतञ्जली र आर्यभट्टहरू पनि पश्चिमका निम्ति आश्चर्यजनक प्रतिभा भएका छन्। रामानुज र भाष्कर, वुद्ध र अशोकहरू आदर्श बनेका छन्। मानव जातिको समग्र कल्याणका निम्ति विभेद मुक्त भू -मण्डलको निर्माण कार्यमा पुराण कथाको पुनर्व्याख्या गरिंदै छ। यद्यपि पुराण कथाहरू मानव जातिको आदिम चेतनामा आधारित छन् र ती ज्ञान विज्ञानका आधुनिक समृद्धिहरूसंग नमिल्दा पनि छन्।

महामाता र महामानवको धारणामा आश्रित काल्पनिकता र भोगिएको समकालीन यथार्थ मिसिएको हुँदा त्यसले सामाजिक जीवनका कतिपय तथ्यहरू पनि प्रस्तुत गर्दछ। सपना र यथार्थलाई जोड्दै मानव ज्ञानलाई सिर्जनाको बगैंचामा लैजान्छ। कल्पनाको विद्युतीय तरंग जस्तै सिर्जनाका चुम्बकीय प्रविधिहरू हुर्कन्छन्। अनुभूतिको सघनता संगसंगै आवश्यकतावोध हुन्छ। आवश्यकता वोधले मानिसलाई आविष्कारको साधनामा लगाउँछ। साधनाले नै हरेक काम कुरालाई सरल र सुवोध पार्ने प्रविधि निकाल्छ।

हाम्रो युग विद्युतीय प्रविधिको युग भएको छ। हिजोका युगहरू प्रविधिका हिसाबले कुनै ढुंगे थिए त कुनै फलामे थिए। सामाजिकतामा पनि कुनै जंगली युग थियो भने कुनै दास युग। इतिहासका ती चरणहरू गए, इतिहासमै थन्किए। आज हामी विल्कुलै नयाँ युगमा छौं। यसलाई कसैले जेट, रोबोट र कम्प्युटर युग भन्दैछन्। कसैले प्रकृति विजयको युग भन्दैछन्। तर यो हो विद्युतीय युग, मानवताको संकट परेको युग।

विद्युत द्वन्दमय हुन्छ। वैकल्पिक प्रवाहको समानान्तर अस्तित्व हो - विजुली। विपरीत धारको सुन्दर मिलन। द्वन्दपूर्ण तर एकतावद्ध। सकार र नकारको द्वन्द, ऋण धनको द्वन्द, अणु परमाणुको द्वन्द, क्रिया प्रतिक्रियाको द्वन्द, उत्थान पतनको द्वन्द, ध्वंश निर्माणको द्वन्द, लाग्छ भू-मण्डल भरी नै द्वन्दै द्वन्द छ। विरोधै विरोध छ र जीवन विरोधमय एकतामा हिंडेको छ। एकता आफै अनेकतामा देखापर्छ। त्यसैले निर्विकल्प केही छैन। सबै कुराको विकल्प हुन्छ, तर त्यो सहजै देखिंदैन। हो, परस्पर विपरित धाराको एकतामा नै विजुली बल्छ, परस्पर निर्भरतामा प्रविधि फल्छ। त्यसैले हाम्रो युग वैकल्पिक ज्ञानको युग हो, विद्युतीय युग हो। अन्तर निर्भरतामा गतिशील प्राविधिक युग हो। प्रत्येक क्षेत्रमा प्रतिद्वन्दिता र प्रतिस्पर्धासंगै परिस्कार र परिपक्वता खोजिने युग हो। अलग पहिचानमा परस्पर निर्भरताको युग हो। मान्छेको गतिशीलता पनि विद्युतीय छ, प्रविधिमय छ। द्वन्दमय अन्तरनिर्भरता यसको पहिचान भएको छ। एक अर्थमा मान्छे स्वयं विजुली भएको छ र प्रविधिलाई आफ्नो इच्छामंचमा आफूसंगै नचाएको छ। मानव चेतना मात्र हैन संस्कृति समेत विद्युतीय बनेको छ, प्रविधिमय बनेको छ।

हिजोको मान्यता आज छैन, बदलिएको छ। हिजोको बोली आज छैन, हिजोको पहिरन आज छैन। चाल चलन र रितिथितिहरू पनि फेरिएका छन्। शिक्षा, संस्कार र सभ्यतामा नयाँपन आएको छ। मानव संस्कृतिका विधाहरू विशिष्ठ बनेका छन्। विज्ञानको चमत्कारसंगै मान्छेका आकांक्षाहरू फेरिएका छन्। समुद्रका भुंवरीदेखि हिमालका चुचुरासम्म मान्छे हाँस्दै घुमीरहेका छन्। आकासको दूरी छिचोल्दै चन्द्रको सतहमा पुगी रहेछन्। सामाजिक अन्तर सम्बन्ध पनि विद्युतीय छ। रेडियो, टेलिभिजन प्रसारण, अखवार पत्रिकाको वितरण, आवागमनको विचरण सबैतिर विद्युतीय प्रविधिले अकल्पित सफलता सुम्पेको छ। पारिवारिक बनौट र परिवारको छनौट दुबैमा परिवर्तन आएको छ। गीत संगीतका धूनहरू बदलिएका छन्। कला साहित्यको प्रवृत्ति र प्रकृति बदलिंदो छ। मञ्चनमा होस् वा प्रवचनमा, उपकारमा होस् वा उपचारमा विद्युतीय प्रविधिको अनिवार्य उपस्थितिले इतिहासलाई नै नयाँ मोड दिइरहेको छ। संस्कृतिलाई नयाँ होडमा सम्प्रेषित गरी रहेको छ। संगठित मानव शक्तिले विश्व ब्रम्हाण्डलाई बदल्दै छ। पृथ्वीको एउटा कुनाको उत्पादन अर्को कुनामा वितरण भइरहेछ र मानव समाज समृद्धिको शिखर चढ्दै छ।

तर यी सब उपलब्धीहरूले बीसौं शताब्दीको दुखान्त कथा पनि संगै हुर्काएको छ। असन्तुलित विकास, असमान समृद्धि र विज्ञानको अमानवीय प्रयोग जस्ता कुराले विद्युतीय संस्कृतिको संकट दर्शाएको छ। प्रविधि परिचालनको विकल्प खोजाएको छ। गरिबी र अशिक्षाको भुँवरीमा मानव समुदायको एक हिस्सा निरन्तर डुब्नु, अकाल मृत्युको भड्खालामा परेर मानिसहरू मरी रहनु, युद्धको सन्त्रासबाट मानिस मुक्त नहुनु, आणविक शस्त्रास्त्रको प्रयोगबाट भावी पुस्तामा विकृति रोपिनु, रासायनिक हतियारको प्रयोगले भू-मण्डल विषाक्त हुनु र विकासका नाममा विस्थापन तथा वर्चस्वका नाममा विखण्डन जस्ता कुराहरू पनि बीसौं शताब्दीका उकूच बनेका छन्। हामी लाग्दैछौं - एक्काइसौं सदीतिर तर गाउँ शहरको विभेद बाँकी नै छ, उँचनीचको विभेद ज्यूँदैछ। शिक्षित अशिक्षितको विभेद, सभ्य असभ्यको विभेद, सबल दुर्बलको विभेद हरेक मुलुकमा व्याप्त छ। हरेक जातिमा व्याप्त छ। मानवतालाई चपाउँदै धर्मको कलह सलह झैं फैलिएकै छ। विश्व वन्धुत्वलाई धपाउँदै राष्ट्रिय अहंकारले मानव चिन्तन मैलिएकै छ। अनि कसरी सन्तोष लिन सकिन्छ मानव समाज समृद्ध भो भनेर ? कसरी निदाउन सकिन्छ विश्वशान्ति भो भनेर ? कसरी रमाउन सकिन्छ विद्युतीय युग भनेर ?

बीसौं सदीको असन्तुलित विकासले मानव जीवन र समाजमा थुप्रै समस्याहरू पैदा गरेको छ। मानवीय अस्मिता, संकटग्रस्त बनाएको छ। विरोध र एकता विभाजित छ। प्रतिरोध र हिंसाले सद्भाव र सह-अस्तित्वलाई खरानी पार्दो छ। अनेकौं उत्पादनहरू छन् तर तिनीहरूको उपभोग सर्वसाधारणको पहुँचभन्दा बाहिर छ। मानव सम्बन्ध र शान्ति टुक्रिएको छ। सर्वे भवन्तु सुखिनःको पुनर्व्याख्या छैन। बहुजन हितायको नाममा अल्पसंख्यक ठालुहरूकै हैकम चलिरहेको छ। अनि कसरी हाँस्न सकिन्छ मानवताको प्रत्याभूति भो भनेर ? एक्काइसौं शताब्दीतिर जाँदैछौं भनेर ?

विद्युतीय प्रविधिको सहारामा नै दैनिक जीवन पनि चलिरहेछ। रेल, हवाईजहाजहरू पनि कम्प्युटर र राडारके मद्दतमा गुडिरहेछन्, उडिरहेछन्। भाषाको पर्खाल भत्काउँदै कम्प्युटर अनुवाद हुर्कंदो छ। विश्व संस्कृतिमा सूचना संजालको नयाँ प्रभुत्वले मानिसका मनमस्तिष्कलाई कुर्मुच्याएको छ। तर पनि मानवीय व्यवहारको अभावमा मानव जातिकै एक हिस्सा रोइरहेछ, पुकार गरिरहेछ, दया गर ! मलाई पनि बाँच्न देऊ ! म भोको छु खान देऊ ! म नाङ्गो छु लाउन देऊ! मलाई पनि उपचार देऊ, रोजगारी देऊ, समानता र समृद्धि देऊ ! विभेदका वन्धन फुकाएर स्वतन्त्रता देऊ, दासत्वको प्रताडना होइन उन्मुक्तिको सहजीवन देऊ !

लोकतन्त्रको नैतिक, सामाजिक र आर्थिक आयाम हुन्छ र तिनीहरू बीच सन्तुलित एकता हुनुपर्छ। थालनी सिद्धान्त निर्देशित भयो भने कार्यकलापहरू संगठित हुन्छन् र समाप्ती ध्येय प्राप्तीमा हुन्छ तर जब तीन आयाम विखण्डित हुन्छन् तब प्रजातन्त्र भनेको बहुमतको नाममा दुइचार जनाले शासन गर्ने पद्धति बन्दछ। प्रजातन्त्रको नाममा आज हाम्रा सामु जति पनि शासन देखा परेका छन् ती मध्ये अधिकांश शहरका धनीमानीको रमाइलो खेल भएका छन्। ग्रामीण चुसाहाहरूको संरक्षक बनेका छन्। विज्ञान र प्रविधिको उपभोग पनि तिनै वैभवशालीहरूले गरेका छन् र विद्युत, खानेपानी, टेलिफोन, अस्पताल, यातायात, शिक्षाका क्षेत्रमा राज्यले गरेको सारा लगानी शहर केन्द्रीत छ। यस स्थितिमा मानवताको रक्षा गर्ने दायित्व कसले लिने ? युगको यो मानवीय संकट कसले हटाउने ?

०५०/१०/३०

प्रकाश काफ्लेको सम्झनामा

प्रकाश : तिम्रो प्रकाश अँजुलीमा लिएर...

प्रेम ओझा
पाँचथर, फिदिम



स्वयम्लाई पगालेर
उज्यालो छर्ने मैनबत्तीको आकृतिमा
एउटा ज्योतिपुञ्ज थियौ
उद्वेलनको सागरबीच ढलपलिंदै गरेको
एउटा स्वतन्त्र किरण पुञ्ज थियौ
तिनै किरणहरू समेटेर
अजङ्गका ज्वारभाटाहरूसंग लडेर
प्रकाश तिमीले हाम्रो अधिकार खोज्यौ
बन्दुकको नोक छातीतिर फर्किएको बेला
कारागारको फलामे बारमा उभिएर तिमीले
युग युगसम्मको एउटा ढोका खोल्यौ

तिम्रो शीरमाथि
बारूला झैं भुनभुनाइरहेका
निरंकुशताका "दम दम" गोलीहरू बेवास्ता गर्दै
मानवअधिकारका ऋचाहरूलाई
हरेक महायज्ञमा बाचन गर्दै
तिमी एउटा महायुद्ध लडेका थियौ
सगरमाथाको छातीदेखि
गंगा र ब्रम्हपुत्रको बिसौनीसम्म
क्षण भंगुर जीवन र अकिंचन यात्रामा
देश-देशान्तरसम्म
तिम्रो आवाज बुलन्द थियो
तिम्रो अठोट निर्भिक थियो

प्रकाश,
आज भूटान तिम्रो अभावमा
मानवअधिकारको यात्रामा एक्लो बनेको छ
आज श्रीलंका र वर्मा
स्वतन्त्रताको पीडाले छटपटाइरहेछ
भाषण मात्र गर्नेहरूको लागि
तिमी एउटा प्रतिवेदन बोकेर आउँथ्यौ
र तिनका राता अनुहार छाम्न गर्थ्यौ
दक्षिणको अधिकार, पूर्वको प्रजातन्त्र
तिम्रो लागि प्यारो र श्रेय थियो
र प्यारो थियो निरंकुशता मुक्त नेपाल

तिमीले थालेको यात्रामा हामी पनि सामेल छौं
तर अगुवा जो थियौ तिमी आज हामी बीच छैनौ
तिम्रो बिछोडले हामीलाई एउटा अठोट दिएको छ
तिम्रो जीवनले हामीलाई एउटा शक्ति दिएको छ
धन्य छ, प्रकाश तिम्रो सपना
प्रजातन्त्र र मानवअधिकार
यही मानवअधिकारको विकट यात्रामा
एउटा उज्यालो र चम्किलो प्रकाशलाई
अञ्जुली भरी बोकेर श्रद्धाञ्जली
प्रकाश तिमीलाई श्रद्धाञ्जली।

❑

स्मृति सन्दर्भ :

प्रकाश काफ्ले : शब्दचित्रमा

नेपालको मानवअधिकारवादी आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद निधन भएको दुई वर्ष वितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधान न्यायाधीश पी.एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडीसियरी फर ह्युम्यान राइट्सको श्रीलंकामा भएको वैठकमा भाग लिएर मिति ०४९ साउन १६ गते स्वदेश फर्किंदा उहाँ चढ्नु भएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टेभीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दुःखद निधन भएको थियो।

प्रकाश काफ्लेको जन्म २६ डिसेम्बर १९५२ मा सिन्धुली जिल्लाको नांगेडाँडामा भएको थियो। १९६७ मा काठमाडौंको पद्मोदय माध्यमिक विद्यालयवाट एस.एल.सी. पास गरेपछि उहाँले वी.ए. सम्मको अध्ययन पूरा गर्नु भएको थियो।

उहाँले आफ्नो सार्वजनिक जीवनको शुभारम्भ पत्रकारिताबाट गर्नु भयो। १९७३ मा प्राची साहित्यिक पत्रिकाको सम्पादन संगसंगै लेखनतिर पनि लाग्नु हुने उहाँ स्वतन्त्र पत्रकारको रूपमा "दैनिक समाज" संग पनि सम्बद्ध रहनु भयो। १९८२ मा हेटौंडाबाट आफ्नै सम्पादनमा उहाँले "साप्ताहिक खवर" संचालन गर्नु भयो। पंचायती निरंकुशता विरूद्ध जनचेतना अभिवृद्धि गर्न सदा समर्पित रहेर पत्रकारितामा लाग्नु भएका प्रकाश काफ्लेले प्रकाश, छलफल, ज्वाला आदि पत्रिकाहरूको सम्पादन र संचालनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउनु भयो। त्यस क्रममा उहाँ गिरफ्तारीमा पनि पर्नु भयो।

निरंकुशता विरूद्ध विभिन्न न्यायिक आन्दोलनहरूलाई प्रभावित पार्ने र विविध ठाउँमा विस्तारित गर्ने उद्देश्यले उहाँले आफूलाई मानवअधिकारप्रति समर्पित गर्ने निर्णय गर्नु भयो। १९८४ मा मानवअधिकार संरक्षण मंचको स्थापना भयो र प्रकाश काफ्ले त्यसको महासचिव चुनिनु भयो। उहाँकै सक्रियतामा सोही वर्षदेखि १० डिसेम्वरका दिन नेपालमा मानवअधिकार दिवस मनाउन थालियो भने राजवन्दी रिहाई अभियान संचालनमा समेत उहाँको भूमिका महत्वपूर्ण रहन गयो।

पंचायती हिंसा, दमन र उत्पीडनका विरूद्ध मानवअधिकारको वहालीका लागि मानवअधिकार



संरक्षण मंचको तर्फबाट सक्रिय रहँदै आउनु हुने प्रकाश काफ्ले २०४६ सालको संयुक्त जनआन्दोलनलाई सफल बनाउन निकै नै सक्रिय रहनु भयो। युरोप पुगेर नेपाल सहयोग समूह गठन गरी आन्दोलनको पक्षमा प्रचार अभियान चलाउनमा उहाँ सफल हुनु भयो।

बहुदलीय व्यवस्थाको स्थापना पश्चात उहाँ ०१७ सालपछि वेपत्ता पारिएकाहरूको खोजवीन गर्ने आयोग, मानवअधिकार हनन तथ्य संकलन समिति, जनआन्दोलन पीडित उच्चस्तरीय समिति र प्रजातन्त्रका सेनानीहरूको नामावली संकलन समितिको सदस्य रहेर आफ्नो जिम्मेवारी सक्रियतापूर्वक पूरा गर्दै आउनु भएको थियो। २०४३ सालमा जनपक्षीय व्यक्तिहरू समेत उम्मेद्वार भएको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन र २०४८ सालको संसदीय आम निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउन पर्यवेक्षण टोलीका तर्फबाट उहाँले खेल्नु भएको भूमिका अत्यधिक प्रशंसित रहन पुगेको थियो।

मानवअधिकार आन्दोलनलाई नयाँ ढंगले अगाडि बढाउने उद्देश्यले स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को उहाँ निर्देशक हुनुहुन्थ्यो। इन्सेकद्वारा संचालित मानवअधिकार सचेतन अभिवृद्धि कार्यक्रमका श्रष्टा प्रकाश काफ्ले नै हुनुहुन्थ्यो। उहाँले नेपालमा मानवअधिकारको स्थितिलाई व्यापक रूपमा समेटेर प्रत्येक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्ने र बँधुवा मजदूर सम्बन्धी अध्ययन अनुसन्धान गर्ने योजनाको निर्माण पनि गर्नु भएको थियो। उहाँको यो सोचाइलाई मूर्तरूप दिएर इन्सेकले मानवअधिकार वर्ष पुस्तकको प्रकाशन शुरू गरी सकेको छ भने बँधुवा मजदूर सम्बन्धी प्रतिवेदन पनि प्रकाशित भैसकेको छ। त्यस्तै बँधुवा मजदूर मुक्ति मोर्चा र पीडित महिला मंचको गठन गर्नु पर्ने सोचाइलाई पनि उहाँले अगाडि बढाउनु भएको थियो। दक्षिण एशियाली मानवअधिकार मंच पनि उहाँकै सोचाइ अनुरूप स्थापना हुन पुगेको छ।

मानवअधिकार आन्दोलनलाई अगाडि बढाउँदै जाने क्रममा उहाँको जिम्मेवारी नेपाललाई केन्द्र बनाएर दक्षिण एशियाली क्षेत्रमा विस्तारित हुन पुग्यो। उहाँले नेपालको राजनीति र मानवअधिकारको स्थितिलाई विश्वसामु परिचित गराउने कुरामा समेत योगदान पुऱ्याउनु भयो।

प्रकाश काफ्ले एशियन कल्चरल फोरम अन डिभलपमेण्ट, एशिया प्यासिफिक व्युरो अफ एडल्ट एजुकेशन, साउथ एशियन जुडिसियरी टास्कफोर्स, मानवअधिकार सम्बन्धी एशिया फोरम जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको सदस्य हुनुहुन्थ्यो। उहाँले पत्रकारको रूपमा वंगलादेश, पाकिस्तान, चीन, उत्तर कोरिया, भारत र हङ्ककङ्गको भ्रमण गर्नु भएको थियो। मानवअधिकारवादी कार्यकर्ताको रूपमा प्रकाश काफ्लेले थाइल्याण्ड, फिलिपिन्स, स्वीट्जरल्याण्ड, जर्मनी, हल्याण्ड, श्रीलंका, भारत, वंगलादेश, पाकिस्तान, हङ्ककङ्ग, ताइवान, कोलम्बिया र मेक्सिकोको भ्रमण गर्नु भएको थियो।

सुशील प्रकाश, रूपेश कुमार र स्मृतिको नामबाट लेखहरू लेख्नु हुने प्रकाश काफ्लेले मानवअधिकार सम्बन्धी थुप्रै पुस्तकहरूको सम्पादन गर्नु भएको छ। साउथ एशियन एक्स्चेञ्ज बुलेटिनको नियमित प्रकाशन उहाँकै सम्पादनमा शुरू भएको थियो।

आफ्नो जीवनको अन्तिम समयमा उहाँ भूटानको प्रजातान्त्रिक आन्दोलनलाई सहयोग

पुऱ्याउन सक्रिय रहनु भएको थियो। उहाँले भूटानमा मानवअधिकारको स्थिति बारे अध्ययन गर्ने साउथ एशियन जुडिसियरीको संयोजन मात्र गर्नु भएन भूटानी प्रजातान्त्रिक आन्दोलनको इतिहासलाई समेट्ने "दि भूटान ट्रेजेडी ह्वेन वील ईट ईण्ड" नामको पुस्तक प्रकाशनमा समेत ठूलो भूमिका खेल्नु भएको थियो।

उहाँको सपना थियो - पिपुल्स सार्कको गठन गर्ने। त्यस्तै उहाँको अर्को सपना पनि थियो - नेपालमा इन्टरनेशनल कांग्रेस अन डेमोक्र्याटिक अल्टरनेटिभ फर डेभलेपमेन्ट, ह्यूमनराइटस् जस्टीस एण्ड पिस् आयोजना गर्ने। यो सपनालाई उहाँले पूरा गर्न पाउनु भएन। हामीले उहाँको यो सपनालाई हृदयमा साँचेका छौं र त्यसलाई पूरा गर्ने प्रण गर्नु पर्ने आवश्यकता भएको महशूस पनि गरेका छौं।

मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्ले अमर हुनुहुन्छ। नामका लागि हैन कामका लागि सदैव क्रियाशील रहनु हुने स्वर्गीय काफ्लेलाई उहाँकै योगदानहरूले अमरता प्रदान गरेका छन्।

स्वर्गीय काफ्लेका योगदानहरू चीरस्थायी रहुन्।

लामा र हफ्टनमा श्रद्धाञ्जलि

०४९ साउन १६ गते शुक्रवार काठमाडौंबाट करीब चौध नटिकल माइल उत्तरपूर्वमा अवस्थित नुवाकोटको घोप्टेभीरमा भएको थाई एयरवेज इन्टरनेशनलको एयर वस-३११ को त्रासद दुर्घटनामा ११३ जनाको दुःखद निधन भयो। जसमा २८ जना नेपाली नागरिकको जीवन पनि दुःखद अवसानमा परिणत हुन पुग्यो।

त्यस दुर्घटनामा मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्ले संगसंगै पत्रकार तथा प्रजातन्त्रवादी नेता आङदोर्जे लामा र नर्वेजियन विद्वान मार्टिन हफटनको पनि दुःखद निधन भयो।

आङदोर्जे लामा लामो समयदेखि नेपालको प्रजातान्त्रिक आन्दोलनमा संलग्न रहँदै आउनु भएको थियो। ०४२ सालको सत्याग्रह र ०४६ सालको संयुक्त आन्दोलनमा सक्रियतापूर्वक लाग्नु हुने लामाले प्रजातान्त्रिक आन्दोलनमा सरिक हुने क्रममा गिरफ्तारी र यातना पनि भोग्नु परेको थियो। "राजधानी" पत्रिकाको सम्पादन एवं प्रकाशनमा महत्वपूर्ण जिम्मेवारी लिंदै आउनु भएका लामा पत्रकारको रूपमा पनि प्रतिष्ठित हुनुहुन्थ्यो।

नर्वेजियन नागरिक मार्टिन हफटन नेपालको जनआन्दोलन बारेमा अध्ययन गर्ने एक विदेशी विद्वानको रूपमा परिचित रहनु भएको थियो। शारीरिक रूपले अपाहिज भएर पनि सदा सक्रिय रहनु हुने हफटनले नेपालको ०४६ को संयुक्त जनआन्दोलन बारे एउटा पुस्तक लेखेर प्रकाशित समेत गर्नु भएको थियो। भूटानी प्रजातान्त्रिक आन्दोलनलाई सहयोग पुऱ्याउने दृढ इच्छा उहाँमा रहेको थियो। तर उहाँले त्यो इच्छा पूरा गर्न पाउनु भएन।

पत्रकार एवं प्रजातन्त्रवादी नेता आङदोर्जे लामा र विदेशी विद्वान मार्टिन हफटनको दोश्रो स्मृति दिवसका सन्दर्भमा चीर स्मरणकासाथ हामी उहाँहरू दुबैजना प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं।

बहुमुखी प्रतिभा - प्रकाश काफ्ले

- प्रकाश ज्वाला -

"राष्ट्र र प्रजातन्त्रको लागि लड्ने योद्धाहरू सगरमाथाको भन्दा अग्लो मृत्यु मर्न सिक्नु होस्, प्रतिगामीसंग साँठगाँठ गर्नेहरू कुकुरको जस्तो मृत्यु मरी रहुन्।" यो भनाइ जीवनभर देश, जनता र प्रजातन्त्रको लागि लडेर सगरमाथा भन्दा अग्लो मृत्यु वरण गर्न पुग्नु हुने मदन भण्डारी को हो। उहाँले नै भने जस्तै राष्ट्र, प्रजातन्त्र र मानवअधिकारको लागि जीवनभर संघर्ष गर्ने र यसै क्रममा आफ्नो जीवन गुमाएर सगरमाथा भन्दा उँचो मृत्यु वरण गर्ने व्यक्तित्वको नाम हो - प्रकाश काफ्ले।

जीवन अनि मरण यो हरेक व्यक्तिहरूको लागि अनिवार्य कुरा हो। तर पनि कुनै कुनै व्यक्तिहरूको मृत्युले धरती हल्लाउँछ, मानव मुटुलाई चिराचिरा पार्छ, समाजमा भूइँचालो ल्याइदिन्छ। त्यस्तो व्यक्तिको मृत्युले यस्तो हलचल ल्याउँछ जसले आफ्नो व्यक्तिगत स्वार्थभन्दा सामूहिक स्वार्थलाई माथि राखेर देश, जनता, प्रजातन्त्र र मानवअधिकारको लागि आफ्नो जीवन समर्पित गरेको हुन्छ र मर्न परे पनि पछाडि पर्दैन। त्यस्तै व्यक्ति नै समाजमा अमर बन्छ। अर्थात मरेर पनि सदा बाँची रहन्छ। उसले बाँचेर पनि देश र जनताको विरोधमा लागेर जिउँदै मरिरहेकाहरूलाई चिहानबाटै पनि गिज्याउँदै हाँक दिइरहेको हुन्छ। उ समाजको लागि आफू जलेर प्रकाश दिइरहन्छ, उज्यालो फैलाई रहन्छ। अनि सदा देदीप्यमान बत्ती भएर बलिरहन्छ, अटल ताराहरू जस्तै चम्की रहन्छ। त्यस्तै आफू जलेर समाजलाई उज्यालो "प्रकाश" दिएर तारा झैं चम्की रहेको एउटा नक्षत्रको नाम हो - प्रकाश काफ्ले।

करीब ४१ वर्ष अगाडि २००९ पौष ११ गते जनकपुर सिन्धुलीको एउटा पहाडी गाउँ नांगेडाँडामा जन्मिएको प्रकाश काफ्ले सम्पूर्ण नेपालीहरूको प्रिय भएर बाँच्न सफल भए। सानै उमेरदेखि तीक्ष्ण बुद्धको धनी प्रकाश आफ्नो उमेर वृद्धिसंग संगै जगमगाउँदै उठ्न थाले। पढाइमा सफलता हासिल गर्दै गए। गाउँघर र परिवार बीच इमान्दारिता, नम्रता, शिष्टता र प्रतिभाका कारण अत्यन्त प्यारो थिए - प्रकाश। उनले छोटो जीवनमा पनि देशको निम्ति धेरै काम गरेका छन्। उनले मानवअधिकारको क्षेत्रमा मात्र हैन राजनीति, पत्रकारिता जस्ता क्षेत्र र फाँटमा पनि काम गरे र उनी हरेक काममा सफल पनि भए। मानवअधिकारको क्षेत्रमा प्रकाशले ठूलै हलचल ल्याई दिए र उनी एउटा सफल मानवअधिकारवादी कार्यकर्ताको रूपमा प्रख्यात भए। अरू केही वर्ष बाँचेका भए उनले यस क्षेत्रमा नेपालमा मात्र हैन दक्षिण एशिया र अझ त्यस भन्दा पनि टाढासम्म यस सम्बन्धी क्षमताको प्रदर्शन गर्न सक्ने विश्वास गर्न सकिन्छ।

तर दुर्भाग्य २०४९ सालको कालो श्रावण महिनाको १६ गतेको निर्दयी विमान दुर्घटनाले जनताबाट, जनताको लागि काम शुरू गर्नु पर्छ भन्ने प्रकाशको उज्यालोलाई

निलिदियो। नुवाकोटको घोप्टेभीरमा भएको त्रासदीय विमान दुर्घटनाले उनका साथीहरूसँगै जाज्वल्यमान प्रकाशलाई छियाछिया पारी दियो। प्रकाशको भौतिक शरीर नष्ट भएको २ वर्ष पूरा भयो तर उनको विचार र भावनालाई न कालो श्रावणले निल्न सक्नेछ न त उनको योगदान र उनले देखाएको जनहित र समाजसेवाको राजमार्गलाई घोप्टेभीरको दूर्घटनाले नै भत्काउन सक्यो। प्रकाशको महत्व, उनको विचारको मूल्य र उनको त्यागको ओज त अझ धेरै बढिरहेको छ।

प्रकाश काफ्ले बहुआयामिक र बहुमुखी प्रतिभा भएको एक महान व्यक्तित्व थिए। उनले गरेका योगदानको चर्चा संक्षेपमा निम्नानुसार गरिन्छ :

१. मानवअधिकारको बलियो स्वम्बा प्रकाश

"मानवअधिकारको रक्षा र विकास जनताको सचेतन जागरण र संगठित आवाजवाट मात्र संभव छ।" भनी मानवअधिकारको रक्षा र विकासलाई जनताको जागरण र संगठनसंग जोड्ने प्रकाश काफ्लेले सबैभन्दा धेरै योगदान यसै क्षेत्रमा गरेका छन्। उनको स्पष्ट धारणा के थियो भने साँचो अर्थमा मानवअधिकारको विकास र रक्षा त्यहीं हुन्छ, जहाँ जनता जागरूक छन्, संगठित छन्। नेपाली जनताको दयनीय अवस्थाको तस्वीर नजिकवाट देखेका प्रकाशले शोषण, दमन र मानवअधिकारको हननको विरूद्ध आवाज उठाउन थाले। देशमा मानवअधिकार उल्लंघनका घटनाहरूबाट प्रभावित भएर त्यस विरूद्ध संगठित आवाज उठाउने उद्देशयले २०४१ सालमा "मानवअधिकार संरक्षण मञ्च" निर्माण गर्न सवभन्दा ठूलो योगदान गरे। मानवअधिकार संरक्षण मञ्चको संस्थापक महासचिव प्रकाशले मानवअधिकार सम्बन्धी आवाजलाई विदेशमा समेत प्रवाहित गर्नका लागि इन्सेक भन्ने मानवअधिकारवादी गैरसरकारी संस्था खोलेर त्यसमै काम गर्न थाले। इन्सेक अर्थात अनौपचारिक क्षेत्र सेवा केन्द्र मार्फत उत्पीडित र शोषित नेपाली जनतालाई सचेत, जागरूक र चेतनशील वनाउन कम्मर कसेर लागेका काफ्ले जीवनको अन्तिम घडीसम्म यस संस्थाको निर्देशक थिए।

राम्रा कानून बनेर मात्र तल्लो तहका जनताको स्थिति सुधँदैन, यसको लागि मानवअधिकार कार्यकर्ताहरू लागी पर्नु पर्छ र सरकारले पनि यस क्षेत्रमा योगदान गर्नु पर्छ भन्ने धारणा राख्ने काफ्ले भन्छन् - "जतिसुकै कानून किन नबनुन्, जबसम्म तल्लो तहका जनताले कानूनको व्याख्या र मर्म बुझ्दैनन् तबसम्म मानवअधिकारको स्थिति सुदृढ पार्नका लागि एउटा माध्यम मात्र हुन सक्छ। यसले नै मानवअधिकारको सुरक्षा पूर्ण रूपमा गर्दैन त्यसैले मानवअधिकारसंग सम्बन्धित कार्यकर्ताहरूको कार्य निरन्तर नै रही रहन्छ र मानवअधिकारको सुरक्षाको लागि सरकारको दायित्व जहाँसुकै पनि प्रमुख हुने गर्छ।"

प्रकाश काफ्ले मानवअधिकारको संकुचित परिभाषाको खिलाफमा छन् र यो जीवनमा हरेक क्षेत्रसंग सम्बन्धित रहेको विश्वास राख्दै यस्तो विस्तृत परिभाषा गर्छन् - "हामीले भन्ने गरेको मानवअधिकार प्रेस स्वतन्त्रता, संगठन निर्माण गर्ने स्वतन्त्रता मात्र हैन स्वास्थ्य उपचारको अधिकार, शिक्षाको अधिकार, राष्ट्रको सम्पत्ति र सम्पदा सम्पूर्ण नेपालीको हो भन्ने भावनायुक्त विकासका लागि अधिकार सहित संयुक्त राष्ट्र संघले घोषणा गरेको विश्व मानवअधिकार हो।"

संयुक्त राष्ट्र संघले घोषणा गरेको मानवअधिकारप्रति प्रतिवद्ध काफ्ले हरेक ठाउँमा मानवअधिकार उल्लंघनका घटनाको विरोध गर्ने, उनीहरूलाई संचार माध्यम मार्फत प्रचारमा ल्याउने, ती घटनालाई अन्तर्राष्ट्रिय मञ्चहरूमा उठाउने काममा जीवनभर लागी परे। देशभित्र र बाहिरका विभिन्न मञ्च र सेमिनारहरूमा कार्यपत्र वा मन्तव्य मार्फत होस् वा विभिन्न पत्रपत्रिकामा अन्तरवार्ता, लेख रचना आदि छपाएर, उनले आफ्नो आवाज बुलन्द गर्दै आएका थिए। उनले चाहे बँधुवा मजदूरको लागि होस् चाहे बालमजदूर, धार्मिक पाखण्ड होस् चाहे साम्प्रदायिकतावादी घटना हरेक उत्पीडनको विरूद्ध आवाज उठाए।

हरेक गाउँपाखा पखेरा र वस्तीहरूमा मानवअधिकार सम्बन्धी विचारहरू छर्दै हिंड्ने प्रकाशले अन्तिम पटक ०४९ असार १६ गते धुन्चेमा सहभागी भएका थिए। प्रकाश हिंसाका पक्षपाती थिएनन्, उनी शान्ति चाहन्थे, त्यसैले त उनी भन्थे - "जनताले पाए जनताले, प्रहरीले पाए प्रहरीले यातना दिने कार्य हुँदै गयो भने समाज शान्तिमय हैन हिंसात्मक हुँदै जान्छ।"

प्रकाश काफ्ले मानवअधिकार सम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय सेमिनार र गोष्ठीहरूमा पनि सहभागी भएका थिए। उनले दक्षिण एशियामा एउटा मानवअधिकार संस्था बनाउने संकल्प गरेका थिए र धेरै हदसम्म सफलता पनि पाइसकेका थिए। आखिर यो क्षेत्रकै मानवअधिकारवादी सितारालाई यति छिटै हामीले गुमाउनु पर्‍यो। प्रकाशको मानवअधिकार सम्बन्धी संक्षिप्त परिभाषा यस्तो छ - "मानिस भई बाँच्नका लागि आवश्यक सबै स्थितिको समष्टीगत स्वरूप नै मानवअधिकार हो।"

२. राजनीतिक क्षेत्रका उज्वल नक्षत्र प्रकाश

प्रकाश काफ्ले एक सक्षम मानवअधिकार कार्यकर्ता हुँदाहुँदै पनि इमान्दार राजनीतिक कार्यकर्ता पनि थिए। उनी मानवअधिकारलाई राजनीतिभित्र गुटमुट्याउने वा पूर्णरूपमा लग्याउने दुबै कुराको विरोधी थिए। उनी भन्छन् - "धेरै घटना परिघटनाले स्पष्ट भैसकेको छ कि मानवअधिकारको परिभाषादेखि व्यवहारसम्म यसलाई राजनैतिक सीमाभित्र राख्ने गरिएको छ। मानवअधिकारबाट अधिकार भन्ने कुरालाई, दया वा दानभित्र जवर्जस्ती राखिएको छ।" उनी मानवअधिकार र राजनीति बारे स्पष्ट विचार राख्छन् - "निश्चय पनि मानवअधिकारको समस्या पनि एउटा राजनैतिक समस्या हो र यसको समाधान पनि राजनैतिक समाधानसंगै हुने गर्छ। यद्यपि मानवअधिकार आनदोलनलाई राजनैतिक आन्दोलन र परिस्थितिले प्रत्यक्ष प्रभाव पारेको हुन्छ। तर मानवअधिकार राजनैतिक दायराभित्र मात्र सीमित रहने संकीर्ण विषय भने होइन बरू मानवअधिकारलाई राजनैतिक आन्दोलनको एउटा लक्ष्यका रूपमा भने लिन सकिन्छ।" फेरि उनी यसो पनि भन्छन् - "मानवअधिकार खान वा बोल्न पाउने अधिकारको छनौटबाट मात्र प्राप्त हुँदैन वा यी दुईको सीमाभित्र मात्र अटाउँदैन। ... मानवअधिकारको सम्पूर्ण आन्दोलन जहिले पनि राजनैतिक सीमा तोड्दै अगाडि बढ्ने प्रयासमा देखिएको छ।"

जे होस् प्रकाश काफ्ले एक राजनैतिक व्यक्तित्व पक्कै हुन्। उनी मार्क्सवादी विचारबाट प्रभावित थिए। उनले तत्कालीन नेकपा (माले) को सदस्यता लिएर उक्त पार्टीमा संगठित भएर सक्रिय रूपमा काम गरेका थिए। को अर्डिनेशन कालदेखि नै कुनै न कुनै किसिमले पार्टी राजनीतिमा सक्रिय रहँदै आएका प्रकाश मृत्यु हुँदासम्म नेकपा (एमाले) को जिल्ला स्तरका कार्यकर्ता थिए तर पार्टीले उनलाई विशेष गरी मानवअधिकारकै क्षेत्रमा

काम गर्न जिम्मेवारी दिएको थियो। त्यसैले त उनको मृत्यु पछि हँसिया हथौडा अंकित रातो झण्डा ओढाएर उनको सम्मान गरिएको थियो। उनको मृत शरीरमा पार्टी झण्डा ओढाउँदै त्यसबेला मदन भण्डारीले भन्नु भएको थियो - "प्रकाश काफ्लेले मानवअधिकारका लागि गर्नु भएको योगदानहरूद्वारा उहाँ हामी बीच बाँची रहनु भएको छ।"

३. प्रजातान्त्रिक आन्दोलनका सेनानी प्रकाश

प्रकाश काफ्ले जीवनभर निरंकुश व्यवस्थाका विरूद्ध र प्रजातन्त्र प्राप्तीको कठोर आन्दोलनमा अग्रिम मोर्चामा उभिएर लडेका थिए। प्रजातन्त्र उहाँको अति प्रिय वस्तु थियो। २०१७ मा देशमा निरंकुश पञ्चायतको शुरूवात भएदेखि नै उनी त्यसको अन्त्यको लडाइँमा सक्रिय रहे। २०४६ को निर्णायक जनआन्दोलनमा उनको भूमिका अझ गहन बन्यो। उनी विशेष गरी आन्दोलनको पक्षमा अन्तर्राष्ट्रिय समर्थन जुटाउने काममा लागे। भारत, युरोपीय देशहरू आदि विभिन्न ठाउँहरूमा घुमेर आन्दोलनको पक्षमा भारी समर्थन जुटाउन उनी सफल भए। प्रकाश काफ्लेकै सक्रियतामा फिलिपिन्स, जर्मनी आदि देशहरूमा नेपालको जनआन्दोलनको समर्थनमा कमिटीहरू बनेका थिए। उनी प्रजातन्त्रको कसी निष्पक्ष निर्वाचनलाई मान्छन्। यस बारे उनको भनाइ छ कि प्रजातन्त्रको स्तरको सही मानेमा जायजा लिने आधार निर्वाचन पनि हो। निर्वाचनको बेलामा नै सरकारको प्रजातान्त्रिक आचरण, विपक्षीको सकारात्मक भूमिका र निर्वाचन आयोगको तटस्थतालाई जाँच्ने परीक्षण गर्ने गरिन्छ।

यस प्रकार प्रकाश काफ्लेलाई एक निर्भिक प्रजातन्त्रका सेनानी भन्न सकिन्छ।

४. निष्पक्ष र जनपक्षीय पत्रकारको रूपमा प्रकाश

पत्रकारको रूपमा पनि प्रकाश काफ्लेको छुट्टै व्यक्तित्व थियो। उनले लामो समयसम्म पत्रकार भएर समेत काम गरेका थिए। उनले अढाई दशक पहिले आफ्नो प्रिय मित्र, सुशील प्याकुरेलसंग मिलेर "मानवका लागि मानवअधिकार, मानवअधिकारका लागि उपयुक्त संस्कृति भन्ने हुँकारका साथ यो "प्राची" पत्रिका निकालेका थिए। त्यसबेला प्राची प्रगतिशील युवाहरूको अन्तर आत्मालाई छुने पत्रिका बनेको थियो। प्रकाश उत्तम लेखन शैली भएका पत्रकारहरू मध्ये पर्छन्। उनले प्राचीबाट आफ्नो पत्रकारिता यात्रा शुरू गरेर प्रकाश, ज्वाला, समाज, छलफल, खबर आदि पत्रिकाहरूमा काम गरेका थिए। उनी मानवअधिकार पत्रिका चलाउन लालायित थिए।

उपसंहार

यसका साथै प्रकाशले केही समय शिक्षण पेशामा समेत काम गरेका थिए। समाज सेवा पनि उनको चासोको क्षेत्र थियो। यसरी प्रकाश काफ्ले एक मानवअधिकारवादी कार्यकर्ता, एक इमान्दार राजनीतिक कार्यकर्ता, प्रजातन्त्रका योद्धा, सक्षम पत्रकार र समाजसेवी समेत भएर काम गरेका थिए। प्रकाशको महानताको मूल्यांकन विभिन्न विद्वानहरूले आ-अफ्नै शब्दमा गरेका छन्। साहित्यकार प्रश्रित भन्नु हुन्छ - "विसंगतिजन्य पीडा भोगेर पनि प्रकाशहरू आफ्नो काममा जुटी नै रहनु भयो। हतास भएर पछाडि फर्कनु भएन, त्यो गुण अनुकरणीय छ।" संजय थापा भन्नु हुन्छ - "साथीहरू प्रकाशको सम्झनामा अहिले यति भनौं, काम गरौं। जनता र राष्ट्रप्रति समर्पित भएर काम गरौं, त्यही नै हाम्रो जीवनको सिंगो सार्थकता ठहरिनेछ।" प्रकशको मृत्यु नेपालको मात्र नभएर दक्षिण एशियाई प्रजातान्त्रिक आन्दोलनको लागि अपूरणीय क्षति भएको महशूस डी. प्रेमपतिले गरे। भी.आर. कृष्ण अय्यरको संकल्प छ - "_ प्रकाशका विचारहरूको प्रकाशले, उहाँले बनाउनु भएको मार्गको उज्यालोले हामीलाई पनि बाटो देखाउने छ।"

प्रकाश काफ्लेको पार्थिव शरीर हाम्रो बीच छैन। श्रीमती सरिता, परिवार र संगी साथीलाई छोडेर उहाँ गैसक्नु भएको छ। तर उहाँ हाम्रो बीच सदा बाँची रहनु हुनेछ। श्रावण १६ को अजंगको राक्षसले पनि भत्काउन नसकेको एउटा आस्थाको राजपथ छ - प्रकाशले निर्देशन गरेको बाटो। प्रकाशले स्थापित गरेको एउटा मूल्य, एउटा आदर्श जसलाई कालले पनि खोस्न सकेन, त्यसलाई आत्मसात गरेर अघि बढ्ने प्रण गरौं, यही नै प्रकाश काफ्ले प्रतिको सच्चा श्रद्धाञ्जलि हुनेछ।

"प्रकाश उज्यालो आफ्नो सम्झनाको हामीसँगै रहन देऊ,

के थाहा कुन गोरेटोमा जिन्दगीको सन्ध्या हुने हो।"

दोश्रो इन्सेक भेला

"अंध्यारो हाम्रो लागि चुनौती हो भने लाल्टिन बालेर अंध्यारोलाई चिर्नु हाम्रो दायित्व हो।" - उपरोक्त कुरो इन्सेकका संयोजक सुशील प्याकुरेलले बताउनु भएको हो। वहाँ गत साउन २५ गते दोश्रो इन्सेक अभियान भेला ०५१ मा आफ्नो मन्तव्य राख्दै हुनुहुन्थ्यो।

साउन २५ र २६ गते इन्सेक अभियान भेला विभिन्न निर्णयहरूका साथ सम्पन्न भयो। भेलामा सुशील प्याकुरेलले "मानवअधिकार आन्दोलनको वर्तमान चुनौती र हाम्रो दायित्व" का बिषयमा प्रकाश पार्नु भएको थियो। त्यस्तै डा. भोगेन्द्र शर्मा र शिवहरि दाहालले क्रमशः यातना र त्यसका प्रभाव एवं इन्सेक र अन्तर्राष्ट्रिय कार्यहरूका बिषयमा बोल्नु भएको थियो। कार्यक्रमको पहिलो दिन चुनावमा मतदाता सचेतन बिषयक छलफल कार्यक्रमको आयोजना पनि गरिएको थियो। कार्यक्रममा प्रमोद काफ्ले, कुन्दन अर्याल र सुनिल पोखरेलले क्रमशः इन्सेक अभियान विगत र वर्तमान, प्रचार सामग्री र यसको उपयुक्त प्रयोग, वैचारिक पक्षको काम एवं विकासमा स्थानीय स्रोतको परिचालनका विषयमा बोल्नु भएको थियो।

भेलामा पूर्वाञ्चलका ६, मध्यमाञ्चलका ६, पश्चिमाञ्चलका ५, मध्यपश्चिमाञ्चलका ५, सुदुर पश्चिमाञ्चलका ६, इन्सेकका पाँचै क्षेत्रीय संयोजकहरू एवं कमैया कार्यक्रमका एक प्रतिनिधिको सहभागिता रहेको थियो। भेलाले सर्वसम्मतिबाट इन्सेक अभियानलाई स्वावलम्बनको दिशामा अघि बढाउने निर्णय गऱ्यो। उक्त भेलाले मतदाता सचेतनका विविध कार्यक्रमहरू जिल्ला-जिल्लामा संचालन गर्ने निधो पनि गऱ्यो।

- रमेश वानियाँ

प्रकाश काफ्लेको स्मृति दिवस

साउन १६, २०५१ का दिन स्वर्गीय प्रकाश काफ्लेको दोश्रो स्मृति दिवस विविध कार्यक्रमहरूकासाथ मनाइयो। रूसी साँस्कृतिक केन्द्र, कमलपोखरीमा नेपालका आठ मानवअधिकारवादी संस्थाहरूको संयुक्त आयोजनामा प्रकाश स्मृति सभाको आयोजना गरिएको थियो। मानवअधिकार संरक्षण मञ्चका कार्यवाहक अध्यक्ष पद्मरत्न तुलाधरको सभापतित्वमा भएको सो समारोहमा प्रमुख अतिथिको आसनबाट बोल्दै सभामुख दमननाथ ढुंगानाले स्व. प्रकाशले मानवअधिकारको क्षेत्रमा देशभित्र मात्र होइन अन्तर्राष्ट्रिय जगतमा समेत उल्लेख्य योगदान दिनु भएको चर्चा गर्नु भयो। श्री ढुंगानाले अगाडि भन्नुभयो - आजका राष्ट्रिय विषयवस्तु संसदको विघटन, निर्वाचनको निष्पक्षता पनि मानवअधिकारकै क्षेत्रभित्र पर्ने कुरा हुन्। उहाँले राष्ट्रिय स्तरमा मानवअधिकार आयोग गठन गर्नु पर्ने कुरामा जोड दिनु भयो।

सोही समारोहलाई सम्बोधन गर्दै नेपाल मानवअधिकार संगठनका अध्यक्ष ऋषिकेश शाहले भन्नु भयो - "भयलाई त्यागेर मानवअधिकारको रक्षा गर्न हामी सबैले प्रकाशबाट प्रेरणा लिनु पर्छ।" अर्का वक्ता मानवअधिकार संरक्षण मंचका अध्यक्ष डा. मथुराप्रसाद श्रेष्ठले भन्नु भयो - "मानवअधिकार क्षेत्रको वरद् व्यक्तित्वका धनी स्व. काफ्लेले २०४६ सालको जनआन्दोलनका क्रममा नेपालको मानवअधिकारको स्थिति बारे अन्तर्राष्ट्रिय जगतमा व्यापक प्रचार गर्ने गहन काम गर्नुभएको थियो।" मानवअधिकार उल्लंघनका विरूद्ध डटेर मुकाविला गरेमा प्रकाशको आत्माले शान्ति पाउनेछ - उहाँले भन्नुभयो। वरिष्ठ अधिवक्ता वासुदेव ढुंगानाले मानवअधिकारका लागि सदैव अदालतको ढोका घच्घच्याएर संभव नहुने भएकाले सबै मानवअधिकारवादी संघ संगठनहरू मिली मानवअधिकार आयोग गठन गर्न सकिएमा प्रकाशप्रति सच्चा श्रद्धाञ्जलि हुने विश्वास व्यक्त गर्नुभयो। प्राध्यापक सूर्यबहादुर शाक्यले स्व. प्रकाशमा दूरदर्शिताका साथै कार्य क्षेत्रमा उत्रन सक्ने गुण थियो भन्नुभयो। नेपाल पत्रकार संघका सभापति होमनाथ दहालले स्व. काफ्लेको पत्रकार व्यक्तित्वमाथि प्रकाश पार्दै निरंकुश पंचायती शासनमा पत्रकारिता र मानवअधिकारको क्षेत्र अलग थिएन भन्नुभयो। वरिष्ठ इञ्जिनियर श्री शंकरनाथ रिमालले नेपाललाई एशियाकै मानवअधिकार केन्द्र बनाउने प्रकाशको सपनाको एक अंशको रूपमा मानवअधिकार पार्क निर्माण हुन थालेकोमा सन्तोष व्यक्त गर्नुभयो। इन्सेकका संयोजक सुशील प्याकुरेलले भन्नु भयो - "जब जब मानवअधिकारको उल्लंघन हुन्छ तब तब प्रकाशले त्यस्ता उल्लंघन विरूद्ध प्रतिकार गर्ने गरेको कुरा हाम्रो मानसपटलमा ताजा हुन्छ। र प्रकाश हाम्रो सामु भएको महशूस हुन्छ। यसरी प्रकाश मानवअधिकार आन्दोलनका प्रेरणापुञ्जका रूपमा रहेका छन्।" श्री प्याकुरेलले स्वर्गीय काफ्लेको योगदानको चर्चा गर्दै प्रकाश सबै मानवअधिकारवादी कार्यकर्ताका सच्चा मित्र भएको बताउनु भयो। आजकै दिन ठीक दुई वर्ष अगाडि भएको हवाईजहाज दुर्घटनाको चर्चा गर्दै श्री प्याकुरेलले उक्त दुर्घटनामा पर्ने पत्रकार तथा मानवअधिकारवादी कार्यकर्ता स्व. आङदोर्जे लामा तथा प्रजातन्त्र र मानवअधिकारका योद्धा मार्टिन हफ्टनको संस्मरण गर्दै उहाँहरूको योगदानमाथि पनि प्रकाश पार्नु भयो।



श्री प्याकुरेलले स्व. काफ्लेको स्मृति सभा नेपालमा मात्र होइन वंगलादेश लगायत अन्य मुलुकमा पनि मनाईदै गरेको प्रसङ्ग उल्लेख गर्दै मानवअधिकार सम्बन्धी स्व. काफ्लेका अवधारणाबारे जानकारी गराउनु भयो। समारोहमा सभापतिको आसनबाट श्री पद्मरत्न तुलाधरले स्व. प्रकाशले मानवअधिकारका क्षेत्रमा काम गर्न सबै विचारका व्यक्तिहरूलाई एकजुट तुल्याउन गर्नु भएको प्रयासको सह्राहना गर्नु भयो। "स्व. काफ्ले सशरीर नरहनु भए पनि उहाँका विचारहरू र सहयोद्धाहरू हामी बीच हुनुहुन्छ। हामी सबै मानवअधिकार आन्दोलनलाई अघि बढाउन संकल्प गरौं।" - श्री तुलाधरले भन्नुभयो।

स्वर्गीय प्रकाश काफ्ले लगायत थाई एयरवेज दुर्घटनामा परी दिवंगत हुनु भएका मानवअधिकारवादी व्यक्तिहरूप्रति एक मिनेट मौन धारण गरी शुरू गरिएको उक्त स्मृति सभाको आयोजना इन्सेक, मासम, इन्हुरेड, वाच, एच.आर.पार्क, नेमाधिसं, सीवीन र सिभिक्ट जस्ता विभिन्न मानवअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूले संयुक्त रूपमा गरेका थिए।

कार्यक्रमको संचालन नेपाल बालमजदूर सरोकार केन्द्र (सीवीन) का निर्देशक गौरी प्रधानले गर्नु भएको थियो। उक्त समारोह अघि सोही स्थलमा उल्लेखित मानवअधिकार संस्थाहरूले संयुक्त रूपमा प्रकाशन प्रदर्शन पनि गरेका थिए। इन्सेकले स्व. काफ्लेको दोश्रो स्मृति दिवसका अवसरमा तीन महिने मानवअधिकार स्थिति सूचकको प्रकाशन समेत आरम्भ गरेको छ।

स्मृति सभाको कार्यक्रम पश्चात आजै उल्लेखित संस्थाहरूकै आयोजनामा मूलपानी गा.वि.स. स्थित प्रस्तावित मानवअधिकार उद्यानमा वृक्षारोपण कार्यक्रमको आयोजना गरिएको थियो। वृक्षारोपण स्थलमा आयोजित संक्षिप्त सभामा मासमका महासचिव विश्वकान्त मैनाली, सर्वनाम नाट्य समूहका अशेष मल्ल, नेमाधिसंका उपाध्यक्ष एवं नेपाल प्राध्यापक संघका अध्यक्ष कपिल श्रेष्ठ, मासमका संस्थापक अध्यक्ष बद्रीप्रसाद खतिवडा, एमाले नेतृ विद्या भण्डारी, स्थानीय वासिन्दा लक्ष्मण खनाल एवं इन्सेकका संयोजक सुशील प्याकुरेलले स्व. प्रकाश काफ्लेको व्यक्तित्वका विविध पक्ष बारे चर्चा गर्नु भएको थियो। काठमाडौं जि.वि.स.का उपसभापति नारायण ढकालको सभापतित्वमा भएको उक्त कार्यक्रममा श्री ढकाल र उद्घोषक कुन्दन अर्यालले पनि स्व. काफ्लेको प्रतिभाशाली व्यक्तित्व बारे चर्चा गर्नु भएको थियो।

कार्यक्रममा श्री सुशील प्याकुरेलले मानवअधिकार उद्यान नेपाली जनताले मानवअधिकारका लागि गरेको संघर्षको प्रतीकको रूपमा रहने कुरा बताउनु भयो। श्री कपिल श्रेष्ठ एवं विश्वकान्त मैनालीले स्व. काफ्लेद्वारा अन्तर्राष्ट्रिय जगतमा नेपाललाई चिनाउने काम भएको कुरा बताउनु भयो।

घाममा नराम्रो

उनी फोनमा हुन्नन्
उनी घरमा हुन्नन्
उनी हुन्नन् आफ्ना सन्तानकासाथ
उनी बाँडी रहेकी छिन दूधका बट्टाहरू

उनी पढे लेखेकी छिन्
हल्का रंगका लुगा र गाढा रंगको चस्मा लगाउँछिन्
उनी बस्दछिन् एक विवाहित पुरूषकासाथ
जस्को पत्नी
विना पारपाचुके बस्दछिन् कतै टाढा
गत वर्ष उनले जन्माइन् एक गैर कानूनी, कम वजनको वालक
त्यसबेला उनी पिउँथिन् बिडी
उनी पक्षधर हुन् मानवअधिकारहरूको

उनलाई चाहन्छन् कति किसिमका वुद्धिजीवी
सबैलाई सम्झना छ अफ्रिकी बच्चाहरू माथिको उनको काम
दूताबासहरूमा चर्चा छ उनको
उनी फर्किएकी हुन् युगोस्लाभियाबाट
उनी चिन्तित छिन् सांस्कृतिक संकटउपर
सांप्रदायिक तनावउपर
विंग्रदो पर्यावरणउपर
उनी मिलाउँछिन् आफ्नो लिपिस्टिक
जुन अब घाममा नराम्रो देखिन आँटेको छ।

संजय चतुर्वेदी

(समकालीन तिसरी दुनियाँ, डिसेम्बर १९९१)

गुलेलीबाट गोली चल्दैन

- कुन्दन अर्याल -

एउटा पक्षबाट आव्हान हुन्छ। -"नेपाल बन्द गरौं।" अर्को पट्टिबाट भनिन्छ। -"नेपाल खुला राखौं।" भोलिपल्ट दुवैथरी सडकमा ओर्लन्छन्। विपक्षी पार्टीको प्रतिनिधित्व गर्दै जुलुस निस्कन्छ। सरकारको ध्वजा बोकेर प्रहरी शक्ति उपस्थित हुन्छ। त्यसपछि भीडन्त हुन्छ। र केही घाइते हुन्छन्। कहिले गोलीद्वारा केहीको ज्यान नै जान्छ।

पार्टीहरूको राजनीतिक अभ्यास। सरकारको शक्ति अभ्यास। यी दुवै कुरो जुझ्नु हुँदैन। मानिसको ज्यान अनाहकमा जानु हुँदैन। बन्दवालहरू पनि यसै भन्छन्। खुलावालहरू पनि यसै भन्छन्। अनि आममानिस देखी रहेका छन्। - गोली त चली रहेकै छ, लाठी पनि चलायमान छ। मान्छे ढलिरहेकै छन्।

प्रजातन्त्रको वहाली पश्चात सबभन्दा दुखद् कुरो यही हो। नेपालीले यो बहुदलीय प्रजातन्त्रको नयाँ इतिहास रगतले लेखेका थिए। पुरानो अध्यायलाई छयालीसले बन्द गरी दिएको थियो। तर फेरि गोली चलिरहेछ, लाठी पनि चलायमान छ।

"नेपाल बन्द।" एउटा राजनीतिक पार्टीले आफ्नो राजनीतिक अभ्यास गऱ्यो। बजार बन्द भयो। बाटो सुनसान भयो। केही बेर पछि एउटा जुलुस आयो। अर्कोतिर बाट पुलिसको जुलुस पनि निस्कियो। फेरी भीडन्त भयो। गोली चल्यो, लाठी चल्यो, केही घाइते भए, केहीको ज्यान गयो।अनि कति भन्दैछन् -"संयोगले बाँचियो।"

मन्त्रीहरू भाषण गरी रहेछन्। -"जनताको खुसियालीका निम्ति हामी समर्पित छौं।" विपक्षी कटाक्ष गर्छन्। -" जनताको संहार भई रहेको छ, गोली चलिरहेको छ।" मन्त्रीजी जवाफ दिन्छन् - "जनताको रक्षका लागि गोली चलाउँदा दुई जना मारिए।" जनताको रक्षा गर्ने गोली ! प्रजातन्त्रको रक्षक गोली। अर्को तिरको आवाज - नरसंहार गर्ने गोली ! एउटै गोली, दुई पदवी। - प्रजातन्त्रको रक्षक गोली ! अनि नरसंहारक गोली !

आम मानिस चाहिं के भनी रहेछन् ? अन्तिम पंक्तिका मानिस के भनी रहेछन् ? मन्त्रीजीका बिचारमा गोली जनताको रक्षाका लागि चल्छ, जनताको तन्त्रको रक्षाका लागि चल्छ। किनकि वहाँ "जनताको खुसीयालीका निम्ति समर्पित हुनु हुन्छ। वहाँ गोली चलाउन अनुमति दिनु हुन्छ, चलाउनेलाई स्यावासी पनि दिनु हुन्छ। र भन्नु हुन्छ। -"जनताकै लागि गोली चलाइयो।"

"आफ्नै हितका लागि" गोली खाने जनता चाहिं के भन्छन् ?-जनताको कुरो सुन्ने फुर्सद धेरैलाई छैन। अन्यत्र अर्थोक होला। नेपालमा त चुनाव आएपछि मात्र जनताको कुरो सुन्ने चलन छ। यहाँ प्रजातन्त्रका "पर्यायवाचीहरू" त्यसै गर्छन्।

फेरि गोली चल्यो। सरकारी प्रवक्ताले भने। -"आत्मरक्षाका लागि गोली चल्यो। प्रजातन्त्रको हितका लागि गोली चल्यो।" कस्को आत्मरक्षाका लागि ? जस्को हातमा बन्दूक छ उस्कै आत्मरक्षाका लागि। सरकारी दावी छ। -"अर्को पक्षबाट खतरनाक प्रहार भयो।" अर्को पक्षको भनाई छ। -"हामी त निहत्था थियौं।" गुलेली पनि थिएन उनीहरू संग। भएपनि गुलेलीबाट गोली चल्दैन। तर सरकारी प्रवक्ताको भनाइ आइरहेकै छ। -"जुलुसवालाहरूले गर्दा गोली चल्यो, बन्दवालाहरूले गर्दा गोली चल्यो।"

आखिर गोली चल्यो। निर्दोष नागरिकहरूले अनाहकमा दुःख पाए। तर नेताहरूले भाषणका निम्ति केही केही खुराक पनि पाए। र सरकारले त्यो भन्दा बढी पायो, राजनीति गर्ने वा राजनीति गर्ने माथि प्रहार गर्ने मौका पनि पायो।

त्यति सबै कुरो भएपछि पनि फेरि अर्को पल्ट गोली चल्यो। फेरि हड्तालको आव्हान भयो। सरकारको रेडियोबाट हड्तालालाई असहयोग गर्ने आव्हान पनि भयो।

भोलिपल्ट थुवै थरीका वीच सडकमा जम्काभेट भयो। प्रहरीको लाठी सकृय भयो। फेरि ढुंगा हानाहान पनि भयो। प्रदर्शनकारीहरूले प्रहरीमाथि ढुंगा बर्साए। अचम्म मान्ने कुरै होइन। नेपालका प्रहरीहरू ढुंगा हान्न पनि माहिर छन्। कति प्रहरीको तर्क छ, गोलीभन्दा त ढुंगा कम हानिकारक हुन्छ।

पहिले कुखुराको उत्पत्ति भयो कि, कुखुराको फुलको ? कति मानिसलाई यस्तो कुरामा वहस गर्न रमाइलो लाग्छ। कति मानिस यस्तो कुरोलाई बहस योग्य तथ्य सम्झन्छन्। तर नेपालमा बहस गर्नै नपर्ने तथ्य प्रायः देखिन्छ। -"प्रदर्शन हुन्छ, प्रहरी शक्ति त्यसलाई रोक्न खोज्छ। रोक्नकै लागि वल प्रयोग गर्छ र आक्रोशवश अर्को तिरबाट ढुंगाका वर्षा हुन्छ।"

कुरो त्यति हुन्छ। अनि रेडियोबाट फेरि सरकारवादी स्पष्टिकरण आउँछ। -"प्रहरीले आत्मरक्षाका लागि गोली चलायो।" सरकार ढुंगाबाट आत्मरक्षा गर्न गोली चलाउँछ। प्रदर्शनकारी लाठी र गोलीबाट जोगिन ढुंगा हान्छन। र सरकार फेरी आफ्नो रक्षाकै लागि रेडियोलाई चिच्याउन लगाउँछ। घाँटी फाटुन्जेल रेडियो चिच्याउँछ। टेलीभिजनले त्यसै गर्छ। गोरखापत्र त्यस्तै त्यस्तै खालको काम गर्छ।

प्रजातन्त्र आयो। र निर्वाचित सरकारको युग शुरू भयो। सरकारले सधैं आफूलाई भन्न थाल्यो। -"जननिर्वाचित।" अरू सबै त ठीकै थियो। तर सरकारले ठान्यो। -"जननिर्वाचित नै भई सकेपछि फेरि के खाँचो जनताकै कुरो सुन्ने ?"

हिजो मात्र सत्तापक्षीय नेताले मानवअधिकार गोष्ठीको उद्घाटन गरेका थिए। आज प्रतिपक्षी नेताले प्रश्न गरे। -"अस्ति भर्खरको गोली काण्ड चाहिं वहाँको मानवअधिकार भित्र पर्छ कि पर्दैन ?" सत्ताधारी नेताले फेरि मानवअधिकारका बारेमा बोलेनन्। बरू भने -"विपक्षीहरूको कचकचले गर्दा देश विकासमा वाधा तेर्सियो।"

यिनीहरू अहिले सत्तापक्ष र विपक्षमा विभाजित छन्। तर छयालीसको आन्दोलनमा एक थिए। दुवैले भनेका थिए। -"भोलि जसको सरकार बने पनि विपक्षको कदर गर्ने परिपाटी हुनेछ।" उहिलेका कुरा खुइलिए। अबको चाँजो अलि बेग्लै छ।

विपक्षीहरू प्रजातन्त्रकै उपभोग गर्दै जुलुस निकाल्छन्। सरकार "प्रजातन्त्रकै रक्षाका लागि" गोली चलाउँछ। सरकार गोली चलाउँदा हरेक पल्ट जनताकै कुरा गर्दछ। हाम्रो सरकारसंग एउटा गर्व थियो। -"जननिर्वाचित सरकारको तक्मा।" सरकार आफैले त्यसलाई मिल्कायो। र सरकार आफैं भयो। -"काम चलाउ सरकार।" त्यति त बुझ्न सकिने कुरा हो। तर नबुझिने कुरो एउटा छ। -"जनताकै हितका लागि गोली चलाउने" सरकार किन आफैं जनता सामु जान सक्दैन ? "जनताको सरकारको" आत्मरक्षा गर्ने साधन गोली! सरकार किन जनतामाझ भन्न सक्दैन। -"निर्णय जनताले नै गरून्।" बन्दबाट वाक्क लागे जनता आफैंले भन्नेछन्। -"आज नेपाल खुला गरौं।"

तर सरकारसंग जनताको अदालतमा उपस्थित हुने हिम्मत छैन। त्यसैले सरकारको ज्यादती मात्र देखा पर्दछ। सरकारसंग केही सकारात्मक कुरो छ भने पनि छोपिन्छ। किनकि गुलेलीबाट गोली चल्दैन। गोली चलाउन बन्दुक नै चाहिन्छ। र बन्दुक सरकारसंग छ। गोली मानवताको संहारक हो। र त्यो चिज पनि सरकारसंग मात्र छ।

अंशैबण्डा गर्ने हो भने पनि यो देशका एक करोड
टुक्राहरुमध्ये एउटा टुक्रामाथि
मेरो पनि छाप्रो हुनेछ
र यो देशका असंख्य बगरहरुमध्ये एउटा
बगरमाथि
मेरो पनि चिता हुनेछ
– स्व. भूपि शेरचन

यो देश उनीहरुको पनि हो

देशका कैलाली, कञ्चनपुर र बर्दिया लगायत विभिन्न जिल्लाहरुमा रहेको कमैया प्रथा बाँधा श्रम प्रणालीकै एउटा रुप हो। मानवोचित जीवनबाट टाढा पारिएका कमैयाहरुमध्ये कतिपय चार पुस्तादेखि नै बाँधा रहेका छन्। ९८ प्रतिशतभन्दा बढी कमैयाहरु घरवारबिहीन छन्। ९६ प्रतिशतभन्दा ज्यादा कमैयाहरु निरक्षर बन्न बाध्य छन्। झण्डै २० प्रतिशत कमैयाहरु दीर्घ रोगबाट पीडित छन्।

प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको रक्षा गरौं।
बाँधा श्रम प्रणालीको अन्त्य गरौं!!

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पोष्ट बक्स नं. २७२६
कलंकी, स्युचाटार, काठमाडौं
फोनः २७०७७०, २७१५८७